# प्रयासको प्रयास

(सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकामा प्रयास दोस्रो परियोजनाद्वारा हासिल उपलब्धि र काम गराइका क्रममा प्राप्त केही सिकाइ)



CSRC
आत्मनिर्भर केन्द्र



अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम



विपदसम्बन्धी एकदिने अभिमुखीकरण

# प्रयासको प्रयास

(सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकामा प्रयास दोस्रो परियोजनाद्वारा हासिल उपलब्धि र काम गराइका क्रममा प्राप्त केही सिकाइ)

# प्रयासको प्रयास

**(सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकामा प्रयास दोस्रो परियोजनाद्वारा हासिल उपलब्धि र काम गराइका क्रममा प्राप्त केही सिकाइ)**


संयोजन : गोपालकृष्ण बस्नेत/परियोजना संयोजक

सम्पादन : रघुनाथ लामिछाने/पत्रकार

सल्लाह : जगत बस्नेत/जगत देउजा

सहयोग : अजीता रौनियार/वाङ्गेल लामा/जमुना न्यौपाने

तस्बिर : उपेन्द्र लामिछाने/आत्मनिर्भर केन्द्र

प्रकाशन मिति : २०७६ पुस

मुद्रक : प्रिन्ट प्वाइन्ट पब्लिसिङ

छापिएको प्रति : ५००


आवरण : इन्द्रावती गाउँपालिका वडा नं. ४ मा आयोजित विपद्सम्बन्धी नमूना अभ्यास कार्यक्रममा सहभागी क्याडे्र तालिमप्राप्त स्वयंसेवकहरू



*"This document covers humanitarian aid activities implemented with the financial assistance of the European Union. The views expressed herein should not be taken, in any way, to reflect the official opinion of the European Union, and the European Commission is not responsible for any use that may be made of the information it contains."*

'युरोपियन युनियनको सहयोगमा सञ्चालित मानवीय सहयोग गतिविधिहरूका बारेमा यस पुस्तिकामा उल्लेख छ । युरोपियन युनियनका आधिकारिक धारणाका रूपमा कुनै पनि किसिमले यहाँ व्यक्त विचारहरूलाई लिइने छैन । साथै त्यसबाट कुनै पनि सूचना तथा जानकारीको प्रयोगमा युरोपियन कमिसन जिम्मेवार हुने छैन ।'

# इन्द्रावती गाउँपालिका



'दिगो विकास र सुशासनको लहर, इन्द्रावती गाउँपालिकावासीको रहर'

स्थानीय सरकार

# इन्द्रावती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

प्रदेश नं. ३, नेपाल

# शुभकामना



नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी, हावाहुरी, चट्याङ, असिना, खडेरी, हिमताल विष्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मुलुक हो । जलवायु परिवर्तनका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पीकरण, प्रतिकार्य, पुनःस्थापना र पुनर्निर्माण तथा अनुकूलनको कार्यलाई विशेष महत्व दिनुपर्छ ।

इन्द्रावती गाउँपालिका नेपालको प्रदेश नं. ३ अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको ३ वटा नगरपालिका तथा ९ वटा गाउँपालिका गरी जम्मा १२ वटा स्थानीय तहमध्येको एक हो । साविकका ७ वटा गाउँ विकास समितिहरूलाई समेटेर बनेको इन्द्रावती गाउँपालिकामा १२ वटा वडा रहेका छन् । यस गाउँपलिका भूकम्प, बाढी र पहिरोको दृष्टिले उच्च जोखिममा रहेको छ । वि.सं. २०७२ सालको भूकम्पले यस गाउँपालिकामा पनि ठूलो धनजनको क्षति भयो । जंगली जनावरको आतंक, खडेरी, आगलागी, हुरीबतास, चट्याङ, महामारीजस्ता प्राकृतिक समस्याहरू यस समुदायका मानिसले भोग्दै आएका छन् । विपद्बाट हुने जनधनको क्षति कम गर्न तथा विपद् व्यवस्थानको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यस गाउँपालिकामा गाउँपालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति, वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिसमेत गठन गरी विपद् जोखिम न्यूनीकरणका लागि प्रयासहरू भइरहेका छन् ।

यस गाउँपालिकाको ६ वटा वडामा केएर नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सञ्चालन गरेको जीविकोपार्जन, पुनर्निर्माण र विपद् व्यवस्थापन प्रयास परियोजनाको माध्यमबाट समुदायका अति जोखिममा रहेका वर्गहरूलाई सहयोग गरेको थियो । जुन कामहरू प्रशंसनीय र उदाहरणीय छन् । यो पुस्तिकामा उल्लेख गरिएका सामग्रीहरू त्यसैको प्रमाणहरू हुन् । परियोजनाले समुदायमा पारेका सकारात्मक प्रभावहरूलाई निरन्तरता दिनका लागि गाउँपालिका प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छु ।

अन्तमा परियोजनाका माध्यमबाट गाउँपालिकामा भएका राम्रा कामहरूको अभिलेखन गरी सुरक्षित राख्ने प्रयास गर्नुभएकोमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC) प्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

**वंशलाल तामाङ**

अध्यक्ष

इन्द्रावती गाउँपालिका

# पुस्तिका किन ?

भूकम्प आइवरी गएको धेरै समय बित्दा पनि धेरैका निजी आवास बन्न सकेनन् । किन बनेनन् त ? प्रश्नले उत्तर अवश्य जन्माउँछ । थाहा भयो- कोही एकल महिला, कोही साह्रै वृद्ध, कोही अपाङ्गता भएका अनि कोहीचाहिँ चरम गरिबीबाट गुज्रिरहेकाले आएको किस्ता पनि कि उपचारमा कि छाक टार्नमा खर्चिनुपरेका कारण घर नबनेका रहेछन् । के अब यिनलाई त्यत्तिकै आवासविहीन अवस्थामै छाडिदिने त ? अहं... हुँदैन । मनले मानेन । त्यसैले सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकाका छानिएका वडामा यस्तै असहायहरूको घर पुनर्निर्माणमा लागियो ।

घर बाँच्नका लागि अत्यावश्यक चिज पक्कै हो । तर यसले खान दिँदैनथ्यो । जबकि भूकम्पले लाखौं परिवारको जीविका पनि ध्वस्त तुल्याएको थियो । त्यसैले यस्तै असहायहरूको जीविकोपार्जनमा पनि सहयोग गर्नैपर्ने अवस्था देखियो । चाहे त्यो निश्चित समयसम्मका लागि किन नहोस् ।

पुनर्निर्माण र जीविकोपार्जनसँग अन्तरसम्बन्धित थियो प्रकोप जोखिम न्यूनीकरण । त्यसैले कतिपय ठाउँमा घर बचाउन सपोर्टिङ वाल आवश्यक थियो भने कतिपय ठाउँमा कुलो बचाउन र सञ्चालन गर्न यस्ता वाल चाहिन्थ्यो । अनि प्रकोपअघि, प्रकोपका बेला र प्रकोपपछि अपनाउनुपर्ने ज्ञान पनि उपलब्ध गराउनु थियो ।

यी आवश्यकताका जगमा युरोपियन कमिशनको नागरिक संरक्षण तथा मानवीय सहायता बिभाग (इको) को आर्थिक सहयोगमा केयर नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले इन्द्रावती गाउँपालिकामा 'प्रयास दोस्रो' नामक परियोजना सञ्चालन गरेका हुन् । जसले पुनर्निर्माण, जीविकोपार्जन र प्रकोप जोखिम न्यूनीकरणलाई समानान्तर तवरमा अघि बढाए । यिनीहरूको अन्तरसम्बन्ध बुझेर ।

यस क्रममा परियोजनाकै सहयोगमा ५४ वटा घर बने । १० वटा प्रकोप जोखिम न्यूनीकरणसँग सम्बन्धित साना अल्पीकरणका काम भए । ९८ जनालाई जीविकोपार्जनका लागि सहयोग गरियो । ८ वटा समुदायमा आकस्मिक कोष खडा भएको छ । ४३ घरले पशु (बाख्रा र पाडा) बिमा गराएका छन् । ६ जना विद्यालय जान छाडेका बालबालिका पुनः विद्यालय जान थालेका छन् । स्थानीय स्तरमा भएका बैङ्क, वित्तीय संस्था, बिमा कम्पनी, क्रसर व्यवसायी, होटल तथा पसल व्यवसायी र पालिकामा भएका अन्य सङ्घ/संस्थाको सहयोगमा साना अल्पीकरण तथा समुदाय सचेतीकरण कार्यक्रम सञ्चालन गरेको छ । पालिका र वडा कार्यालय तथा विभिन्न निकायबाट विभिन्न कामका लागि ११ लाख रुपियाँ बराबरको स्रोत ल्याएका छन् ।

२०१८ को अक्टोबरदेखि २०१९ को डिसेम्बरसम्म इन्द्रावती गाउँपालिकाको वडा नं. १,२,३,४,११ र १२ मा सञ्चालित यो परियोजनाले ६ वटा छलफल केन्द्र (रिफ्लेक्ट कक्षा) पनि सञ्चालन गरेको थियो । जसका माध्यमबाट सिङ्गो गाउँलेलाई अधिकार र कर्तव्यप्रति सचेत गराउनेमात्र हैन, विभिन्न निकायसँग समन्वय बढाइ व्यक्ति र समुदायलाई उत्थानशीलताको बाटोमा अग्रसरता गराउने उद्देश्य पनि थियो ।

यो पुस्तिका यिनै कामका त्यस्ता प्रतिनिधिमूलक प्रमाण हुन् जसमा वास्तविकता लाभग्राही आफैंले बताएका छन् । तस्बिरहरूले उनीहरूको भनाइलाई पुष्टि गरेका छन् भने जनप्रतिनिधि, शिक्षक, परियोजनाका कर्मचारी आदिले देख्ने/सुन्ने साक्षीको भूमिका निर्वाह गरेका छन् । एकातिर राम्रो काम गर्नेलाई सबैसामु उजागर गर्ने र अर्कोतर्फ अरुलाई पनि यस्तो परोपकारी काम गर्न हौसला मिलोस् भन्ने अपेक्षा नै यो पुस्तिका प्रकाशनको एकमात्र उद्देश्य हो ।

पुस्तिका तयारीदेखि प्रकाशनसम्मका लागि सहयोग गर्ने सबै धन्यवादका पात्र छन् ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

# प्रयासको प्रयास

प्रसिद्ध भनाइ छ- 'समाज बदल्नु छ भने सुरुवात आफैँबाट गर्नुपर्छ ।' यही मूल मन्त्रका साथ सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकामा सुरु गरिएको थियो प्रयास परियोजना । जुलाइ २०१८ मा सम्झौता भई अक्टोबरबाट सुरु गरिएको यो परियोजनाको मुख्य उद्देश्य २०७२ को भूकम्पबाट प्रभावितलाई सहयोग पुऱ्याउनु थियो । अर्थात पुनर्लाभको चरणमा फर्कन नसकेका इन्द्रावती गाउँपालिकाका बासिन्दालाई पुनर्निर्माणका साथै जीविकोपार्जनमा सहयोग गरी पुनर्लाभको चरणमा फर्काउनु यसको मुख्य कार्यभार थियो । त्यतिमात्र हैन, आगामी दिनमा आउन सक्ने विपद्को पूर्वतयारीमा जोड दिनुलाई पनि यसले प्राथमिकतामा राखेको थियो । यसरी समग्रमा भन्दा 'पहिलेको भन्दा बलियो र दिगो पुनर्निर्माणका साथै जीविकोपार्जनमा सहयोगद्वारा विपद् उत्थानशील समुदाय निर्माण गर्नु' यो परियोजनाले देखेको मुख्य सपना थियो ।

सबैलाई थाहा भएकै कुरा हो कि २०७२ को भूकम्पमा सबैभन्दा बढी प्रभावित हुने जिल्ला बन्यो सिन्धुपाल्चोक । यही जिल्लाको इन्द्रावती गाउँपालिका पनि त्यसको असरबाट अछूतो रहने कुरै भएन । त्यसैले परियोजनाको प्राथमिकतामा परेको इन्द्रावतीका भूकम्पपीडितलाई पहिलेकै चरणमा फर्काउने अठोटका साथ प्रयासले प्रयास सुरु गऱ्यो । यो गाउँपालिकाको वडा नं. ४, ११ र १२ लाई मुख्य कार्यक्षेत्र बनाइ काम सुरु गरिए पनि वडा नं. १, २ र ३ मा पनि पुनर्निर्माण र जीविकोपार्जनमा सहयोग पुऱ्याइँदै आएको छ । खासगरी समुदायका अति विपन्न, एकल महिला र पुरुष, ज्येष्ठ नागरिक, अपाङ्गता भएका परिवारलाई विशेष प्राथमिकता दिनु परियोजनाको विशेषता हो ।

इन्द्रावती गाउँपालिकाको भीमटार सिन्धुपाल्चोकको तराई भनेर चिनिन्छ । ऊर्वर माटो र तातो हावापानी भएकाले धान, तोरी, मकै, तील र मास राम्रो उत्पादन हुन्छ । भीमटारको मास काठमाडौँलगायत टाढा टाढासमेत खोजिने उत्पादन बनेको छ । काठमाडौँबाट नजिकको दूरीमा रहेको भीमटार सडक सञ्जालसँग पनि जोडिएको छ । यदि यहाँको जग्गालाई कृषि उत्पादनमा उपयुक्त ढङ्गले प्रयोग गर्ने हो भने सिङ्गो इन्द्रावती गाउँपालिकालाई तरकारी र फलफूलमा आत्मनिर्भर गराउनेमा शङ्का छैन ।

तर अव्यवस्थित पुनर्निर्माण, जग्गाको अति खण्डीकरण र परनिर्भरतामा वृद्धि जस्ता कारण सबै जग्गा खेतीमा प्रयोग भएको छैन । इन्द्रावती नदीमा जथाभावी स्थापना गरिएका क्रसर व्यवसायले खेतीयोग्य जमिन विनाश गरिरहेको छ । साथै माथिल्लो भेगमा लगाइएको फलफूल र तरकारी बालीमा समेत क्रसरको धुलोले रोग र कीराको प्रकोप बढाएको छ । त्यसैले सम्भावना हुँदाहुँदै पनि परनिर्भरताको एउटा नमुना बनेको छ- वडा नम्बर १२ को भीमटार ।

२०७२ सालको भूकम्पले सरस्वती खोला सिँचाइ योजना पनि बाँकी राखेन । त्यसमा क्षति पुगेपछि स्थानीय समुदायले उक्त कुलो सफा गर्ने हिम्मत गरेनन् । बरु २०० रोपनीभन्दा बढी जमिन बाँझै राख्न तयार भए । घरबास नै नभएको र त्यसैलाई प्राथमिकतामा राख्नुपर्ने बाध्यताका कारण यो सिँचाइमा ध्यान जान नसक्नु स्वाभाविकै पनि थियो ।

यसैबीच २०७५ मङ्सिरदेखि पाङ्गलटार समुदायमा प्रयास परियोजनाको सहयोगमा छलफल कक्षा सञ्चालन भयो । जहाँ आफ्नो गाउँठाउँका समस्याबारे छलफल हुन्थ्यो भने समाधानको उपाय पनि निकालिन्थ्यो । यसै क्रममा यो कुलोमा पुगेको क्षति र त्यसबाट परेको प्रभावबारे पनि लामै छलफल भयो । 'जहाँ इच्छा, त्यहाँ उपाय' भनेझैं समाधान पनि निकाले छलफल कक्षाकै सहभागीले । आखिर वडाको अगुवाइमा समुदायका सदस्य परिचालन भए । अनि करिब २ किलोमिटर कुलो सफाइ गरे । त्यसपछि त के चाहियो र ? 'आर्थिक वर्ष २०७५/७६ मा मात्र ५५ मुरीभन्दा बढी तोरी भित्र्याउन सफल भए स्थानीय किसान- भन्नुहुन्छ वडा सदस्य कृष्णबहादुर दनुवार ।

यो त एउटा उदाहरणमात्र हो प्रयासले गरेको प्रयासको । समुदायका पनि अति जोखिममा रहेका परिवार छनोट गर्ने, उनीहरूलाई पुनर्निर्माणलगायत इच्छाअनुसारको जीविकोपार्जनमा सहयोग गर्नु यो परियोजनाको अर्को विशेषता हो । समुदायलाई परियोजनाले परनिर्भर बनाए भन्ने गुनासो धेरैतिर सुनिने गरेको छ । तर प्रयासले भने परनिर्भर समुदायलाई आत्मनिर्भर बनाएको दृष्टान्त लाभग्राहीको अवस्थाले बोल्छ । यसकै ज्वलन्त उदाहारण हो वडा नं. ११ की कृष्णकुमारी दङ्गालको परिवार । कृष्णकुमारी भूकम्पपश्चात के गर्ने के नगर्ने भन्ने रनभुल्लमा थिइन् । जीवनप्रति नै निराशा उत्पन्न भएका बेला कृषि र उद्यममा ध्यान जाओस् पनि कसरी ? उनी पनि यसबाट अपवाद थिइनन् ।

जब उनको र प्रयासको भेट भयो, कृष्णकुमारीमा उत्साह जाग्यो- जे हुनु भइहाल्यो, आखिर चिन्ता गरेर बस्नुभन्दा केही गर्नु जाति । अनि परियोजनाले नै दिएको तालिममा बसिन् । उन्नततवरले तरकारी खेती गर्ने सिप सिकिन् । सिपमात्र हैन, तरकारीको बीउ र टनेलका लागि आवश्यक सामग्री पनि परियोजनाबाटै पाइन् ।

गर्नैपरेपछि किन थोरैतिनो गर्ने ? परियोजनाले उपलब्ध गराएको तरकारी र काँक्राको बीउमा आफूले पनि केही लगानी थपिन् । अनि काँक्रो, फर्सी, तीतेकरेलालगायत तरकारी लगाइन् । फल्न पनि यसरी फल्यो कि एकैपटकमा उनले ८० हजार रुपियाँभन्दा बढीको त काँक्रै बेचिन् । कृषि नै प्रमुख पेशा भएकी कृष्णकुमारी मात्र हैन, माछा मार्ने मुख्य पेशा भएकी चमेली माझीलाई समेत तरकारी व्यवासायले लोभ्यायो परियोजनाको तालिम र सहयोगपछि । भूकम्पमा श्रीमान् गुमाएकी उनले पहिलोपटकमै गोलभैंडामात्र ४० हजार रुपियाँभन्दा बढीको बिक्री गरिन् ।

समुदायमा अरुको मुख ताक्ने प्रवृत्ति हटाउन पनि सघाएको छ परियोजनाले । वर्षाको समयमा आउने भेल बाढीले असर गर्थ्यो सधैं । आइन्दा यस्तो असर नहोस् भन्ने उद्देश्यले अधिकारीटार समुदायका सदस्यहरूले ३५० मिटरको नाला व्यवस्थापन गरे । जसबाट करिब २५ घर सुरक्षित भएका छन् । वर्षाको भेलले क्षति पुऱ्याएको सिस्ने खोला सिँचाइ योजनासमेत सरसफाइ गरेका छन् । यसपछि नियमित सिँचाइको व्यवस्था भएकाले तरकारी उत्पादनतर्फ गाउँका किसान आकर्षित हुन पुगेका छन् । 'अधिकारीटारका बासिन्दा र प्रयासको सहयोगमा धेरै काम भएका छन् गाउँमा । आगामी दिनमा पनि आफैं जुटेर यस्ता सामाजिक काम गर्नुपर्छ भन्ने सिकाइ भएको छ'- अधिकारीटारका समाजसेवी पशुपति न्यौपाने बताउँछन् ।

प्रयासले परियोजनाका योजनाबद्ध क्रियाकलापलाई मात्र प्राथमिकता दिएको छैन । समुदाय परिवर्तन गर्नका लागि पनि अभियानका क्रियाकलाप सञ्चालन गर्दै आइरहेको छ । आफ्नो घर/आँगन सफा गरे समुदाय नै सफा रहन्छ भन्ने वास्तविकतालाई नाराकै रूपमा अघि सारिएको छ । साथै 'एक घर : एक झटपट झोला', भाँडा सुकाउने चाङ निर्माणलगायतका अभियानलाई निरन्तरता दिँदै आएको छ । घरबाट निस्कने फोहोर

पानीलाई करेसाबारीमा प्रयोग गरी तरकारी उत्पादन गर्ने तरिका प्रबर्द्धन गरिएको छ । त्यतिमात्र हैन, समुदायमा विकृतिका रूपमा झाङ्गिएको 'हुकिङ गरी बिजुली बाल्ने' प्रवृत्तिलाई निरुत्साहित गर्ने उद्देश्यले अभियान नै थालिएको छ । उक्त अभियानपछि ३० भन्दा बढी परिवारले व्यवहारमा परिवर्तन ल्याएका छन् ।

समुदायमात्र हैन, सरकारी कर्मचारीसमेत पटकपटक सोध्ने गर्छन्- सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सञ्चालन गरेको प्रयास परियोजनाको मुख्य कामचाहिँ के हो ? यतिबेला माथिका दृष्टान्त आफैँ उत्तर बनेर उपस्थित हुने गरेका छन्- प्रयास त्यस्तो अभियान हो जसले विशुद्ध सामाजिक काम गर्छ ।

समुदायमा अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण घुम्ती सेवा सञ्चालन गर्न सघायो प्रयासले । ५ वर्षदेखि मोतिविन्दुका कारण आँखा नदेख्ने भएका दम्पतीको शल्यक्रिया गराउने वातावरण मिलाएर आँखाको ज्योति फर्काउनेसम्मको काम गरेको छ प्रयासले । यस्ता धेरै प्रयास छन् प्रयासका जसलाई सानोतिनो लेखमा पूरै उतार्न सम्भव छैन ।

भूकम्पपछि निरन्तरता दिन नसकेको तरकारी व्यवसाय, भत्किएको घर पुनर्निर्माण गर्न नसकेका एकल महिला, ज्येष्ठ नागरिकको घर पुनर्निर्माण, समुदाय र परिवारप्रतिको उत्तरदायित्व, समुदायले बिर्सिएका एकताको भावना ब्युँताउने जस्ता प्रयास जारी राखेको छ प्रयासले । त्यसैले प्रयास एक पृथक र नवीन सोचले युक्त परियोजना सावित भएको छ । जसलाई पुष्टि गर्ने दर्जनौँ आधार भेटिन्छन् कार्यक्षेत्र घुम्दै जाँदा । यसमा उल्लिखित पात्र, कर्म र कथा/व्यथा त 'ट्रेलर' मात्र हुन् ।

**गोपालकृष्ण बस्नेत**
परियोजना संयोजक

# प्रशंसनीय छ प्रयासको प्रयास



भूकम्पबाट प्रभावित सीमान्तकृत समुदायका लागि काम गरिरहेको प्रयास दोस्रोको काम प्रशंसनीय छ । अझ खासगरी बोड्गाउँका माझी समुदायको पुनर्निर्माण, जीविकोपोर्जन र प्रकोप जोखिम न्यूनीकरणमा पुऱ्याइरहेको योगदान निकै गजबको छ । यो परियोजनाले गाउँमा सञ्चालन गरेको छलफल केन्द्रका कारण बस्तीको सरसफाइ, चेतना आदिका पक्षमा निकै राम्रो प्रगति भएको छ । यो परियोजनाले वडा कार्यालयसँग समन्वय गरेर काम गर्नु निकै राम्रो पक्ष हो ।

३ प्रतिशत माझीलाई पनि आफ्नो उत्पादनले खान पुग्दैन । माछा मारेर खान्थे त्यो पेशा पनि क्रसर उद्योगीले सिध्याइदिए । न घट्ट चल्छ न त डुङ्गा खियाउने काम नै बाँकी रह्यो । यस्तो अवस्थाले माझी समुदायलाई सङ्कटमा पुऱ्याएका बेला प्रयास दोस्रोले थोरै भए पनि घाउमा मलम लगाएको महसुस भएको छ । त्यसैले पनि मलाई यसका काम मन परेको हो । यस्तो सीमान्तकृतको हितमा काम गर्ने परियोजना अझै केही समयका लागि आवश्यक छ । यसलाई निरन्तरता दिनुपर्छ ।

**मने माझी**
वडा अध्यक्ष, इन्द्रावती गाउँपालिका-११

# विषयसूची


१. **साना अल्पीकरणका ठूला काम** १

- कुलोले ल्याएको खुसी ६
- ८७ हजारको काँक्रो ९

२. **रिफ्लेक्टको तागत** ११

- आँखा खोल्यो छलफल केन्द्रले १६
- म पनि जान थालेँ पढ्न १६
- आपत्कालीन कोष पनि १७
- धोको : आत्मनिर्भर बन्ने १८
- फेरिइन् कविता १९

३. **बन्यो घर, पूरा भयो रहर** २१

- यसरी बन्यो मेरो घर २२
- आँखा खुल्यो मेरो पनि २३
- पूरा भयो घर बनाउने धोको २४
- आनन्दले जाने भो सास २६

४. **मानवीय सेवा** २७

- बूढेसकाल सहज हुने आशा ३१
- राहत भयो जीवनमा ३३

५. **सिँचाइ कुलोले फर्काएको सामाजिक सद्भाव** ३५

- अबचाहिँ ढुक्क छु ३८

| | | |
|---|---|---|
| ६. | **क्षमता र आवश्यकता स्वीकारौँ** | ४० |
| | ● सबैभन्दा ठूलो आँट रैछ | ४४ |
| | ● बूढेसकालको रहरलाग्दो मेहनत | ४५ |
| | ● उमेरअनुसारको काम | ४६ |
| | ● ब्युँत्यो मरेको कल्पना | ४७ |
| ७. | **अशक्त र असहायको सारथि** | ४८ |
| | ● नानीमैयाको पुनर्जीवन | ५० |
| | ● हृष्टपुष्ट चाउरीको कथा | ५२ |
| | ● मन भुलाउने बाटो | ५४ |
| | ● असहायको साथी प्रयास | ५४ |
| | ● हेरौँ, अब केही हुन्छ कि ? | ५६ |
| | ● फुर्सद सदुपयोगको परिणाम | ५७ |
| | ● काम गर्ने चाह | ५८ |
| ८. | **युवालाई सिप** | ६० |
| | ● म पनि तरकारी खेतीमा | ६२ |
| | ● काँक्राको घर | ६३ |
| | ● मिल्यो आम्दानीको बाटो | ६५ |
| | ● मेहनत गरे हुँदोरहेछ | ६५ |
| ९. | **फेरिँदै बोड गाउँ** | ६६ |
| १०. | **अब म पनि नागरिक** | ६८ |

# साना अल्पीकरणका ठूला काम


जमुना न्यौपाने

> स्थानीयले भोग्नुपरेका कठिनाइ केलाउँदा भोलिका दिनमा स्वस्थ जनशक्तिको अभाव, भोकमरीलगायत समस्या विकराल हुने देखियो ।

विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरणको धारणा नेपालमा २०३९ सालदेखि नै चल्तीमा भएता पनि यसले बृहत् छलफलको माहोल त्यतिबेला बनायो जब २०७२ सालको भूकम्पले नेपाल हल्लायो र ठूलो मात्रामा धन/जन क्षति गऱ्यो । फलस्वरूप नेपालमा धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा नेपाल सरकारसँग मिलेर काम गरे । अझै पनि गरिरहेका छन् । त्यसैको एक उदाहारण हो- प्रयास ।

प्रयास परियोजना विपद् जोखिम न्यूनीकरणमा एक उदाहारणीय प्रयास बनाउने हाम्रो अभियान हो । यो परियोजनाको माध्यमबाट समुदायमा विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरणका लागि पहल गर्न आवश्यक थियो र छ पनि । समुदायमा समस्याका रूपमा रहेका तर सम्बन्धित निकायको ध्यान नपुगेका विषयहरू उठान गर्नु र त्यसको समाधान गर्न पहल गर्नु यसको मुख्य उद्देश्य थियो । समुदायको आवश्यकताअनुसार साना अल्पीकरणको कामका माध्यमबाट भोलिका दिनमा आउन सक्ने सम्भावित मानवीय तथा आर्थिक जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्नु परियोजनाको एक प्रमुख उद्देश्य थियो ।

पालिका र वडा तहमा विपद् तथा जलवायु उत्थानशील समिति गठन गरी विपद् जोखिम न्यूनीकरण तथा विपद् सुशासनको काम थालनी गरियो । समितिको काम, कर्तव्य र जिम्मेवारीअनुसार उनीहरूको सन्निकट बसेर प्रयासले आफ्नो प्रयास थालनी गऱ्यो । समुदाय तथा पालिका स्तरमा सञ्चालन गरिने सबै क्रियाकलाप उक्त समितिसँग छलफल र समन्वय गरी सञ्चालन गरियो । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा समावेश साना अल्पीकरणका योजनामध्ये प्राथमिकताका आधारमा परियोजनाले इन्द्रावती गाउँपालिकाका ३ वटा वडामा फरक फरक प्रकृतिका साना अल्पीकरणका काम सम्पन्न गऱ्यो ।

विपद् भनेको भूकम्प, पहिरो, बाढीमात्र हो भन्ने हामी सबैको बुझाइलाई परिवर्तन गर्नु प्रयासको पहिलो चुनौती थियो । उक्त चुनौतीलाई विपद् निम्त्याउने कारक तत्वहरूको विश्लेषण गरी बृहत्

छलफलको माध्यमबाट समाधान गरियो। परियोजना सञ्चालित क्षेत्रमा सिँचाइ सुविधा र सुरक्षित पिउने पानीको अभाव प्रमुख समस्याका रूपमा देखियो। ती समस्याबाट स्थानीयले भोग्नुपरेका कठिनाइ केलाउँदा भोलिका दिनमा स्वस्थ जनशक्तिको अभाव, भोकमरीलगायत समस्या विकरालरूपमा देखिए। फलस्वरूप परियोजनाले साना अल्पीकरण योजनाअन्तर्गत पिउने पानी र सिँचाइमा समेत काम गर्ने निधो गर्‍यो।

इन्द्रावती गाउँपालिकाको भीमटारलाई अन्नको भण्डार भन्दा फरक पर्दैन। तातो हावापानी, मलिलो तथा ऊर्वर माटोका कारण यहाँ प्रशस्त अन्न तथा तरकारी बालीको सम्भावना छ। समुदायको आवश्यकता र विपद् व्यवस्थापन योजनामा तर्जुमा गरिएका अल्पीकरणका योजनामध्ये परियोजनाले तालिकामा उल्लेख भएका योजना सम्पन्न गरिसकेको छ। अल्पीकरणका लागि योजना छनोट त गरियो तर ती सबै योजना परियोजनाको बजेटले मात्र सम्भव

### प्रयास परियोजनाअन्तर्गत सम्पन्न भएका योजना

| क्र.सं. | सम्पन्न काम | काम गरेको स्थान | उपलब्धि |
|---|---|---|---|
| १ | ठूलीटार खानेपानी ट्याङ्की निर्माण | इन्द्रावती ११, ठूलीटार | १० घरले सुरक्षित पिउने पानीको प्रयोग गर्न पाएका |
| २ | जरेपानी सिँचाइ ट्याङ्की निर्माण | इन्द्रावती ११, जरेपानी | करिब १०० रोपनी जग्गामा सिँचाइ सुविधा पुगेको |
| ३ | न्यौपानेटार सिँचाइ कुलो निर्माण तथा मर्मत | इन्द्रावती ११, न्यौपानेटार | करिब ३०० रोपनी जग्गामा सिँचाइ सुविधा पुगी खेती गर्न थालेका |
| ४ | सरस्वतीखोला सिँचाइ कुलो निर्माण तथा मर्मत | इन्द्रावती १२, भीमटार | करिब २०० रोपनी जग्गामा सिँचाइ सुविधा पुगी खेती गर्न थालेका |
| ५ | ढोटार सिँचाइ पहिरो रोकथामका लागि रिटेन्सन वाल | इन्द्रावती १२, ढोटार | करिब ४०० रोपनी जग्गामा सिँचाइ सुविधा पुगेको र ४ वटा घरलाई पहिरोको जोखिमबाट जोगाएको |
| ६ | लाहुरेटोल पहिरो रोकथाम रिटेन्सन वाल | इन्द्रावती ४, लाहुरेटोल | १० वटा घरलाई पहिरोको सम्भावित जोखिमबाट जोगाएको |
| ७ | बन्छे पानीघाट खानेपानी ट्याङ्की निर्माण योजना | इन्द्रावती ४, बन्छे | १० घरले सुरक्षित पिउने पानी प्रयोग गर्न पाएको |
| ८ | जलेश्वर विद्यालयमा रेलिङ | इन्द्रावती ४, पाडामरुवा | करिब ६० जना विद्यार्थीलाई सम्भावित दुर्घटनाबाट सुरक्षित गराएको |

थिएन । त्यसैले पालिका, वडा र स्थानीय क्रसर व्यवसायीहरूसँग समन्वय गरी काम थालनी गरियो ।

लामो समयदेखि पानीका समस्या झेल्दै आएका ठूलीटारका बासिन्दालाई परियोजनाको थोरै लगानीमा उनीहरूकै श्रमदानले करिब २ हजार मिटरभन्दा टाढाको मुहानदेखि पानी सङ्कलन गरी सुरक्षित पानीको पहुँचमा पुऱ्याउन सहयोग गऱ्यो । स्थानीय चमेली माझी भन्नुहुन्छ- लामो समयदेखि हामी पानीको समस्या भोग्दै आएका थियौँ, बारम्बार वडा कार्यालयमा गएर अनुरोध गर्दा पनि हाम्रो समस्याको सुनुवाइ भएको थिएन तर प्रयास परियोजनाको पहलमा हामीले सुरक्षित पिउने पानीको सुविधा पाएका छौँ । त्यस्तै इन्द्रावती गाउँपालिका-११ का वडाअध्यक्ष मने माझी भन्नुहुन्छ- बारम्बर ठूलीटारबासीहरूले आफुलाई पिउने पानीको समस्याबारेमा जानकारी गराए तापनि खासै त्यस्तो समस्या छैन होला भनेर वास्ता गरेको थिइन जब प्रयासका साथीहरूसँग पानीको मुहानदेखि समुदायसम्मको अनुगमन गरेँ, त्यसपछि महसुस भयो कि समुदायको समस्या समुदायमा नै गएपछि मात्र बुझिँदोरहेछ ।

त्यस्तैगरी इन्द्रावती गाउँपालिका-१२ जरेपानीका कृषक हिउँदको समयमा ऊर्वर माटो प्रयोग गर्न नपाएकामा दुःखी थिए । पानीको मुहान बारीभन्दा तल्लो स्थानमा भएका कारण के गर्ने कसो गर्ने भन्ने अन्योल जरेपानीका कृषकमा थियो । त्यसैले उनीहरूलाई जीविकोपार्जनमा सहयोग पुगोस् भन्ने उद्देश्यले जरेपानी खोल्सामा १५ हजार लिटर पानी सङ्कलन गर्ने क्षमताको ट्याङ्की निर्माण गरियो र पानी तान्ने मोटरसमेत खरिद गरी हस्तान्तरण गरियो । ट्याङ्की खोल्सामा भएकाले त्यसलाई सुरक्षित बनाउने काम वडा कार्यालय र स्थानीय क्रसर व्यवासायीहरूको सहयोगमा सम्पन्न गरियो ।

भत्केको कुलो अनि सुकेको खेत बारी हेरेर बस्नुबाहेकको विकल्प थिएन अधिकारीटार र न्यौपानेटारका किसानसँग । कुलो त पुरानै थियो तर भूकम्पले कच्ची कुलोको सबैतिर चर्किएको थियो भने केही ठाउँमा भत्किएको पनि । स्थानीय र सिँचाइ उपभोक्ता समिति पनि अब कसरी काम अगाडि बढाउने होला भनी अलमलिएका समयमा प्रयासले बाटो देखाउने काम गऱ्यो भन्नुहुन्छ उपभोक्ता समितिका अध्यक्ष मधु अधिकारी । परियोजनाको २ लाख र वडाको ५ लाख रुपियाँ लगानीमा १३८ मिटर आरसिसी ढलान गरी कुलो निर्माण गरिएको छ भने पहिरोको जोखिम भएको स्थानमा पर्खाल लगाएर त्यसलाई बन्दिलो गर्ने कामसमेत गरिएको छ ।

२०७२ को भूकम्पपछि हिउँदको समयमा बारी बाँझै राख्ने चलन थियो इन्द्रावती गाउँपालिका-१२ भीमटारमा । भूकम्पपछिको पुनर्निर्माण गर्दा सिँचाइ कुलो मासिएको पत्तै भएनछ । व्यक्तिको बारीबाट ल्याएको कुलोको संरक्षण गर्नु सबैको दायित्व हो भन्ने भावना हराएको थियो त्यहाँ त्यो समयमा । फलस्वरूप सिँचाइ रोकियो । अनि बारी बाँझै हुने नै भयो । घरले मात्र होइन, सडकले समेत कुलोलाई असर गरेको थियो । सिँचाइ सुविधाले ऊर्वर माटोमा सुन फलाउने हुटहुटी र सामुदायिक सद्भाव फर्काउने चाहनाले काम सम्पन्न गरियो अनि बाकी ५०० रोपनी जग्गामा सिँचाइ सुविधा पुऱ्याइयो ।

भूकम्पले क्षति गरेको घर पुनर्निर्माणका लागि जग्गा खार्न डोजरको प्रयोग व्यापक भयो । इन्द्रावती गाउँपालिका-४ को लाहुरे टोल पनि यो समस्याबाट अछूतो रहन सकेन । अल्पकालीन फाइदा सोचेर गरेको कामले घरको निर्माण त सकियो तर बनेको घरमा सुरक्षित तरिकाले बस्ने इच्छामा माथिबाट खसेको पहिरोले तुषारापात गरिदियो । तल्लापट्टि बनेका ४ वटा घरमात्र होइन, माथितिरका ५ वटा घरलाई पनि पहिरोले तान्न सक्ने जोखिम बढ्यो । पहिरो खस्नेबित्तिकै त्यसको व्यवस्थापनका लागि पालिकामा निवेदन दिएको तर सुनुवाइ भने हुन नसकेको बताउनुहुन्छ स्थानीय चन्द्रबहादुर आचार्य । प्रयास परियोजनाको थोरै बजेटले मात्र

नपुग्ने भएकाले पालिकालाई अनुरोध गरी ५ लाख रुपियाँ विनियोजन गरियो । यसरी जम्मा ७ लाख २५ हजार रुपियाँको लागतमा काम सम्पन्न गरियो ।

बन्छे समुदाय इन्द्रावती गाउँपालिकाको वडा नं. ४ मा बस्छ । सिपाखोलाको किनारमा रहेको यो बस्ती सुगम स्थानमा भए पनि निकै दुर्गम लाग्छ त्यहाँ पुग्दा । स्थानीय सुन्दरी तामाङ बताउनुहुन्छ- हामीले बोलेको र हामीले गरेको माग त कसैले पनि सुन्दैन । त्यतिमात्र हैन, वडाबाट आउने सेवा/सुविधाबारे पनि खासै जानकारी हुँदैन । पिउने पानीको समस्या न्यूनीकरण गर्नका लागि पहिलेदेखि नै पहल गरेको भए तापनि सुनुवाइ नभएको बताउनुभयो स्थानीय सन्तबहादुर तामाङले । त्यही ठाउँमा सुन्दरी र सन्तबहादुरको पीडा सुनेर पुग्यो प्रयास । अव्यवस्थित पानीको मुहानबाट सिधै पानी लगेर पिएको देखेपछि हामीले सुन्दरीलाई प्रश्न गर्‍यौँ- यस्तो पानी पिएर तपाईँहरू कत्तिको बिरामी पर्नुभएको छ ? प्रतिउत्तरमा सुन्दरी भन्छिन्- रुघाले हामीलाई सधैँ माया गर्छ अनि पेट काट्ने समस्याले पनि । उनको समस्या समाधानको एउटै विकल्प थियो- पानीको मुहान व्यवस्थापन । बन्छे समुदायसँग छलफल गरी पानीको मुहान संरक्षणका साथै पानी सङ्कलन गर्ने ट्याङ्की निर्माण कार्य सम्पन्न गरियो ।

निजी स्रोतबाट सञ्चालित इन्द्रावती गाउँपालिका-४ को जलेश्वर आधारभूत विद्यालयमा करिब २०० विद्यार्थी अध्ययन गर्छन् । वर्षाको समयमा आउने भेलबाढी विद्यालयको प्राङ्गण हुँदै बग्छ । कक्षा कोठाअगाडि भएको अव्यवस्थित खोल्सामा विद्यार्थीहरू लडेर धेरै घाइते भएका छन् तर निजी स्रोतबाट विद्यालय सञ्चालन भएकाले कक्षा कोठालाई सुरक्षित बनाउने स्रोत आफूमा नरहेकाले हेरेर बस्नुबाहेकको विकल्प नभएको बताउनुहुन्छ प्रधानाध्यापक भीमसेन अधिकारी । यस्तो समस्या समाधान गर्नु परियोजनाको पनि जिम्मेवारी ठानी विपद् जोखिम न्यूनीकरणका लागि बृहत् विद्यालय भैपरी योजना तर्जुमा गरी सोही आधारमा करिब २० मिटर स्टिलको रेलिङ राख्ने काम सम्पन्न गरियो ।

## चुनौती

अल्पीकरणका काम सम्पन्न गर्ने क्रममा केही चुनौती पनि सामना गर्नुपर्‍यो । पर्याप्त बजेट परियोजनामा नहुँदा कामै रोक्नुपर्ने अवस्थामा पनि पुगियो । त्यस्तैगरी परियोजनामा प्राविधिक जनशक्तिको अभावले कामको गुणस्तरीयता र प्रभावकारितामा पनि समस्या देखिएको थियो । केही स्थानमा सामग्री ढुवानीमा समेत समस्या देखियो । परियोजनामा भएको थोरै आर्थिक स्रोत पनि ढुवानी खर्चमै सकिने हो कि भन्ने पिरलोसमेत उत्पन्न भयो । स्थानीय स्तरमा पिउने पानीमा काम गर्न सक्ने जनशक्ति अभावले काम समयमै अगाडि बढाउन सकिएको थिएन ।

यस्तो अवस्थामा स्थानीय क्रसर व्यवसायी, वडा कार्यालय र पालिका कार्यालयसँग समन्वय गरी बजेट व्यवस्थापन गरियो । पालिका र वडाले साना अल्पीकरणका लागि १० लाख रुपियाँ विनियोजन गरे भने स्थानीय क्रसर व्यवसायीले ५० हजार बराबरको सामग्री सहयोग गरेका थिए । परियोजनामा प्राविधिक कर्मचारी नभएका कारण साना अल्पीकरणका कामको लागत अनुमान गर्न र डिजाइन तयार गर्नसमेत समस्या भएको थियो ।

पालिकाका प्राविधिक कर्मचारीहरूको सहयोगमा कामलाई मूर्त रूप दिइयो तर इस्टिमेटका आधारमा मात्र । ढुवानीबाट बढ्ने आर्थिक भार कम गर्नका लागि न्यौपानेटार सिँचाइ निर्माण गर्ने समयमा लठ्ठा बनाइ सामान ढुवानी गरिएको थियो । सामग्री बोकेर ढुवानी गरेको भए ६० हजार रुपियाँभन्दा बढी लाग्थ्यो जबकि ५ हजारको लठ्ठाले यति धेरै खर्च जोगायो भन्नुहुन्छ ठेकेदार झिल्कबहादुर दनुवार ।

## सिकाइ

काम गर्दै जाँदा प्राप्त भएका सिकाइ जीवनको अनन्तकालसम्म पनि सम्झनलायक हुन्छ। सामूहिक पहलले नै कामलाई सफल बनाउने रहेछ भन्ने मुख्य सिकाइ अल्पीकरणका कामबाट पाएका छौँ। स्थानीय व्यापार व्यवसायीहरू, वडा कार्यालय र पालिका कार्यालयसँगको समन्वयमा स्थानीयलाई अग्रसर बनाइ अघि बढ्यो भने कामको प्रभावकारिता बढ्ने रहेछ। ढोटारका कमल माझी बताउनुहुन्छ- भूकम्पले घर भत्कायो, सरकारको अनुदान रकमले बनाएको घर पनि सिँचाइ कुलोमा आएको बाढीले भत्कायो। यसरी पीडामाथि पीडा थपिएका बेला प्रयास परियोजनाको पहलमा घर निर्माणका लागि १० हजार नगद र १० बोरा सिमेन्ट वडाले सहयोग गर्‍यो। सिँचाइ कुलो र त्यो भन्दा माथि बनेको मेरो घर जोगाउन पालिका, वडा, स्थानीय क्रसर व्यवसायी र परियोजनाले सहयोग गरेका छन्, जुन सामूहिक प्रयासले सफल भएको हो।

त्यस्तैगरी योजनाको लागत कम गर्न वैकल्पिक विषयहरूमा समेत ध्यान दिनुपर्ने रहेछ। यसको दृष्टान्त न्यौपानेटारको कुलो निर्माणमा सामग्री ढुवानी गर्दा प्रयोग गरिएको लठ्ठालाई लिन सकिन्छ। कामलाई पारदर्शी र मितव्ययी तरिकाले सम्पन्न गरेमा सबैको विश्वास जित्न पनि सकिँदोरहेछ। बन्छे खानेपानी योजना र न्यौपानेटार सिँचाइ कुलो निर्माणका क्रममा रकम हिनामिना भयो भनी उपभोक्ता समिति र परियोजनाका कर्मचारीलाई लागेको आरोप खण्डन गर्न परियोजनाले राखेको हिसावको विवरण र ठेकेदारलाई गरिएको अभिमुखीकरणले सहज बनायो। तसर्थ कुनै काम सुरु गर्नुभन्दा पहिले उपभोक्ता समिति र काम जिम्मा लिएको ठेकेदारलाई सँगै राखी योजनाका विषयमा अभिमुखीकरण गरिएमा साँच्चिकै प्रभावकारी र जोखिम हस्तान्तरण हुने रहेछ।

बाहिरी आवरणमा देखिने प्रकोप भन्दा त्यसको मूल कारण अध्ययन गरेर गरिने साना अल्पीकरणका कामले समुदायलाई राहत पुर्‍याउने रहेछ। यसको ज्वलन्त उदाहरण हो- बन्छे खानेपानी योजना र ठूलीटार खानेपानी योजना। दुवै योजना सरसर्ती हेर्दा प्रकोप र विपद् भन्दा बाहिर रहेर काम गरेको जस्तो लाग्छ तर त्यसको मूल कारणमा छिर्ने हो भने दूषित पिउने पानीका कारण स्वास्थ्यमा आएको विपद्ले उसको दैनिकी र जीवनस्तरमा पारेको प्रभाव कम गर्न पक्कै सहज भएको छ। बन्छेकी कान्छी तामाङ सुनाउनुहुन्छ- हामी महिलालाई सबैभन्दा ठूलो विपद् त पानीको समस्याले ल्याएको थियो, समयमा पानी जोहो गर्न नसक्दा हामीलाई कामको बोझ बढेको थियो भने दूषित पानीले स्वास्थ्यमा समेत असर गरेको थियो। अहिले पानीको मुहान संरक्षण र पानी जम्मा गर्ने ट्याङ्कीसमेत निर्माण भएपछि भने खासगरी महिलालाई धेरै सजिलो भएको छ। समुदायमा विपद्का स्वरूप फरक फरक भेटिन्छन् त्यसलाई आत्मसात गरी त्यसको न्यूनीकरण तथा व्यवस्थापनमा हामी सबै जुटेर लागिपर्नु पर्दोरहेछ।

## सुझाव

समुदायमा हामी जोकोहीले साना अल्पीकरणलगायतका काम सञ्चालन गर्दा पालिका, वडा, समुदाय र स्थानीय व्यापारी/व्यवसायीसँग छलफल र समन्वय गरी गर्नुपर्ने रहेछ। कामलाई पारदर्शी, मितव्ययी र प्रभावकारी तरिकाले सञ्चालन गर्नका लागि निरन्तर अनुगमन गरी परामर्श प्रदान गर्ने बानी विकास गर्नुपर्छ। काममा खोट देखाउने बानीभन्दा पनि समाधानसहितको परामर्शले काम गर्ने व्यक्तिलाई ऊर्जा मिल्दोरहेछ। कामको प्रकृतिअनुसार काम गर्ने जनशक्ति व्यवस्थापन गर्दा काममा गुणस्तरीयता कायम गर्न सजिलो हुन्छ भने परियोजनाको लागत घटाउन पनि मद्दत पुग्छ।

फिल्ड अधिकृत

# कुलोले ल्याएको खुसी



निर्माणपश्चात सुचारु न्यौपानेटारको कुलो

गर्मी मौसममा तापक्रम ४०-४२ डिग्रीसम्म पुग्ने भीमटार सेरोफेरोमा तरकारी बाली लगाएर यसबाट आम्दानी लिनु पक्कै सजिलो कुरा हैन । अझ त्यसमाथि सिँचाइको सुविधा नै नभएकाले व्यावसायिक तरकारी खेती यहाँका बासिन्दाका लागि परिकल्पनाभन्दा बाहिरको विषय थियो । भूकम्पबाट प्रभावित स्थानीयलाई जीविकोपार्जनमा सघाउने उद्देश्यले इन्द्रावती पुगेको प्रयास दोस्रोसामु यो विषय निकै चुनौतीपूर्ण रह्यो ।

जीविकोपार्जनमा सघाउने एउटा मुख्य उपाय तरकारी खेतीका लागि सहयोग गर्नु थियो तर पानी नै नभएपछि तरकारी उत्पादन हुन्छ कसरी ? परियोजनाअगाडि नमज्जासँग तेर्सियो यो प्रश्न ।

त्यसपछि परियोजनाले पानी अभाव टार्ने उपायहरू सोच्न थाल्यो । यस क्रममा स्थानीय किसानसँग छलफल भयो । वडा कार्यालयसँग समन्वय गर्न थाले कर्मचारीले । एकप्रकारले किसान र जनप्रतिनिधिबीच

समन्वय गराउने सेतु पनि बने कर्मचारी । यसै क्रममा सम्भाव्य उपायहरू खोजी भयो । यसरी उपाय खोज्ने क्रममा फेला पऱ्यो- न्यौपानेटारको कुलो पुनर्निर्माण गर्ने काम । कुलो त पुरानै थियो । तर भूकम्पले ठाउँ ठाउँमा चर्काइदिएको/भत्काइदिएका कारण सञ्चालनमा थिएन । किसान आफैँसँग पुनर्निर्माणका लागि पैसा थिएन । जबकि यो श्रमदानले मात्र पुनर्निर्माण हुनेखालको क्षति थिएन । त्यसैले खेती हुन सक्ने एउटा सम्भावना टुलुटुलु हेरेर बस्न बाध्य थिए यहाँका बासिन्दा । स्थानीय शिक्षक पशुपति न्यौपाने भन्छन्- यो कुलो बनाउन सकिए यहाँका धेरै बासिन्दाको जीवनस्तर सहज हुने हामीलाई थाहा थियो तर के गर्ने, हामीसँग यो पुनर्निर्माण गर्न लाग्ने पुँजी जुटाउन सक्ने सामर्थ्य थिएन । त्यसैले चूपचाप बस्नुको विकल्पै थिएन ।

त्यसपछि प्रयास दोस्रोकै पहलमा यो कुलो पुनर्निर्माण गर्नेबारे स्थानीयतवरमा छलफल भयो । न्यौपानेटार

**जीविकोपार्जनमा सघाउने एउटा मुख्य उपाय तरकारी खेतीका लागि सहयोग गर्नु थियो तर पानी नै नभएपछि तरकारी उत्पादन हुन्छ कसरी ? परियोजनाअगाडि नमज्जासँग तेर्सियो यो प्रश्न ।**



सिंचाइ सुविधा पुगेपछि बारीमा लगाइएको तोरी

सिँचाइ योजना नामको यो कुलो निर्माणका लागि प्रयास दोस्रोले २ लाख रुपियाँ हाल्ने भयो भने यही परियोजनाको पहल र सक्रियतामा वडा कार्यालयबाट ५ लाख रुपियाँ स्वीकृत गराइयो । प्रयास दोस्रोकी फिल्ड अफिसर जमुना न्यौपाने भन्छिन्- हाम्रो पहल र स्थानीय किसानको सक्रियतामा कुलो निर्माण भयो जसमा वडा कार्यालयले निकै राम्रो र प्रशंसनीय सहयोग उपलब्ध गरायो ।

करिब ३ किलोमिटर लामो यो कुलो सिस्ने खोलाको पानी बोकेर किसानका खेत खेत कुद्छ यतिखेर । तर यो अवस्था सजिलै निर्माण भएको भने हैन । यसका लागि एकदमै भीर र अप्ठेरो ठाउँमा आरसिसी ढलान गरिएको छ। निकै अनुभवी र समर्पित

**यतिखेर कलकल बग्ने कुलो हेरेर मख्ख पर्छन् न्यौपानेटारका किसान ।**

प्राविधिकहरूका कारणमात्र कुलो पुनर्निर्माण सम्भव भएको जमुनाको भनाइ छ। २-३ ठाउँमा गरेर १३८ मिटर आरसिसी ढलान गरिए पनि अझै केही ठाउँमा गर्न सकिए कुलो अझ पक्का हुने जमुना बताउँछिन् र भन्छिन्- यसका लागि पनि हामी हाम्रै स्थानीय सरकारसमक्ष प्रयास गरिरहेका छौं ।

यो कुलो पूर्णरूपमा पुनर्निर्माण भएपछि वर्षामा त आउने नै भइहाल्यो, हिउँदमा पनि पानी आइरहन्छ । त्यसैले करिब ४० हेक्टरमा सिँचाइ सुविधा पुग्ने भएकाले तरकारी तथा अन्य बालीनाली लगाउन सहज हुन्छ। इन्द्रावती नदी सतहभन्दा उचाइमा रहेको र निकै गर्मी ठाउँ भएकाले बालीनाली राम्रो हुने ठाउँमा पानी अभाव भएपछि कति उराठलाग्दो हुँदो हो ? तर यो कुलोले केही मात्रामा भए पनि यो उराठलाग्दो अवस्था न्यूनीकरण गरेको स्थानीय किसान कालिका दङ्गालको भनाइ छ ।

यो कुलो यसरी पुनर्निर्माण गरिएको छ कि हेर्ने जोकोही पनि दङ्गै पर्छ। सडकबाट निकै टाढा पर्छ कुलोको मुहान सिस्ने खोला । त्यो पनि ठाडो भिरमा। मुहानसम्म हिँडेरै जान त कठिन पर्छ भने सिमेन्ट, बालुवा, ढुङ्गा जस्ता निर्माण सामग्री बोकेर जानु त करिब करिब असम्भव । सामान लान पनि गाह्रो, नबनाइ भएको पनि छैन, परेन त फसाद ? केही दिन त कसरी सामान पुऱ्याउने यहाँ भन्ने प्रश्नमै अलमलिए स्थानीयहरू ।

भनिन्छ- जहाँ इच्छा, त्यहाँ उपाय। उपभोक्ता समितिका सदस्य, प्रयास दोस्रोका कर्मचारी, जनप्रतिनिधि, किसान र निर्माणमा संलग्न प्राविधिक सबैले निकै छलफल गरेपछि जुक्ति फुऱ्यो- लठ्ठा बाँधेर सामान ल्याउने । त्यो पनि सजिलो कहाँ थियो र ? बाटो भएको भीमटारपट्टिबाट जङ्गलको निकै गहिरो खोल्सो पार गरेर ल्याउनुपर्थ्यो । नभन्दै यस विषयमा जानकार प्राविधिकहरूले भरमग्दुर प्रयास गरे र निकै टाढाको दूरीमा पर्ने भीमटारपट्टिको दरिलो रुखमा लठ्ठा बाँधे, अनि त्यसैको सहारामा निर्माण सामग्री वारिपट्टि ल्याए ।

जहाँसम्म यस्तो सामान आउँथ्यो, त्यहाँबाट पनि निकै पर लानुपर्थ्यो बोकेर । तर पनि यी सबै कार्यमा प्राविधिकलगायत सबैले सक्दो सहयोग गरे। त्यसैको परिणाम हो- यतिखेर कलकल बग्ने कुलो हेरेर मख्ख पर्छन् न्यौपानेटारका किसान । परिश्रमको फल मीठो हुने भनाइ चरितार्थ भएको देखेर ।

त्यतिमात्र हैन, पोहोरको हिउँदमा बाँझो रहेको बारीमा यसपालि किसानहरू तोरी, गहुँ, आलु, तरकारी लगाउने तरखरमा देखिन्छन्। जसबाट किसानको प्रगतिमा राम्रै मद्दत पुग्ने देखिन्छ ।

# ८७ हजारको काँक्रो

गाउँभर पिउने पानीको समस्या । लुगा धुन र नुहाउनसमेत कन्जुस्याइँ गर्नुपर्थ्यो । यस्तो अवस्थामा सिँचाइका लागि पानी उपलब्ध हुने कुरै थिएन । त्यसैले आफ्नो जमिन भए पनि तरकारी खानसम्म धौ धौ पर्थ्यो कृष्णकुमारी दङ्गालको परिवारलाई । त्यही पनि भाँडा माझ्केको पानी खाल्डोमा जम्मा पार्थिन् र आफूलाई खानसम्म काँक्रो, फर्सी आदि उत्पादन गर्थिन् । बडो कठिन थियो उत्पादन ।

संयोगको कुरा हो, इन्द्रावती गाउँपालिकाको अधिकारीटारमा भूकम्पबाट प्रभावित परिवारलाई सघाउने उद्देश्यले प्रयास दोस्रो नामक परियोजना आइपुग्यो । यो परियोजनाले आर्थिक अवस्था कमजोर भएका तथा मेहनतीहरूलाई सघाउने क्रममा कृष्णकुमारी पनि छनोट भइन् ।

यसरी छनोट भएपछि उनले तरकारी खेतीसम्बन्धी आधुनिक तालिम पाइन् । जसबाट परम्परागत र आधुनिक खेती प्रणालीबीचको अन्तर थाहा पाइन् । तालिम सकिएपछि परियोजनाले नै बीउ पनि दियो । काँक्रो, करेला, भेडे खुर्सानी, पिरो खुर्सानी, टमाटर आदिको बीउसमेत पाएपछि उनी मख्ख भइन् अनि लगाइन् तालिममा सिकाएअनुसार ।

संयोग यस अर्थमा कि गाउँमा परियोजनाको प्रवेशसँगै कुलो पनि आयो । कृष्णकुमारी भन्छिन्- 'कुलो नआएको भए त जति तालिम र बीउ दिए पनि हाम्रो के लाग्थ्यो र ? धन्न प्रयास र कुलो सँगै आएछन् र हामीले भनेजसरी मन फुकाएर तरकारी लगाउन पायौँ ।' पानी उपलब्ध भएपछि त कृष्णकुमारी यति हौसिइन् कि तालिमपछि परियोजनाले नै दिएको बीउले चित्त नबुझेर आफैँ थपेरसमेत लगाइन् ।

त्यसपछि त के चाहियो र ? उनी आफैँले पनि अनुमान नगरेको फल्यो काँक्रो । गएको वैशाखदेखि जेठको आधाआधी अर्थात करिब डेढ महिनाको अवधिमा ८७ हजार रुपियाँको त काँक्रोमात्र बेचेको हिसाब सुनाउँछिन् उनी । त्यतिमात्र हो र ? यही अवधिमा गोलभेडा, घिरौँला, करेला, फर्सीसमेत गरेर अर्को ३३ हजार रुपियाँ पनि हात पारिछन् । यसरी छोटो अवधिमा करिब १ लाख २० हजार रुपियाँ आर्जन भएपछि कृष्णकुमारी अहिले तरकारी खेती गर्न यति हौसिएकी छिन् कि भनिसाध्य नै छैन ।

जमिन त आफ्नै थियो खान पुग्ने । त्यसमाथि पानी भयो । सिप भयो । बीउ भयो । यतिमात्र पनि हैन । प्राविधिकसमेत उपलब्ध गराइदियो तालिम दिने परियोजनाले नै । जसले नियमितरूपमा आएर खेती गरेको मिलेको छ कि छैन ?, रोग/कीराले सतायो कि ?, कुन औषधी कसरी र कति मात्रामा हाल्नुपर्छ जस्ता यावत् कुरा सिकाइरहे- सफलताको एउटा कारण यसरी व्यक्त गर्छिन् उनी ।

थोरै फलेको भए पो ? काँक्रो लिन काठमाडौँको कालीमाटीबाटै व्यापारी बोलाउनुपर्‍यो । त्यो पनि ठूलै व्यापारी । अझ गाडीसमेत झिकाइयो । काठमाडौँ बस्ने छोराले यो सबै चाँजोपाँजो मिलाए । नत्र यति ठूलो परिमाणमा फलेको काँक्रो न गाउँमा सबै बिक्न सम्भव थियो न त आफैँ खाएर र बाँडेर सकिने सम्भावना । बजारसँग सम्बन्ध भएपछि अब अरु बढी उत्पादन गर्न हौसला मिलेको उनको भनाइ छ ।

उनले काँक्रो र तरकारीबाट डेढ महिनाकै अवधिमा जति पैसा हात पारिन्, त्यो भनेको सरकारले घर बनाउने दिने अनुदानको एकतिहाइभन्दा बढी हो । यस अर्थमा यो पैसा कम हैन । के गरिन् त उनले



बिक्रीका लागि सङ्कलन गरिएको काँक्रोको साथमा कृष्णकुमारी

आफ्नो मेहनतको फल ? कृष्णकुमारी बेलिबिस्तार लगाउँछिन्- घर बनाउन समूहबाट ऋण लिएको थिएँ, केही त्यहाँ तिरेँ । अनि तरकारी खेती गर्न सजिलो होस् भनेर पार्टनरसिपमा एउटा ट्र्याक्टर लिएका छौँ । साथै एउटा भैँसी पनि किन्यौँ ।

घर बनाएको ऋण अझै चुक्ता भएको छैन । ३० हजार तिर्न बाँकी छ । तर पनि उनी चिन्तित भने देखिन्नन् । सजिलै भन्छिन्- 'गोलभेडा टन्न लगाएको छु, त्यही बेचेर तिर्ने हो ।' हो पनि, अहिले उनको आत्मविश्वास यति उचाइमा पुगेको छ कि हरेक कुरा मेहनतबाट सम्भव हुने रहेछ भन्ने निष्कर्षमा पुगेकी छिन् । अनि यसको श्रेयचाहिँ आफूलाई यस्तो बाटो देखाइदिएर सहयोग गरिदिने प्रयास दोस्रोका कर्मचारी/प्राविधिकलाई पनि दिन भुल्दिनन् ।

निकै गर्मी हुने, कहिल्यै ठूलो परिमाणमा नगरेको, बजार पनि टाढा भएकाले उनको गाउँमा तरकारी खेती पक्कै सहज काम थिएन । तर आफूलाई तालिम, बीउबिजन र प्राविधिक सहयोग तथा हौसलाले यो कठिन काममा सफलता दिलाएको उनले राम्रैसँग बुझेकी छिन् । अनि बढी फाइदाका लागि बेमौसमी तरकारीमा ध्यान दिनुपर्ने रहेछ भन्ने पनि मेसो पाएकी छिन् । त्यसैले त उनलाई मकै भाँच्न हतार हुन्छ ताकि काउली लगाएर दसैँमा निकाल्न पाइहालियोस् ।

# रिफ्लेक्टको तागत

इन्द्रावती गाउँपालिका ब्राह्मण, क्षेत्री, दनुवार, माझी र तामाङ जातजातिको मुख्य बसोबास भएको क्षेत्र हो । १२ वटा वडा रहेको यस गाउँपालिकामा तराईको गर्मीदेखि हिमालको चिसो सिरेटोसम्म महसुस गर्न सकिन्छ । अन्नको भण्डारदेखि जडीबुटीको भण्डारसम्मले यो गाउँपालिका सुसज्जित छ । त्यसैले यो फरक पनि छ अन्यको तुलनामा ।



बबिता नकर्मी

रिफ्लेक्ट केन्द्र सञ्चालनको मूल मर्म भनेको समुदायका अति जोखिममा रहेका व्यक्ति तथा परिवारको जीवनस्तर उकास्नका लागि समुदाय, वडा, पालिका, निजी क्षेत्र, बैङ्क तथा वित्तीय संस्था, बिमा कम्पनी र स्थानीय स्तरमा भएका अन्य सङ्घ/संस्थासम्म उनीहरूको पहुँच बढाइ व्यक्ति, परिवार र समुदायलाई उत्थानशीलतातिर अग्रसर गराउनु थियो । यही उद्देश्यलाई आत्मसात गरी अति विपन्न, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई समेटी इन्द्रावती गाउँपालिका-४ को पाडामरुवा र टाकुरे, ११ को बोडगाउँ र अधिकारीटार तथा १२ को भीमटार र ढोटार समुदायमा एक वर्ष (२०७५ को मङ्सिरदेखि २०७६ को मङ्सिरसम्म) रिफ्लेक्ट केन्द्र सञ्चालन गरिएको थियो ।

फरक-फरक समुदाय अनि फरक पृष्ठभूमिका समुदायमा चेतनाको स्तर अनि सेवाग्राही निकायसँगको पहुँचको अभाव । आम्दानी गर्न सके पनि बचत गर्ने बानीको विकास नभएका कारणले मानिसलाई विपद् पर्दा कठिनाइ भएको पाइन्छ । त्यसैगरी वडाबाट र अन्य सङ्घ/संस्थाबाट पाइने सुविधाबारे चासो नराख्ने हुँदा त्यसबाट पनि वञ्चित भएको पाइयो ।

> रिफ्लेक्ट सहभागीलाई त बारम्बारको प्रयासपछि परिवर्तन गर्न सकियो तर जो यस्तो कक्षामा आएका थिएनन् उनीहरूलाई परिवर्तन गर्न कठिनाइ भयो ।

रिफ्लेक्ट कक्षा सञ्चालनपश्चात यस समुदायका मानिस आफ्नो परिचय निर्धक्क दिन सक्ने भए । समुदायमा भएका समस्याको पहिचान गरी सवालका रूपमा उठाइ रिफ्लेक्टको नेतृत्वमा समाधान गर्ने, आफ्नो घर वरिपरिमात्र नभई समुदायमा नै सरसफाइ अभियान चलाउने बानी विकास भएको छ ।

वडाबाट पाउने सेवा/सुविधाबारे वडामा गई बुझ्ने गरेका र विद्यालयमा गई बच्चाहरूको पढाइका बारेमा बुझ्न थालेका छन् । त्यसैले समुदायलाई परिवर्तन

**जसको स्रोत र साधनमा पहुँच छैन अर्थात जो आफ्नो आवाज सम्बन्धित ठाउँमा आफैँ पुऱ्याउने हैसियत राख्दैन, त्यस्ता व्यक्तिलाई विभिन्न सहयोगीको आवश्यकता पर्छ। यही महसुसीकरण नै रिफ्लेक्ट कक्षाको जन्मको आधार हो।**

गर्नका लागि रिफ्लेक्ट केन्द्र अति महत्वपूर्ण सावित भएको छ।

## रिफ्लेक्टको उद्देश्य

समुदायमा सबै एकसमान हुँदैनन्। सवल/दुर्वल, सक्त/अशक्त, धनी/गरिब, साक्षर/निरक्षर, चलाख/सोझो, साङ्ग/अपाङ्गता भएको आदि सबैको उपस्थिति हुन सक्छ। त्यसैले जसको स्रोत र साधनमा पहुँच छैन अर्थात जो आफ्नो आवाज सम्बन्धित ठाउँमा आफैँ पुऱ्याउने हैसियत राख्दैन, त्यस्ता व्यक्तिलाई विभिन्न सहयोगीको आवश्यकता पर्छ। यही महसुसीकरण नै रिफ्लेक्ट कक्षाको जन्मको आधार हो। त्यसैले समुदायका खासगरी तल पारिएका व्यक्ति/परिवारलाई सशक्त र सक्षम तुल्याउन उत्तोलकको भूमिका निर्वाह गर्नु नै रिफ्लेक्ट कक्षाको मुख्य उद्देश्य हो। ताकि समुदायका व्यक्तिमा लुकेर रहेको ज्ञान, सिप र क्षमता उजागर हुन सकोस्।

त्यतिमात्र हैन, समुदायका व्यक्तिको स्थानीय स्तरमा रहेको वडा, सरकारी निकाय र सङ्घ/संस्थासम्म पहुँच पुऱ्याउने र आत्मनिर्भर बनाउन सघाउने यो कक्षाको अर्को उद्देश्य थियो। त्यसबाहेक स्थानीय स्रोत र साधनको सदुपयोगमार्फत जीवनस्तर उकासमा मद्दत पुऱ्याउने तथा रिफ्लेक्ट कक्षामा सहभागीहरूलाई आफ्नो नेतृत्वमा समुदायका समस्या समाधान गर्न पहलकदमी लिनेगरी तयार पार्नु यसको अर्को उद्देश्य थियो।

## नतिजाको गणित

इन्द्रावती गाउँपालिकामा प्रयास परियोजनाद्वारा सञ्चालित रिफ्लेक्ट केन्द्रका सहभागीहरूको नेतृत्वमा धेरै काम भएका छन्। यस्ता काम केही जीविकोपार्जनमा सघाउ पुऱ्याउनेखालका छन् भने केही शिक्षा र स्वास्थ्यसँग सम्बन्धित छन्। अनि केहीचाहिँ विपद्सँग जोडिएका छन् र केही भने पुनर्निर्माणसँग।

यस क्रममा रिफ्लेक्टका सहभागीको अगुवाइमा समुदायमा विपद् पूर्वतयारीका लागि आपत् कालीन कोष स्थापना गरेका छन्। जसको निरन्तर सञ्चालनसमेत भइरहेको छ। यसैगरी भाँडा सुकाउने चाङ १९० घरले निर्माण गरी यसको पनि नियमित प्रयोग गर्न थालेका छन्। १९९ परिवारले आपत्कालीन समयमा प्रयोग हुने परिवारका अति आवश्यक सामग्रीसहितको झट्पट झोला बनाएका छन् भने १५८ परिवारले पानी फिल्टर गरी पिउने बानी बसालेका छन्।

रिफ्लेक्टमा बस्न थालेपछि त्यहाँको छलफलअनुसार स्थानीय बासिन्दाले गरेका काम यतिमा सीमित छैन। उनीहरूले गाउँपालिका, जलदेवी क्रसर उद्योग र रेयुकाइ आँखा अस्पतालसँग समन्वय गरी ६ जना व्यक्तिको आँखाको मोतीविन्दुको शल्यक्रिया गरी आँखाको दृष्टि फर्काएका गर्वलायक तथ्य पनि भेटिन्छन्। यसबाहेक गाउँपालिका र वडा कार्यालयसँग समन्वय गरी घुम्ती शिविर आयोजना गरी १२५ ज्येष्ठ नागरिक र २५ जना अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र उपलब्ध गराउने पुनित कार्यसमेत गरेका छन्। समुदायमा मिटर नभएका ३४ घर थिए। जसले नियमविपरित तवरले बिजुली बाल्थे। यसो गर्दा दुर्घटनाको जोखिम बढी थियो।



छलफलमा व्यस्त रिफ्लेक्टका सहभागी

रिफ्लेक्ट कक्षामा यस्तो सम्भावित जोखिमबारे छलफल भएपछि ती परिवार विद्युत् मिटर प्रयोग गरी सुरक्षिततवरले बिजुली बत्ती प्रयोग गर्न थालेका छन् । व्यक्तिगत, घर र समुदाय वरिपरि सरसफाइको अभियान रिफ्लेक्ट कक्षाको सुरुवातपछि अर्को गर्वलायक काम बनेको छ ।

पहिले स्थानीय सरकारसमक्ष जाँदै नजाने स्थानीय बासिन्दा अहिले छलफल कक्षाबाट यसको महत्व बुझ्ेपछि त्यहाँ जाने, सोधखोज गर्ने र सेवा/सुविधा ल्याएर प्रयोग गर्ने अवस्थामा पुगेका छन् । यसै परिप्रेक्ष्यमा वडा कार्यालयसँग समन्वय गरी उनीहरूले समुदायको फोहोर व्यवस्थापन गर्नका लागि ३८ वटा सिमेन्टेड रिङ व्यवस्थापन गरेका छन् ।

भविष्यका लागि बचत रिफ्लेक्ट कक्षाले उपलब्ध गराएको अर्को उपहार हो । कक्षामा सक्रिय र निरन्तर सहभागितापछि ८६ जनाले स्थानीय सहकारीको १५ देखि २० कित्ता सेयर खरिद गरी नियमित बचत गर्न सुरु गरेका छन् । सहकारीमा आबद्ध भएपश्चात ४ जनाले त ऋण लिएर आफ्नो समस्या समाधान गरेका छन् । एन.सि.सी. र मेगा बैङ्कसँग समन्वय गरी वित्तीय साक्षरता कक्षासमेत सञ्चालन गरे उनीहरूले । जसपश्चात १३४ परिवारले खाता खोलेका छन् भने त्यसमा नियमित बचतसमेत सुरु गरेका छन् ।

आफ्नै बालबच्चा पढ्ने विद्यालयमा समेत कहिल्यै फर्केर नजानेहरू अहिले नियमित विद्यालयको सम्पर्कमा हुने गरेका छन् । विद्यालयसँग समन्वय गरी विद्यालय जान छाडेका बालबालिकालाई प्रोत्साहन गरी पुनः विद्यालय भर्ना अभियानसमेत सञ्चालन गरेका छन् । यस क्रममा उनीहरूले विद्यालयसँग सम्बन्ध टुटेका ५ जनालाई पुनः विद्यालय भर्ना गराएका छन् । विभिन्न कारणले विद्यालय छाडेका अरु थुप्रै बालबालिकाको पनि कारण पत्ता लगाइ त्यसको समाधानसहित पुनः विद्यालय फर्काउने अभियान जारी नै राखेका छन् उनीहरूले ।

५५ परिवारले बलेसी पानी सङ्कलन तथा व्यवस्थापन गर्न थालेका, ११६ परिवारले जुठ्यान पानी व्यवस्थापन गरी करेसाबारी तरकारी खेती गर्न सुरु गरेका, धेरैले बगैँचा निर्माण गरेका, २८ परिवारले आफ्नै लगानीमा पशु बिमा गरी जोखिम हस्तान्तरण गरेका, ६ वटा सामुदायिक धारामा फोहोर व्यवस्थापनका लागि डस्टबिन राखी फोहोरमैला व्यवस्थापन सुरु गरेका जस्ता थुप्रै उपलब्धि देखिन्छन् रिफ्लेक्ट कक्षा सञ्चालन भएका समुदायमा ।

यीबाहेक रिफ्लेक्ट सहभागीहरूको वडामा पहुँच पुगेको छ भने गाउँपालिका र वडासँग समन्वय गरी समुदायमा टोल सुधार समिति गठन गर्ने क्रम पनि जारी छ । वडा कार्यालयमा आएको ८५ प्रतिशत अनुदानको टनेलका सामग्री १० जना रिफ्लेक्ट सहभागीहरूले लिएर तरकारी खेतीबाट आम्दानी गर्न थालेका अर्को रोचक दृश्य पनि यी समुदायमा भेटिन्छन् । गाउँपालिका र वडा कार्यालयसँग समन्वय गरी अधिकारीटार समुदायमा २ वटा टोल सुधार समिति गठन गरी मासिक ५० रुपियाँ उठाइ अध्यक्ष, कोषाध्यक्ष र सचिवको नाममा खाता सञ्चालन गरी राख्नेगरी भएको निर्णयले अन्य समुदायमा पनि सकारात्मक सन्देश पुऱ्याएको छ ।

## चुनौती

पहिलो कुरा, धेरै नेपाली गाउँ/समाज अहिले पनि अशिक्षित, दुर्गम र सूचनाको परिधिबाहिर छन् । दोस्रो कुरा, प्रयास परियोजना लागु भएको ठाउँ र परिवेश पनि यस्तै समाजलाई अग्रगामी तुल्याउन बुझेरै छानिएको हो । त्यसैले बुझेर पनि व्यवहारमा परिवर्तन नगर्ने समुदायलाई बुझाउन निकै गाह्रो छ भन्ने चुनौती स्वीकारिएकै हो ।

एउटै कामको पटक-पटक अनुगमन गर्नुपर्ने स्थिति अर्को चुनौतीका रूपमा देखापरेको थियो । स्थानीय सहकारी विश्वासिलो नभएका कारण स्थानीयलाई सहकारीमा आबद्ध गराउन निकै कठिनाइ भएको थियो । जसलाई बुद्धिमत्तापूर्ण हिसाबले समाधान गर्नुपर्ने स्थिति आइपऱ्यो । रिफ्लेक्ट सहभागीलाई त बारम्बारको प्रयासपछि परिवर्तन गर्न सकियो तर जो यस्तो कक्षामा आएका थिएनन् उनीहरूलाई परिवर्तन गर्न कठिनाइ भयो ।

परियोजनाको पनि आफ्नै सीमितता र बाध्यता थिए- बजेट, जनशक्ति, काम गर्ने सवाल, समय आदि । त्यसैले रिफ्लेक्ट कक्षामा उठेका सबै सवालको समाधान हुन सक्ने कुरै भएन । यसले गर्दा रिफ्लेक्टका सहभागी सबैलाई सन्तुष्ट गराउन सकिएन् । अर्कोतर्फ सामान्य विषयहरूमा समेत एकमत नहुँदा कतिपय बेला अघि बढ्न समस्या सिर्जना भयो । जस्तै- खाजाको रकमले सामग्री किन्नेबारे छलफल हुँदा रिफ्लेक्टका सहभागी विभाजित हुनु ।

## सामना

सुन्दर गुलाफको फूल हात पार्ने हो भने काँडासँग पौँठेजोरी खेल्नैपर्ने वास्तविकता हामीले विभिन्न तालिम र काम गराइका अवसरमा बुझिसकेका थियौँ । त्यसैले कामका दौरान आइपर्ने समस्यासँग भाग्ने नभई त्यसलाई विभिन्न जुक्ति लगाएर सामना गर्नुपर्ने निष्कर्षमा हामी पुगिसकेका थियौँ । यस क्रममा अर्को सहकारीसँग समन्वय गरी रिफ्लेक्ट केन्द्रमा छलफल गरेर सहकारीप्रति विश्वास दिलाएपछि रिफ्लेक्ट सहभागीहरू बल्ल सहकारीमा आबद्ध हुन सहमत भएका थिए ।

त्यसैगरी अनुगमन गर्न जाँदा रिफ्लेक्ट सहभागी रिसाए पनि आफू नरिसाइकन सल्लाह सुझाव दिने गरिँदा त्यसको प्रतिफल पछि सकारात्मक हात पर्न सक्यो । छलफल केन्द्रमा विषयगत ज्ञान भएका कृषि प्राविधिक, पशु प्राविधिक, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, वडा कार्यालय र पालिका कार्यालयका प्रमुखहरूको उपस्थितिमा कक्षा सञ्चालन गराइयो । जसले गर्दा उनीहरूले उठाएका जिज्ञासा एकातिर समाधान हुन सके भने अर्कोतिर परियोजनाप्रति शङ्का गर्ने अवस्था अन्त्य भयो ।



आकासे पानी सङ्कलन

## सिकाइ

कुनै पनि कर्म सिकाइको मुख्य स्रोत हो । सुनेर र पढेर थाहा पाएको ज्ञानभन्दा कार्यक्षेत्रमा आफैं संलग्न भएर हासिल भएको ज्ञान दीर्घकालीन हुन्छ भने यसले आगामी दिनमा अघि बढ्न थप प्रेरणा पनि प्रदान गर्छ । प्रयास परियोजनामा आबद्ध भएर काम गर्दाका थुप्रै सिकाइ छन् । जसमध्ये दिएको कामको निरन्तर अनुगमन गर्दा प्रभावकारी र छिटो सम्पन्न हुने रहेछ भन्ने एउटा हो ।

दोस्रो सिकाइ सवालअनुसारको विषय विशेषज्ञ बोलाइ कक्षा सञ्चालन गर्दा सहभागीले ध्यान दिने र छिटो बुझ्ने रहेछन् भन्ने हो । यसो गर्दा उनीहरू पत्याउँदा पनि रहेछन् । कुनै पनि समस्यामा व्यक्तिगत भन्दा सामूहिक नेतृत्वमा कार्य गर्दा त्यो बढी प्रभावकारी हुने सिकाइ पनि हासिल भयो ।

रिफ्लेक्ट सहभागीहरूलाई पोस्टर, फ्लिप चार्ट, भिडियो र कथाद्वारा छलफल गराउँदा उनीहरूको ध्यान चाँडै खिच्न सकिने भएकाले छिटो बुझ्ने र व्यवहारमा परिवर्तन ल्याउने रहेछन् भन्ने अर्को महत्वपूर्ण सिकाइ रह्यो । यसैगरी कुनै पनि काम गर्दा आफूले पहिले गरेर देखाएपछि बल्ल अरुले चासो दिएर गर्ने रहेछन् नत्र पत्याउन गाह्रो पर्ने रहेछ भन्ने अनुभव पनि भयो ।

यसबाहेक वडापालिकासँग समन्वय गरेर काम गर्दा जोखिम हस्तान्तरण गर्न सहज हुने अनुभव धेरै रहे भने कुनै पनि कामको आवश्यकता महसुस गरायो भने बल्ल त्यस्तो काम गर्न उत्साह मिल्ने र त्यो प्रभावकारी हुनुका साथै दिगोसमेत हुने रहेछ भन्ने सिकाइ पनि भयो । यी यस्ता सिकाइ हुन् जसले आगामी दिनमा समुदायमा काम गर्दा त्यसलाई प्रभावकारी, दिगो र सहज तुल्याउन उत्तोलकको भूमिका प्रदान गर्नेछन् ।

सामाजिक परिचालक

# आँखा खोल्यो छलफल केन्द्रले

इन्द्रावती गाउँपालिका-४ स्थित पाडामरुवा तल्लो गाउँमा उत्थानशील नाम गरेको छलफल केन्द्र छ । प्रयास दोस्रोद्वारा गठित यो केन्द्रमा २६ जना संलग्न छन् । जसमध्ये ८ जना पुरुष छ । 'हामी यो केन्द्रमा जम्मा भएर के गर्दा घर व्यवहार चलाउन सहज हुन्छ, जाँड/रक्सीले कसरी हानि गर्छ, विपद्बाट हुने हानि कसरी रोकथाम गर्न सकिन्छ जस्ता विविध कुरामा छलफल गर्छौं र त्यसलाई व्यवहारमा पनि लागु गर्छौं'- केन्द्रकी अध्यक्ष पार्वती सिलवालले बेलिबिस्तार लगाइन् ।

उनीहरू छलफल केन्द्रमा छलफलमात्र गर्दैनन् भन्ने कुरा उनीहरूले तयारी अवस्थामा राखेका झटपट झोलाले पुष्टि गर्छ । जसमा उनीहरूले विपद्का बेला आवश्यक पर्ने कपडा, जरुरी कागजपत्र, औषधी, पानीको बोतल र केही खानेकुरा राखेका छन् । यस्तो झोलाले अपर्झट आइलाग्ने विपद्का बेला केही समयसम्म भरथेग गर्ने दाबीसमेत पार्वतीहरूको छ ।

महिनाको ४ पटक हुन्छ केन्द्रमा छलफल । जतिबेला सबैजना जम्मा हुन्छन् र आफूलाई आवश्यक परेको व्यावहारिक विषयमा छलफल गर्छन् । अनि आइपरेका समस्या कसरी समाधान गर्ने भन्नेबारे मन्थन गर्छन् । मन्थनमात्र हैन, कारबाहीमै उत्रन्छन् पनि । यही कारण पनि छलफल केन्द्रप्रति स्थानीयको आकर्षण बढेको पार्वतीको दाबी छ ।

भूकम्प प्रभावितहरूलाई सहयोग पुर्‍याउन गाउँमा आएको प्रयास दोस्रोले गर्ने सहयोगका लागि लाभग्राही छान्ने काम पनि यही छलफल केन्द्रले गर्छ । पार्वतीले सुनाइन्- परियोजनाले बाख्रा पालनमा ४ र तरकारी खेतीका लागि ५ जनालाई सहयोग गर्ने भएकाले उचित व्यक्ति छनोट गर्न भन्यो । हामीले व्यापक छलफल गर्‍यौं । अनि जो अति विपन्न छ, जो इच्छुक पनि छ र जसलाई अति आवश्यकसमेत छ, ऊ ऊलाई छान्यौं ।

पार्वती आफैं पनि छानिइन् बाख्रा पालनका लागि । किनकि पहिलो कुरा त प्रयास दोस्रोले सहयोग गर्ने भनेकै पछाडि पारिएकालाई हो । दोस्रो कुरा पछाडि परेकामध्ये पनि छनोट गर्दा पार्वती स्वयंसमेत छानिइन् छलफल केन्द्रबाट । यसरी बाख्रा पालनका लागि

## म पनि जान थालें पढ्न

बोड गाउँको सेतीदेवी माविमा ९ कक्षामा पढ्दै गर्दा विद्यालय जानै छाडिदिएँ । गाउँमा सञ्चालन भइरहेको परोपकार छलफल कक्षाका दिदीहरूले पढ्नुपर्छ, नत्र भविष्य बर्बाद हुन्छ भनेर धेरै सम्झाउनुभयो । त्यसपछि म पुनः भर्ना भएर विद्यालयमा पढ्न थालेको छु । ममात्र हैन, म जस्तै पढाइ छाडेका रजिन माझी, सुजिन माझीहरू पनि अहिले फेरि पढ्न थालेका छन् । उहाँहरूले गाउँमा र्‍याली नै निकालेर शिक्षाको महत्वबारे जनचेतना जगाइरहनुभएको छ ।

**रेशम दङ्गाल**
न्यौपानेटार, इन्द्रावती गापा- ११




परियोजनाले उपलब्ध गराएको विपद्मा काम लाग्ने सामग्रीको साथमा सिल्वाल

छानिएपछि उनले प्रयासबाट ३५ हजार पाइन् । र, बाख्रा पाल्न थालिन् । हुन त २ वटा पाठा पहिले नै थिए उनका । तर अहिले भने बढाएर ८ वटा पुऱ्याएकी छिन् ।

खासमा पार्वतीको घर सिन्धुपाल्चोककै जलवीरे हो । श्रीमान्ले अर्की श्रीमती ल्याएर घरमा बस्न नसकेपछि उनी दुई छोरीसहित माइतीघरमै बस्दै आएकी छिन् । उनी आफैँ रोगी छिन् । मुटुको भल्ब फेरिएको छ । अपरेसन नै २ पटक भइसक्यो । त्यसैले गाह्रोसारो काम गर्न मिल्दैन । अर्कोतर्फ एउटी छोरी अपाङ्गता भएकी छिन् । बेलाबेलामा बेहोस भइरहन्छिन् । त्यसैले उनलाई पनि छाड्न मिल्दैन । यस्तो अवस्थाकी आफूलाई सहयोग गरेर प्रयासले निकै धर्म कमाएको खुसी हुँदै सुनाउँछिन् उनी । अनि धन्यवाद दिन्छिन् आफ्नै छलफल कक्षालाई जसले सहयोग पाउनेमा उनलाई पनि छान्यो ।

बाबु/आमाले बाख्रा चराइदिन्छन् भने माइतीले नै दिएको केही जमिनमा ज्याला लगाएर खेतीपाती गर्छिन् । तोरी र धानमात्र हुने खेतीमा अरु बाली खासै हुँदैन । त्यही पनि बाँदरले खाएर हैरान पार्ने भएकाले खेतीबाट पनि खासै आम्दानी हुँदैन । सानो गाउँले पसल त राखेकी छिन् तर बिक्री भने खासै हुँदैन । तर पनि पहिलेको तुलनामा आफ्नो जीवनमा केही सुधार भएकोचाहिँ अवश्य हो भन्छिन् पार्वती । यसपालि परियोजनाले सहयोग गरेको बाख्राबाट पनि आम्दानी लिन सफल भइन् उनि अनि बिक्री गरिन् २९ हजारमा २ वटा खसी । जसको आम्दानीको पूरै हिस्सा उनले छोरीलाई स्टाफ नर्स पढाउन खर्च गरेकी छिन् । अनि यसको श्रेय आफ्नै छलफल कक्षालाई दिन पनि हिच्किचाउन्नन् उनी ।

## आपत्कालीन कोष पनि

हामीले छलफल कक्षामै छलफल गरेर आपत् कालीन कोष पनि खडा गरेका छौँ । जसमा सबै सहभागी मिलेर प्रत्येकले प्रतिमहिना सय सय रुपियाँ जम्मा गर्ने गरेका छौँ । यो रकम विपद् आइपरेका बेला खर्च गर्नेगरी जोगाड गरेका हौँ । २०७२ को भूकम्पका बेला आइपरेको आपत् सम्भेर आफूहरूले यस्तो निर्णय गरेको पार्वतीको भनाइ छ ।

हाल यो पैसा नवलपुरमा रहेको मेगा बैङ्कमा खाता खोलेर राखेका छौँ । जसमा ३ जनाको सही चल्छ । यसरी पैसा उठाउने, बैङ्कमा राख्दा सुरक्षित हुने, कस-कसको नाममा राख्ने जस्ता सबै कुरा छलफल केन्द्रको निर्णयअनुसार नै भएको हो । अहिले हाम्रो यो कोष अरु छिमेक र यस्तै छलफल कक्षाका सहभागीका लागि पनि जिज्ञासा र आकर्षणको विषय बन्न पुगेको छ । त्यसैले पार्वतीहरूलाई यो राम्रो काम गरिएछ भन्ने लागेको छ रे ।

# धोको : आत्मनिर्भर बन्ने

चार छोरा/छोरी, चारै रोपनी बारी। अनि खेत पनि त्यति नै। परिवार चलेकै थियो इन्द्रावती गाउँपालिकास्थित अधिकारीटारकी ठूलीमाया दनुवारको।

२०७२ को भूकम्पले उनको पनि घर भत्क्यो, अरुको जस्तै। ३ छोरा छुट्टिए। छोराहरूको घर पनि बन्यो तर ठूलीमाया भने भूकम्पपीडितको लाभग्राही सूचीमा अटिनन्। लाभग्राहीमै नअटेपछि सरकारी सुविधा पाउने कुरै भएन। परिणाम- अहिले पनि टहराकै बास छ उनको।

२०७५ मङ्सिरदेखि भने गाउँमै सञ्चालित छलफल केन्द्रमा जान थालिन् उनी। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सञ्चालन गरेको यो केन्द्रमा उनी जस्तै विपन्न र दुःखीहरू जम्मा हुन्थे, छलफल गर्थे र आफ्ना समस्या समाधानका उपाय निकाल्थे।

'छलफलकै क्रममा मेरो समस्या सुनेपछि मलाई परियोजनाले तरकारी खेती गर्न बीउ र टनेल दियो। त्यसपछि तरकारी खेती गर्न थालेँ। यस क्रममा आफ्ना पीडा बिर्सिएँ'- उनले सुनाइन्। एकातिर पीडा न्यून भयो भने अर्कोतिर आर्थिकरूपमा पनि फाइदा भयो। अहिलेसम्म ४० हजार रुपियाँको तरकारी बेचिसकेकी उनले यसमध्ये १७ हजार रुपियाँ त गाउँमै ब्याजमा लगाएको पनि सुनाइन्।

त्यतिमात्र हैन, उनले आफ्नो कमाइ राख्न सहकारी र बैङ्कमा पनि खाता खोलेकी छिन्। जसबाट भोलिका दिनमा आइपर्ने कुनै समस्या सामना गर्न सहज होस्। बुढेसकाल लागेपछि र आफ्ना हातगोडा चल्न छाडेपछि कसले हेर्छ र ? त्यसैले



गोलभँडा टिपी बजार लाने तरखर गर्दै ठूलीमाया

आजैबाट बचत गर्ने बानी विकास गरियो भने भविष्य राम्रो हुन्छ भन्ने बुझाइ भएर बचतका लागि खाता खोलेको हुँ- उनले भनिन्।

छलफल केन्द्रमा जान थालेपछि आफूमा धेरै परिवर्तन आएको बताउँछिन् उनी। उनी गर्वका साथ सुनाउँछिन्- छलफल केन्द्रमा गएका परिवार र नगएका परिवारको घरको अवस्था धेरै फरक छ। जस्तो- हाम्रो घरमा भाँडा सुकाउने चाङ बनाएका छौँ, आपत्कालीन समयमा प्रयोग हुने झट्पट् झोला तयार गरेका छौँ, पानी पुनर्प्रयोग गर्न थालेका छौँ, पानी शुद्धीकरण गरेरमात्र प्रयोग गर्छौँ, पशुधन रक्षाका लागि पशु बिमा गरेको छु। त्यतिमात्र हैन, सहकारीमा २० कित्ता सेयर खरिद गरी मासिक १०० देखि ३०० सय रुपियाँ नियमित बचत गर्ने



फिल्टरको पानी प्रयोग गर्दै ठूलीमाया ।

गरेकी छु । समुदायमा डेङ्गुको प्रकोप फैलियो । छलफल केन्द्रमा पनि यो विषयमा छलफल भयो । जसअनुसार यसबाट बच्नका लागि हामी सबैले नरिबलको तेल प्रयोग गर्न थालेका छौं ।

तपाईंले आफ्ना छिमेकीलाई पनि आफूले गरेजस्तै काम गर्न सुझाउनु भएन त भन्ने प्रश्नमा उनले भनिन्- 'भनेँ नि । भनेरमात्र के गर्नु ? मान्ने भए पो । हामीले घरमा गरेका सरसफाइ, पानीको पुनर्प्रयोग देखेर पनि सिक्छन् कि भन्ठान्यो तर चासो नै दिँदैनन् । उनीहरूलाई पनि छलफल केन्द्रमा राख्यो भने सिक्थे कि बरु ?' उनको प्रतिप्रश्न सोध्नेतिरै थियो । यसबाट पनि थाहा हुन्छ कि छलफल केन्द्रको महत्व समुदायमा कति छ भनेर ।

'मैले मेरो आफ्नै व्यवहारमा जति परिवर्तन गरेको छु यो सबै रिफ्लेक्ट केन्द्रको देन हो', उनले मुस्कानसहित थपिन्- सरकारको लाभग्राही सूचीमा नपरे पनि वा सुविधा नपाए पनि पैसा जम्मा गरेर आफैँ सानो घर बनाएर बस्छु । अरुको धेरै भर पर्नुहुन्न भन्ने ज्ञान पनि पाएकी छु ।

# फेरिइन् कविता

- आफ्नो वडाको सिमाना नै थाहा थिएन । अहिले भने यहाँदेखि यहाँसम्म पर्छ भनेर अरुलाई समेत बताइदिन्छिन् ।

- मूलबाट आउने पानी पनि कहीँ फोहोर हुन्छ र भन्ठान्थिइन् । तर अहिले भने जुनसुकै पानी पनि फिल्टर नगरी पिउँदिनन् । छलफल कक्षामा खाजा खान दिएको पैसा जम्मा गरेर फिल्टर किनेकी छिन्, पानी छान्नकै लागि ।

- भाँडा माझिसकेपछि भुइँमा घोप्ट्याउँथिन् । तर अहिले भने चाङ बनाएकी छिन् भाँडा घोप्ट्याउनकै लागि । भन्छिन्- एक त यसरी घोप्ट्याउँदा फोहोर लाग्छ, दोस्रो कुरा चिसै थालमा खानु पनि हुन्नरेछ ।

- पहिले न समुदायका समस्या वास्ता गर्थिन् न त गरे पनि त्यसप्रति गम्भीर हुन्थिन् । अहिले भने समुदायमा देखिएको समस्यामा चासो राख्नेमात्र हैन, त्यसलाई समाधान गर्ने पहल पनि गर्छिन् ।

- अहिले तरकारी खेतीबाट आउने निश्चित रकम जम्मा गर्छिन् र यसका लागि खुत्रुके नै किनेकी छिन् । पहिले बचत भनेको के हो भन्ने नै थाहा थिएन ।

हो, इन्द्रावती गाउँपालिका-११ स्थित अधिकारी टोलकी बासिन्दा कविता थापा अहिले यस्तै यस्तै काममा ब्यस्त छिन् । भन्छिन्- जब हाम्रो गाउँमा भूकम्प प्रभावितलाई सहयोग गर्न आएको प्रयास दोस्रोले छलफल कक्षा सञ्चालन गऱ्यो, त्यसमा जाने, बस्ने र छलफलमा सहभागी हुने गर्न थालेपछि ममा यी परिवर्तन आएका हुन् ।




परिवर्तन कवितामा मात्र आएको हैन । गाउँका र अझ खास गरेर छलफल केन्द्रमा नियमित जाने प्रायः सबै कविताकै जस्तो फरक दिनचर्यामा देखिन्छन् अचेल । कविता आफूले जानेका कुरा गाउँका अरुलाई पनि सिकाउँछिन् । त्यसैले पनि कविता यतिबेला अरुका लागि नयाँ कुरा सिक्ने गुरु पनि बनेकी छिन् गाउँमा । छलफल कक्षाबाटै जानकारी पाएपछि उनले वडा कार्यालयबाट सुविधामा पाइने सामग्री ल्याएर तरकारी खेती पनि सुरु गरिन् । ५२ वर्षीय श्रीमान् र उनको आम्दानीको एकमात्र स्रोत यही तरकारी बिक्रीबाट आउने रकम बन्न पुगेको छ यतिबेला। यसरी कमाइ हुन थालेपछि घर खर्च धान्न सहज भएको छ उनलाई । साथै सानोतिनो औषधोपचार र घुमफिर गर्न खर्चको पनि आवश्यकता टर्न थालेको छ ।

आम्दानीमध्येको केही रकम नियमितरूपमा सहकारीमा पनि जम्मा गर्न थालेकी छिन्। यसरी पैसा जम्मा गर्न थालेपछि दुःख परेका बेला कोसँग मागौँला भन्ने चिन्ताले डाँडो काटेको छ उनको । 'केही परेका बेला ऋण झिक्न पनि मिल्ने रहेछ, आफूसँग भएको पैसा कहाँ राखौँ भन्ने समस्या पनि नहुने रहेछ। यो कुरा छलफल केन्द्रबाट थाहा पाएपछि मैले सहकारीमा बचत गर्न थालेकी हुँ'- उनी बताउँछिन् ।

अब आफूले जानेको यही सिपलाई बढावा दिने सोच पनि उनले बनाएकी छिन् । गाउँ बस्तीको सरसफाइमा ध्यान दिने, गाउँका दिदीबहिनीलाई आफूले जानेका कुरा बाँडचुँड गर्ने र जीविकोपार्जनका लागि ससाना उद्यम गर्न प्रेरित गर्ने सोच उनको छ। भन्छिन्- कमाएरमात्र पनि नहुने रहेछ, कमाउनुभन्दा पनि बचत गर्नु ठूलो कुरा रहेछ। अब म आफू त यसो गर्छु नै, साथै अरुलाई पनि यस्ता कुरा बुझाउनतिर लाग्छु ।

# बन्यो घर, पूरा भयो रहर



रविना कोइराला

दिन धुम्म परेको थियो । शायद त्यो दिन पृथ्वीलाई जगमग बनाउने घामले पनि आफ्नो दैनिक कर्तव्य भुलेको हुनुपर्छ । दिनमा पनि चारैतिर अन्धकार थियो । आकाशमा काला बादल मडारिइरहेका थिए । बेलाबेलामा ती बादल एकापासमा ठोक्किँदा नमीठो चित्कारसहितको उज्यालो प्रकाश पृथ्वीमा फाल्थ्यो । बादलहरू एकापसमा ठोक्किने क्रम जारी नै थियो । एक्कासि आकाशले आँसुका धारा वर्षा बनाएर बगाउन थाल्यो । शायद त्यो आकाशले पनि आफ्ना अनगिन्ती पीडा सहन नसकेर आँसुसँगै बगाएको हुनुपर्छ ।

यस्तै पीडा मनभित्र गुम्स्याएर राखेका भूकम्पपीडितहरू न रुन सक्थे न त आफ्ना पीडा अरुलाई सुनाउन नै । सुनाए पनि कसले सुन्ने ? सबैका उस्तै थिए दैनिकी । बेसहाराको सहाराको एक भाग लौरी बन्ने दुःसाहसका साथ प्रयास परियोजनाले इन्द्रावती गाउँपालिकालाई आफ्नो कार्यक्षेत्र बनाइ काम सुरु गऱ्यो । भूकम्पपछिको पुनर्निर्माणलाई अगाडि बढाउन नसकेका अपाङ्गता भएका व्यक्ति, एकल महिला, एकल पुरुष, ज्येष्ठ नागरिक र सामाजिकरूपमा पछाडि परेका तथा पारिएका वर्गलाई पुनर्निर्माणमा सहयोग गर्नु र पहिलो किस्ता लिइसकेका तर पुनर्निर्माणको काम सुरु नगरेका परिवारलाई ५० हजार बराबरको निर्माण सामग्रीका साथै कामदारको ज्याला उपलब्ध गराई दोस्रो किस्तामा पहुँच पुऱ्याउनु परियोजनाको प्रमुख उद्देश्य थियो ।

परियोजनाको उद्देश्य र समुदायको आवश्यकताअनुसार पालिका तथा वडा कार्यालयसँगको समन्वयमा लाभग्राही छनोट गर्ने प्रक्रिया अगाडि बढ्‌यो । वडाबाट सिफारिस भएका घरलाई त्यसैका आधारमा सहयोग गर्नुभन्दा सिफारिस भइआएका घरको अनुगमन गरेरमात्र लाभग्राहीमा सूचीकृत गर्ने निर्णयमा पुग्यो प्रयासको टिम । फिल्डमा अनुगमन गर्ने क्रममा देखिएका वास्तविकतालाई सम्बन्धित वडा कार्यालयमा प्रस्तुत गरी लाभग्राहीको अन्तिम सूची तयार गरियो । अन्तिम सूचीमा परेका लाभग्राहीसँग उनीहरू बसिरहेका अस्थायी टहरोमा गई अन्तर्क्रिया गरी काम अगाडि बढाइयो । परियोजनाको लक्ष्यअनुसार ५४ वटा घरको पुनर्निर्माणमा सहयोग गर्नुपर्ने थियो । एकल महिला, पुरुष र अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले दिएको सुविधाअनुसार २४ वटा १ कोठे घर र ३० वटा २ कोठे घर निर्माण हुने निश्चित भयो । प्राविधिकसँगको परामर्शपछि परियोजनाले सामग्री र ज्यालासहित १ कोठाको घर निर्माणका लागि अधिकतम ३९ हजार र २ कोठाको घर निर्माणका लागि ४९ हजार रुपियाँ बराबरको सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

परियोजनाको परिधिभित्र रहेर लाभग्राही छान्नुपर्ने र त्यसमाथि पनि एकल महिला र ज्येष्ठ नागरिकको घर बनाउन सहयोग गर्नुपर्ने काम साँच्चिकै चुनौतीपूर्ण थियो भन्नुहुन्छ परियोजनाका फिल्ड अधिकृत वाङ्गेल

लामा। कामको प्रकृति हेर्दा सामग्री दिएपछि घर बनाइहाल्छन् नि भन्ने जस्तो देखिन्थ्यो तर साँच्चिकै चुनौतीपूर्ण काम थियो पुनर्निर्माणको। सक्ने मान्छे र पहुँच भएका परिवारको घर बनाउन परेको भए सजिलो हुन्थ्यो होला तर निमुखा र पहुँच नभएका व्यक्तिहरूको घर बनाउन लगाउनु फलामको चिउरा चपाउनुजस्तै थियो। तर पनि आफूले लिएको जिम्मेवारी पूरा गर्नु परियोजनाको दायित्व थियो।

आफ्नो दायित्वबोध गरी काम अगाडि बढाउने क्रममा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका नजिकका नातेदारहरूसँग छलफल गरियो। कोहीका नातेदारले सहयोग गर्ने भए भने कोहीका नातेदार भने चुम्बकका एकै ध्रुव जस्ता नमिल्ने भेटिए। जसले गर्दा काम गर्न झन कठिन भयो। त्यसपश्चात समुदायमा काम गरिरहेका डकर्मीहरूसँग र समुदायमै परियोजनाले सञ्चालन गरेको छलफल केन्द्रका सहभागीसँग समन्वय गरी काम अगाडि बढाइयो र ५४ वटा घरको कुर्सी तहको काम सम्पन्न गरियो।

सबैको अवस्था एकै थिएन। कसैलाई सानै उमेरमा श्रीमान् बितेको पीडा थियो त कसैलाई बुढेसकालमा मोतीविन्दुका कारण आँखा नदेख्ने समस्या। अनि कोहीको भने हिँड्नै नसक्ने समस्या। यस्तै

# यसरी बन्यो मेरो घर




मैले भागी बिहे गरेकी हुँ नवराज नकर्मीसँग। हामी कृषि पेशा नै गर्थ्यौँ तर यसबाट खासै उभो नलागिने देखेपछि श्रीमान् श्रीमतीको सल्लाहबमोजिम नै श्रीमान् वैदेशिक रोजगारीका लागि जानुभयो। यता मैले दुःखजिलो गरेर २ छोरा र १ छोरी हुर्काउने/पढाउने काम गर्दै गएँ। जीवन एकप्रकारले चलेकै थियो दुःखसुख गरेर भए पनि।

त्यत्तिकैमा भूकम्प आयो। बच्चा सानै। श्रीमान् पनि घरमा नभएका। निकै ठूलो समस्या आइलाग्यो। घरमा केटा मान्छे हुनेले राहत खोजी खोजी ल्याएर खान थाले। त्रिपाल पनि बटुले। आफ्नो भने न लिन जाने मान्छे, न त खबर नै थाहा पाइने। जेनतेन बालबच्चालाई खुवाइरहनचाहिँ सकेँ। भूकम्पको एक महिनापछि श्रीमान् घर आउनुभयो। छिमेकीसँग अर्मपर्म गरेर पालैसँग टहरा बनाइयो। तर आएको ३ महिनापछि के भयो कुन्नि, उहाँले आत्महत्या गर्नुभयो। यो घटनाले मलाई भूकम्पभन्दा पनि ठूलो धक्का लगायो। तर पनि ३ सन्तान थिए। उनीहरूकै मुख हेरेर चित्त बुझाइ बसेँ।

भूकम्पले भत्केको घर बनाउनका लागि सर्वेक्षण भएछ। घर भत्केका सबैको रातो कार्ड आयो तर मेरो आएन। चिन्तित भएँ। गुनासोमा भरेँ, त्यसमा पनि परेनछ। किन नपरेको भनेर धेरैतिर सोधखोज गरेँ, रोइकराइ गरेँ, अहं, केही पत्तो लागेन। विभिन्न सङ्घ/संस्थाले सहयोग गर्नका लागि पनि यी रातो कार्ड खोज्दारहेछन्, यो नभए गर्दा रहेनछन्। त्यही भएर मेरोमात्र घर बनेन। तेस्रो पटक गुनासो भरेपछि बल्ल अनुदान पाउने भएकी छु। अहिले बल्लतल्ल आएर प्रयास दोस्रोको सहयोगमा घर बन्न सकेको छ। उसले डिपिसीसम्मका लागि सामान सहयोग गरेकाले घर बन्ने अवस्था सिर्जना भएको हो। तेस्रो किस्ताको पैसाले बाँकी काम सम्पन्न गर्ने र केही ऋण पनि तिर्ने सोच बनाएको छु। जे होस्, संस्थाको सहयोगले गर्दा आज मेरो घर बन्न सक्यो। त्यसैले खुसी छु।

**सुन्तली नकर्मी**
नकर्मी टोल, इन्द्रावती गापा-४

समस्याले जेलिएकी एक पात्र थिइन् इन्द्रावती गाउँपालिका-४ की सुन्तली नकर्मी । उहाँ भन्नुहुन्छ- पहिले लाभग्राहीको सूचीमा नाम नआएर तनाव । नाम आयो घर कसरी बनाउँ भन्ने तनाव । मेरो दुःख देख्न नसकेर गाउँमा ठेक्कामा काम गर्ने ठेकेदारले घरको कुर्सी तहसम्मको काम सित्तैमा गरिदिए ।

यस्तै अर्का पात्र हुन् इन्द्रावती गाउँपालिका-११ का कुलबहादुर माझी । पहिलो किस्ताबापत आएको रकम श्रीमती पुतली माझीको उपचारमा सकेको र पछि मोतीविन्दुका कारण आफैँ आँखा नदेख्ने भई थला परी बस्नुभएका उहाँ खुसी हुँदै सुनाउनुहुन्छ- प्रयास परियोजनाको सहयोग अनि परियोजनाकै नानी/बाबुहरूले गाउँका मानिसलाई सहयोग गर्न लगाइ घरको जग खन्ने र ढुङ्गा ओसार्न सहयोग गर्नुभयो । आज मेरो घरको निर्माण सकिएको छ भने नेपाल सरकारले उपलब्ध गराएको तेस्रो किस्ताबापतको रकम बचत गर्न समेत सफल भएको छु ।

परियोजनाका कर्मचारीहरूको नियमित अनुगमन र नेपाल सरकारबाट पाउने किस्ताका लागि गरेको सहजीकरणले धेरै लाभग्राहीको घर निर्माण समयमा नै भयो । तर केही लाभग्राहीको भने घरको कुर्सी तहसम्मको मात्र निर्माण कार्य सम्पन्न भएको थियो । अब बाँकी काम कसरी गर्ने होला भन्ने प्रश्न तगारो बनी तेर्सिएको थियो । दोस्रो किस्ता आउन कम्तीमा पनि १५ दिन लाग्ने, १५ दिनसम्म पहिले काम गरिरहेका मान्छे कुरेर नबस्ने, पछि गरौँ भने कामदार नपाउने भएका कारण घर निर्माणको काम रोकिने भय लाभग्राहीमा थियो । लाभग्राहीको सहजताका लागि परियोजानाले वडा कार्यालयसँग छलफल गरी लाभग्राहीको रातो किताब र नागरिकताको सक्कल प्रति परियोजनाका कर्मचारीले जिम्मामा लिने, स्थानीय हार्डवेयर व्यापारीसँग समन्वय गरी वडा र परियोजना जिम्मेवार बसी निर्माण सामग्री उधारोमा उपलब्ध गराउने निर्णय गरियो । स्थानीय हार्डवेयर व्यापारीसँग चौपक्षीय सम्झौता गरी घर निर्माणलाई तीव्रता दिइयो । इन्द्रावती गाउँपालिका-११ की कालिका दङ्गाल भन्नुहुन्छ- स्थानीयस्तरमा पर्याप्त मात्रामा डकर्मी नभएका र भएका डकर्मी पनि महँगा भएका हुँदा बाहिरका डकर्मीलाई नियमित काममा लगाई निर्माण सम्पन्न गर्नुपर्ने बाध्यता थियो । हाम्रो बाध्यता बुझी परियोजनाका सर/मिसले हार्डवयेर व्यापारीबाट उधारोमा सामग्री उपलब्ध गराई निर्माण सम्पन्न गर्न सहयोग गर्नुभयो । नत्र अझै हाम्रो कटेरोकै बास हुन्थ्यो ।

स्थानीय व्यापारीले सामग्री उधारोमा बिक्री गरेका भए तापनि नचिनेका र आर्थिकरूपमा विपन्न वर्गलाई भने दिँदैनथे । तर प्रयास परियोजनाका साथीहरू र वडा कार्यालयको अनुरोधमा १ महिनाका लागि आफूले निर्माण सामग्री उपलब्ध गराएको

## आँखा खुल्यो मेरो पनि !

७ वर्षको उमेरदेखि पुर्ख्यौली पेशा अङ्गाल्दै आएँ अर्थात लुगा सिउने काम गर्न थालेको हुँ । दमको रोगी छु । मलाई खाना खानुअघि हात धुनुपर्ने, कुन ठाउँमा गएर के के सुविधा पाइने, कसरी परिचय दिने भन्ने जस्ता केही पनि कुरा थाहा थिएन । जब गाउँमा प्रयास दोस्रो परियोजनाले गठन गरेको उत्थानशील छलफल केन्द्रमा जान थालेँ त्यसपछि बल्ल यी विषयमा ज्ञान हुन थाल्यो ।

त्यतिमात्र हैन, विपद् जुनसुकै बेला जुनसुकै ठाउँमा पनि आउन सक्दोरहेछ भन्ने थाहा पाएँ । त्यसैले यसको पूर्वतयारीस्वरूप मैले झटपट झोला पनि तयार गरेर राखेको छु। अब सानोतिनो विपद् आइहालेमा पनि त्यसको सामना गर्न सकिन्छ भन्ने आँट बढेको छ। यो सबै कुरा सिकाएर मलाई छलफल केन्द्रले आँखै खुलाइदियो भन्ने लागेको छ ।

**शेरबहादुर नेपाली**
नेपाली टोल, पाडामरुवा, इन्द्रावती गापा-४

बताउनुहुन्छ इन्द्रावती हार्डवेयरका प्रोप्राइटर दीपक श्रेष्ठ । स्थानीय व्यापारीलगायतका अन्य सहयोगी निकायसँग विश्वासको वातावरण सिर्जना गरी काम गर्न सके बाँकी रहेको पुनर्निर्माणको काम पनि छिटै सम्पन्न हुने यसबाट प्रस्टिन्छ ।

अनुभवले मान्छेलाई पाको बनाउँछ भनेजस्तै चुनौतीले मानिसलाई सोच्न बाध्य बनाउँदो रहेछ । काम गर्ने क्रममा पनि त्यही उखान लागु भयो । लाभग्राहीलाई सहज होस् भनी परियोजनाले स्थानीय आपूर्तिकर्ताबाट सामग्री सम्बन्धित लाभग्राहीसम्म पुऱ्याउने बन्दोबस्त मिलायो । लाभग्राही त खुसी नै थिए तर केही बाहिरी व्यक्तिले भने संस्थाले यसरी सामग्री उपलब्ध गराउँदा कमिसन खाने गरेको आरोपसमेत लगाए । उक्त आरोपको उत्तर समयमा नै घर निर्माण गरी लाभग्राहीले दिइसकेका छन् ।

अशक्त र असहायका लागि काम गर्दा जति आत्मसन्तुष्टि र आनन्द मिल्छ वास्तवमै त्यो अरु केहीबाट मिल्दैन । आर्थिक तथा सामाजिकरूपले विपन्न वर्गलाई मात्र हामी गरिबको ट्याग भिराउँछौं तर आर्थिकरूपमा सवल भए पनि त्यो आर्थिक पक्ष सम्हालेर स्याहार गरिदिने मान्छे नहुँदा बुढेसकालमा त्यो मान्छे साँच्चै गरिब हुँदोरहेछ । यसको ज्वलन्त उदाहरण हुन् इन्द्रावती गाउँपालिका-४ का जयसिङ तामाङ र इन्द्रावती गाउँपालिका-१२ की साइली तामाङ । आफूसँग साथमा नगद नभए तापनि भौतिक सम्पत्तिका रूपमा ४ रोपनी बारी र त्यति नै रोपनी खेत रहेको बताउनुहुन्छ साइँली । पाखोसहित १२ रोपनी बारी र ६ रोपनी खेत भएको बताउनुहुन्छ जयसिङ । तर विवाह गरेर टाढा गइसकेका छोरीले कति समयसम्म हेरचाह गर्न आउन भ्याउँथे र ? त्यसैले स्थानीय सरकारले यस्ता व्यक्तिको पहिचान गरी सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउनका लागि बेलामै उचित पहलकदमी चाल्नुपर्छ जसले ज्येष्ठ नागरिकको मनमा सम्मानको वातावारण सिर्जना गर्न सकोस् ।

घर बनाउने काम त आफैँमा चुनौती थियो नै । त्यसभित्र पनि अशक्त व्यक्तिहरूको घर बनाउने काम अति नै कठिन भयो । निरन्तरको अनुगमन, पुनर्निर्माण प्राधिकरण, वडा, काम गर्ने ठेकेदार र स्थानीय व्यापारीसँगको समन्वयले पुनर्निर्माणको काम सम्पन्न गर्न सहज बनायो । त्यतिमात्र हैन, विगत लामो समयदेखि बोलचाल बन्द भई सहयोग गर्न छाडेका आफन्तहरूको सहयोग पनि हामीलाई निरन्तर मिल्यो जसको फलस्वरूप परियोजनाले आफ्नो लक्ष्य हासिल गर्न सक्यो भने घर बनाउने चाहा भएर पनि बनाउन नसकेका अशक्तहरूले सुरक्षित आवास पाए अनि परियोजनाका कर्मचारीले भने मनभरि आत्मसन्तुष्टिको भाव र सिकाइको पोको पाए ।

रिफ्लेक्ट सहजकर्ता

# पूरा भयो घर बनाउने धोको

सीता राई सिन्धुपाल्चोकस्थित इन्द्रावती गाउँपालिकाको वडा नं. ११ मा पर्ने अधिकारी टारमा बस्छिन् । करिब एक रोपनी सुक्खा बारीले खान पुग्ने कुरै भएन । ६ जना छोरी भएपछि पनि छोराको आशमा अर्को पाउँदा जुम्ल्याहा थपिए र एक छोरोसहित ८ जना पुगे सन्तान । ३२ वर्षकै उमेरमा ८ सन्तानकी आमा बन्नुपरेकाले उनको स्वास्थ्य पनि खासै गतिलो छैन ।

१० जनाको परिवार पाल्ने एकमात्र आधार ज्याला मजदूरी हो, सीताको । श्रीमान् मजदूरी गर्छन् तर उनी पनि स्वस्थ भए पो । 'भुइँचालो गएकै साल साउनमा खुट्टा भाँच्चियो । पातै खुस्केको छ । 'मजदूरी पनि राम्रोसँग गर्न सक्दिन', सीताका श्रीमान्ले सुनाए- सन्तानलाई खुवाउनै धौ धौ छ, अरु शिक्षा, स्वास्थ्य जस्ता कुरामा कहाँबाट ध्यान दिन पाउनु ।

२०७२ को भूकम्पले यिनको पनि घर बाँकी राख्ने कुरै भएन । त्यसपछि लामै समय बिताए टहरोमा । जब सरकारले घर बनाउन अनुदान दिने भयो, सीताको परिवारले पनि ल्यायो पहिलो किस्ता । डिपिसीसम्म गरे पनि । त्यसपछि बाँकी काम अघि बढाउन भनेर दोस्रो किस्ता के ल्याएथे, त्यही बेला सीता सुत्केरी भइन् । 'ऋण खोज्न कहाँ जानु ? हामीले त्यही पैसा सुत्केरी खर्चमा लगायौँ'- सजिलो गरी सुनाए सीताका श्रीमान्ले ।

घर बनाउन दिएको पैसा सुत्केरी खर्चमा ? परेन त फसाद । घर अधुरै रह्यो । सरकारले तेस्रो किस्ता त दिन्थ्यो तर त्यो रकम लिनका लागि दोस्रो किस्ताले धान्ने जति काम भएको हुनुपर्थ्यो । यही कारण न घरको काम अघि बढ्ने न त तेस्रो किस्ताका लागि प्रक्रिया नै अघि बढ्ने अवस्था सिर्जना भयो । एकप्रकारले बीचमा अड्किए उनीहरू । 'जहाँ इच्छा, त्यहाँ उपाय' भनेझैँ सीताको झुपडीमा आइपुग्यो प्रयास दोस्रोको टिम । जो उनको गाउँका दीनदुःखीलाई घर बनाउन सहयोग गर्थ्यो । प्रकोप जोखिम न्यूनीकरणका लागि सघाउँथ्यो । अनि जीविकोपार्जनका लागि भरथेग गर्थ्यो । सीताको घर बन्न नसक्नुको चुरो कुरो थाहा पाएपछि प्रयासले अघि बढायो आफ्नो प्रयास ।

सीताको घरबाट सबभन्दा नजिक एउटा बजार छ- सिपाघाट । अनि त्यही बजारमा रहेको इन्द्रावती हार्डवेयरसँग समन्वय गरेर प्रयासले घर बनाउने सामग्रीहरू ल्याइदियो । तेस्रो किस्ता आएपछि तिर्ने सर्तमा वडा कार्यालय र प्रयासका कर्मचारी जमानी बसिदिए । त्यसपछि त के चाहियो र ? घर बन्ने काम अघि बढिहाल्यो । यतिबेला पनि घरको केही काम त बाँकी छ तर करिब करिब बसौँ न त भन्न मिल्ने अवस्थामा पुगेको छ । सीताले सुनाइन्- अब हामी चाँडै यसलाई पूरा गरेर बस्ने सुरसारमा छौँ ।

सीता र उनको परिवार घर बन्ने भएकाले मात्र खुसी भएका हैनन् । प्रयासले नै जीविकोपार्जनका लागि सघाएकाले पनि उनीहरूको मुहारमा चमक देखापरेको हो । यी कार्यक्रमले गत फागुनमा दिएको ३६,५०० रुपियाँबाट सीताको परिवारले दुईवटा राँगो किनेका छन् । अहिले सबैको ध्यान तिनै राँगोलाई हुर्काउने र ठूलो बनाउनेमा केन्द्रित छ । सीताका श्रीमान् राँगोतिर देखाउँदै अनुमान सुनाउँछन्- दसैँसम्ममा केही नभए पनि एउटाको ४०-४५ हजार रुपियाँमा बेच्न सकिएला ।

राँगो बिक्रीबाट आउने पैसा एउटा राँगो नै किन्ने, दसैँ मान्न खर्चने अनि अलिकति ऋण तिर्ने योजना पनि बनाइसकेका छन् यो दम्पतीले । 'बोटै मासेर त भएन नि', सीता र उनका श्रीमान् एकै स्वरमा थप्छन्- यसलाई बीउ मानेर बेच्ने, खर्च पनि टार्ने र नयाँ किनेर ल्याउने प्रक्रिया जारी राख्न सके पो जीविका सहज



हुन्छ त । नत्र त एकचोटि रमाइलो गऱ्यो, फेरि जिन्दगी उस्ताउस्तै ।

प्रयास दोस्रोले आफ्नो गाउँका धेरै दुःखीहरूलाई सहयोग पुऱ्याइरहेकामा धन्यवाद दिँदै सीता भन्छिन्- 'अब पूरा हुन नसकेका घर पूरा गराइदिने र जीविकोपार्जनका लागि दिइएको सहयोग जारी राखे खुसी हुने थियौँ ।' कार्यक्रमले दिएको राँगोबाट राम्रो उन्नति गर्न सकिए अपाङ्ग ज्यान लिएर सधैँ मजदूरी गर्न नपर्ने आशमा छन् सीताका श्रीमान् पनि । यसो भयो भने ठूलै प्रगति गर्न नसकिए पनि कम्तीमा पनि बालबच्चालाई पेटभरि खुवाउन सकिने आशमा छ यो दम्पती यतिखेर ।

# आनन्दले जाने भो सास

मनमाई तामाङ ७३ वर्षकी भइन् । श्याम लामासँग दोस्री श्रीमतीका रूपमा बिहे गरेर आएकी उनका सन्तान छैनन् । १३ वर्षअघि नै श्रीमान् बिते । शारीरिक अशक्तताका कारण भएको एक रोपनी जति जमिनमा पनि खेती गर्न सक्दिनन् । त्यसैले दैनिक जीविका धान्नै धौ धौ छ इन्द्रावती गाउँपालिका-४ स्थित मूले बस्ने यी वृद्धालाई ।

२०७२ सालको त नामैसमेत लिन चाहन्नन् मनमाई । किनकि यो सालमा आएको भूकम्पले उनको मन साह्रै रुवाएर गयो रे । ओत लाग्ने घर नामको झुपडी पनि भत्काइदिएकामा कम्ता रिस उठेको छैन उनलाई



यो सालदेखि । भन्छिन्- मलाई त्यो साल सम्झ्यो कि झोक चलेर आउँछ । त्यसपछि राहतका रूपमा पाएको जस्ता भत्किएको घरमै छेकबार गरेर बस्न थालिन् ।

ढुङ्गाको गारो, निकै होचो । त्यसैमा जस्ता ओढाइ बसिरहिन् उनी । जाडोको ठण्डी होस् वा गर्मी, दुवै समय जतिसुकै कष्ट भए पनि त्यहीँ बस्नुको विकल्प थिएन उनीसँग । 'जाडोमा शीत चुहिएर हैरान हुन्छ भने चैत वैशाखको समयमा हावाहुरीले त्यही छानो पनि उडाएर लैजाने डरले सताइरहन्छ'- उनले चिन्ता व्यक्त गरिन् । सरकारले ज्येष्ठ नागरिकलाई उपलब्ध गराउने भत्ता एकमात्र आम्दानीको स्रोत भएकी मनमाई जतिसुकै डर/त्रास लागे पनि सोही घरमा बस्नुको विकल्प नभएको सुनाउँछिन् । हो पनि, आफ्ना नभएका र जेठीपट्टिका सन्तानले मतलव नगरेपछि गरुन् नै के र ?

सरकारले अरुलाई जस्तै उनलाई पनि घर बनाउन पहिलो किस्ता नदिएको हैन । तर कसैले पनि सहयोग नगरेकाले उनले घरको काम सुरु नै गर्न सकिनन् । त्यसैले उनले घर नै नबन्ने देखेर माइत गई बस्ने निर्णय गरिन् । उनले सुनाइन्- आखिर दुःखीलाई सहयोग गर्ने कोही हुँदोरहेनछ । त्यसैले बरु माइतीमै गए केही हुन्छ कि भन्ने लाग्यो र उतै जाने निर्णय गरेँ ।

माइत जाने निर्णय त गरिन् मनमाईले तर त्यो निर्णय लागु भने भएन । ठीक यही बेला उनकै गाउँमा भूकम्प प्रभावितहरूलाई सहयोग गरिरहेको प्रयास दोस्रोले मनमाईको घर बनाउन सहयोग गरिदिने भयो । यसका लागि परियोजनाका कर्मचारीले उनका आफन्त र छिमेकीलाई पटकपटक भेटी घर बनाउने कार्यमा सहयोग गर्न अनुरोध गरे । अन्तिममा छिमेकी टङ्कबहादुर तामाङ मनमाईको घर बनाइदिन सहयोग गर्न तयार भए । प्रयास दोस्रोका फिल्ड अफिसर वाङ्गेल लामा भन्छन्- टङ्कबहादुरले पूरै जिम्मेवारी लिएर घर बनाउन सघाउने भएपछि हामी मिलेर काम गर्न थाल्यौँ ।

हेर्दाहेर्दा परियोजना र छिमेकीको सहायतामा मनमाईको घर तयार भयो । मनमाई भन्छिन्- यो मैले नसोचेको काम भयो । अब किन माइत जान्थेँ र ? बस्न योग्य बनाएर यही घरमा सर्छु चाँडै । 'अब त ढुक्क भयो । आफ्नै घरमा बस्न पाइने भो । यति भएपछि मर्ने बेलामा पनि ढुक्कले सास जान्छ अब मेरो'- परियोजना र छिमेकी टङ्कबहादुरको गुन कहिल्यै नबिर्सने प्रतिबद्धतासहित सुनाइन् उनले ।

# मानवीय सेवा



गोपालकृष्ण बस्नेत

प्रयास आफैँमा ऊर्जावान शब्द लाग्छ। जिन्दगीमा सदैव प्रयास गरिरहनुपर्छ। नियमित अभ्यास र प्रयासले नै मानिसलाई सफलता हात पर्छ। प्रयास गर्ने पटक्कै जाँगर चलेन सानोमा। जब आफूले आफैँलाई चिन्न थालेँ अनि बुझेँ प्रयास र अभ्यासको महत्व।

प्रयासको महत्व झन् धेरै बुझेका छौँ हामीले प्रयास परियोजनाका माध्यमबाट। भन्न जति सजिलो छ प्रयास गर्न त्यति नै कठिन र चुनौती पनि। तर पनि हिम्मत हार्नुहुँदैन। सय माइलको यात्रा एक पाइलाबाट सुरु हुन्छ भन्ने भनाइ आत्मसाथ गर्दै समुदायका विपन्न, अपाङ्गता भएका, एकल महिला र परिवारबाट अपहेलित व्यक्तिको जीवनलाई नजिकबाट नियाली काम सुरु गरियो। परियोजनाको उद्देश्य र मर्मलाई आत्मसात गर्नु हाम्रो कर्तव्य थियो। सूचनामा पहुँच नभएका कारण सरकारले घोषणा गराएको सेवा/सुविधाबाट वञ्चित भएका परिवारलाई सुविधामा पहुँच पुऱ्याउनु र परियोजनाको सामान्य सहयोगमा समुदायबाट अपहेलित वर्गको आत्मसम्मान फर्काउनका लागि साथ दिनु प्रमुख उद्देश्य थियो।

परियोजनाले आफ्नो कार्यक्षेत्रमा जीविकोपार्जन, पुनर्निर्माण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा समावेशीकरणको अवधारणाअनुसार काम गरिरहेको थियो। मुख्यगरी दनुवार, माझी र तामाङ जातिको मुख्य बसोबास क्षेत्र भएकाले काममा साँच्चै राम्रै चुनौती समाना पनि गरियो। जनजाति बस्ती अनि सचेतीकरण कार्यक्रम। परेन त फसाद ! तर पनि समुदायका लागि काम गरिरहेको हुँदा समुदायका अगुवाको भने राम्रो साथ पाएका थियौँ।

जनजाति बस्तीमा चेतनाको कमी अनि सांस्कारिकरूपमा प्रयोग गरिने मद्यपानले यहाँका मानिसको स्वास्थ्यलाई नराम्रोसँग प्रभाव पारेको छ। त्यसैको परिणाम हो- अकाल मृत्यु र अपाङ्गता भएका व्यक्तिको बढ्दो सङ्ख्या। परियोजनाको लाभग्राही छनोट गर्ने चरणमा हामी एउटा यस्तो घरमा ठोक्कियौँ जसले हामीलाई सोच्न बाध्य बनायो। नाम थियो- कुलबहादुर माझी। इन्द्रावती गाउँपालिका-११ स्थित बोडगाउँ समुदायमा स्थायी बसोबास भएका कुलबहादुर माझी ७२ वर्षका थिए। साथमै रहेकी श्रीमती पुतली माझी झनै बढी अर्थात ७९ वर्ष। अनि नाता पर्ने नातिनी रोशनी माझीचाहिँ १९ वर्ष। यसरी ३ जनाको परिवारमा रहेका कुलबहादुर माझीको आँखाको ज्योति भूकम्पसँगै गुम्यो तर भूकम्पमा परेर हैन, मोतीविन्दुको समयमा नै उपचार नपाएर। उहाँको मात्र हैन, श्रीमती पुतलीको पनि। अनि परिवार चलाउने जिम्मेवारी आयो तिनै नातिनी रोशनीमा। परिवार चलाउने जिम्मेवारीले गर्दा पढाई पनि छुट्‌यो उनको।

भूकम्पपछिको पुनर्निर्माणमा आएको रकम पुतलीको उपचारमा नै सकिएपछि घर निर्माणका लागि असमर्थ

भयो यो माझी परिवार । माझीको जस्तै परिवारलाई सहयोग गर्नका लागि भनी प्रयास त्यहाँ पुगेको थियो । पुनर्निर्माणका लागि परियोजनाको लाभग्राही सूचीमा त परे उनी तर कसरी निर्माण सम्पन्न गर्ने ? चुनौती थियो परियोजनालाई । एक छोरीको विवाह गरिसकेको तर खासै वास्ता नगर्ने । कुलबहादुर सुनाउनुहुन्छ- 'सबै सम्पत्तिका लागि गर्ने हुन, मैले बारी पास गरेर दिएँ मेरो हेरचाह गर्ने रे । यो भन्दा नि नराम्रो हालत भयो भने कसले हेर्छ हामीलाई ? त्यसैले हामीलाई हाम्रो नराम्रो अवस्थामा जसले हेरचाह गर्छ उसैलाई दिन्छु सम्पत्ति भनेको त छोरी ज्वाइँ नै रिसाएका छन् हामीसँग ।' परियोजनाको बारम्बारको अनुरोधपछि छोरी ज्वाइँले घर बनाउने जिम्मा लिए । अनि बोडगाउँमा सञ्चालित रिफ्लेक्ट केन्द्रका सहभागीले पनि घरको जग निर्माणमा सहयोग गरे । साथै परियोजनाको जिम्मेवारीमा सामग्री व्यवस्थापनले बन्यो उनीहरूको एक कोठे घर ।

उहाँको जीवनमा घरभन्दा नि महत्वपूर्ण विषय थियो उहाँको आँखाको ज्योति । घर त बन्यो तर यो घर कस्तो बन्यो र गाउँ कस्तो बनेको छ भूकम्पपछि भन्ने हेर्ने चाहना थियो उहाँमा । कुलबहादुर भन्नुहुन्छ- आँखाको उपचार गर्न जाने हैसियत छैन, गर्दिने कोही छैन, अनि कसरी हुन्छ त उपचार ? नातिनी रोशनीको पनि उही थियो भनाइ- कसलाई गुहार्नु ? जसलाई गुहारे पनि सुनिदिने कोही हैन । आफ्नो अस्पताल लैजान सक्ने क्षमता छैन ।

परियोजनाले उहाँको अवस्था नकार्न सक्ने आँट गरेन । बरु वडा र समुदायसँग छलफल गरी कसरी उहाँको उपचार गर्ने होला भन्ने उपायको खोजीमा लाग्यौँ । त्यसैको १५ दिनपछि स्थानीय जलदेवी क्रसरको आयोजनामा बनेपाको रेयुकाइ अस्पतालसँगको समन्वयमा इन्द्रावती गाउँपालिका-१२ मा आँखा शिविर सञ्चालन भयो । जहाँ उपचारका लागि माझी दम्पतीसहित ७ जना ज्येष्ठ नागरिकलाई परियोजनाले त्यहाँ पुऱ्यायो । माझी दम्पतीकै शल्यक्रिया गर्नुपर्ने चिकित्सकको सल्लाहअनुसार परियोजनाको सहयोगमा बनेपास्थित अस्पताल पुऱ्याइयो । शल्यक्रिया अस्पतालले निःशुल्क गरिदियो भने बाँकी व्यवस्था परियोजनाले गऱ्यो । दुवै आँखाको शल्यक्रियापश्चात अहिले माझी दम्पती पुनः संसार देख्न सक्ने भएका छन् । आँखा बन्द भएसँगै उभिएर हिँड्न छाड्नुभएका उहाँ वडाले उपलब्ध गराएको वैशाखीको सहारामा भित्र/बाहिर गर्न थाल्नुभएको छ । माझी भन्नुहुन्छ- भगवान को दर्शन गर्न मन्दिर पुग्नुपर्दो रहेनछ । भगवान आफैँ घरमा दर्शन दिन आउनुहुँदो रहेछ । प्रयासका नानी/बाबुको रुपमा ।

त्यस्तैगरी परियोजनाद्वारा समुदायमा नागरिकताबाट वञ्चित भएका, अपाङ्गता परिचयपत्र नलिएका व्यक्तिहरूलाई सहयोग गर्ने हेतुले घरघरमा पुगी तथ्याङ्क सङ्कलन गरियो । समुदायका केही मानिसले सूचना दिन कन्जुस्याइँ गरे, तथ्याङ्क लिन जाँदा के राहत पाइन्छ ? राहत पाउने भए भन्छौँ, नभए भन्दैनौँ भनी अड्को थापेको तीतो यथार्थ छ परियोजनाकी सामाजिक परिचालक बुद्धलक्ष्मी दनुवारसँग । तर पनि समुदायलाई बुझेको मानिसको साथले आवश्यक तथ्याङ्क सङ्कलन गरियो । अपाङ्गताको विषयमा समुदायमा सञ्चालन गरिएको रिफ्लेक्ट केन्द्रमा पनि छलफल गरियो । रिफ्लेक्ट केन्द्रको अनुरोधमा समुदायमा नै परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गरी अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई सहयोग गरियो ।

परिचयपत्र वितरण प्रक्रिया लामो भएका कारण एक दिनमा नै समुदायका सबै मानिसलाई समेट्न सकिएन जसका कारण समुदायमा अझै पनि परिचयपत्र नलिएका व्यक्ति धेरै छन् । त्यसैको एक उदाहरण हुन्- इन्द्रावती गाउँपालिका-१२ की विमला दनुवार । घुम्ती शिविरमा परिचयपत्र लिन छुटेको भए तापनि परियोजनाका कर्मचारी साथीहरूको सहयोगमा सम्पूर्ण प्रक्रिया पूरा गरी पालिकामा सिफारिस गरियो । अनि बन्यो परिचयपत्र ।

इन्द्रावती गाउँपालिका वडा नं. १२ पीपलटार बस्ने १२ वर्षीय विमला दनुवार जन्मजातै बहुअपाङ्ग हुनुहुन्छ । विमलाको परिवारमा हजुरआमा, कान्छीआमा, बुबा, दिदी, भाइसहित ६ जना छन् । विमला ४ वर्षको हुँदा उनको आमाको प्यारालाइसिसका कारण उपचारकै क्रममा मृत्यु भएको थियो । आमाको मृत्युपछि हजुरआमाले परिवारको हेरचाह गरिरहनुभएको छ। माइली दनुवार (हजुरआमा) भन्नुहुन्छ- नातिनीको बोली आएन, हात चलेन, कति अस्पताल लगेर उपचार गर्दा पनि स्वास्थ्यमा सुधार भएन ।

परिचयपत्र पाएपछि उहाँ सरकारबाट पाउने सुविधाका लागि योग्य हुनुभएको छ। जसबाट पालनपोषण गर्ने हजुरआमालाई सजिलो भएको छ। विद्यालय जान छाड्नुभएकी विमलालाई पुनः विद्यालय फर्काउन निकै कठिन भएको थियो । जब भत्ता आउन थाल्यो त्यही पैसा दिएर पुनः विद्यालय फर्काउन सफल भएको बताउनुहुन्छ माइली । नगद दिएर विद्यालय पठाउने बानीले पछि समस्या पर्ला नि भन्ने हाम्रो प्रश्नमा माइली भन्नुहुन्छ- केही पाउन केही गुमाउनुपर्छ । दिउँसोभरि फोहोर खेलेर बस्नुभन्दा साथीसङ्गतले राम्रो पनि त हुन्छ नि । त्यसमाथि म आफैँ विद्यालय गएर समय-समयमा उनको बारेमा जानकारी पनि लिने गरेकी छु। तर घरनजिकै अपाङ्गतामैत्री विद्यालय नभएका कारणले गर्दा एउटै कक्षामा दोहोऱ्याएर पढ्नुको विकल्प भने छैन उनीहरूसँग ।

अपाङ्गता परिचयपत्रमात्र हैन, नागरिकताबाट समेत वञ्चित इन्द्रावती गाउँपालिका-४ की २५ वर्षीया अनिता श्रेष्ठले २१ वर्षको उमेरमा सन्दीपसँग भागी विवाह गर्नुभएको थियो। विवाह गरेको ४ महिनासम्म जीविका सहज नै थियो तर त्यसपछिका दिन आफूलाई निकै कठिन भएको बताउनुहुन्छ उहाँ । झन् नागरिकता पनि नहुँदा धेरै पीडा झेल्नुपरेको बताउनुहुन्छ। विवाहअगाडि नागरिकता बनाएको थिएन। विवाहपछि नागरिकता बनाउनका लागि

> **परियोजनाको लाभग्राही छनोट गर्ने चरणमा हामी एउटा यस्तो घरमा ठोक्कियौँ जसले हामीलाई सोच्न बाध्य बनायो ।**

श्रीमान्सँग बारम्बार अनुरोध गर्दा आफूलाई नराम्रो व्यवहार गर्न थालेको तीतो यथार्थ पनि छ उहाँसँग । त्यसपछि नागरिकता नै नबनाउने सोचमा पुग्नुभएकी अनितालाई प्रयास दोस्रो परियोजनाले पाडामरुवामा सञ्चालन गरेको रिफ्लेक्ट केन्द्रको साथ र सहयोगले नागरिकता बनाउने इच्छा जाग्यो । अनिता आफ्ना पीडा श्रीमान्को डरले कसैलाई सुनाउनुहुन्नथ्यो । तर मनका पीडा मनमा नै राखेर बस्ने बानी भने परेको थियो । छलफल केन्द्रमा नागरिकता, विवाह दर्ता र जन्मदर्ताको आवश्यकता र महत्वका विषयमा छलफल भइरहेको समयमा पनि अनिताले आफ्नो पीडा सुनाउन छिमेकी सलिना नेपालीको सहारा लिनुपऱ्यो ।

विवाह दर्ता गर्न नमानिरहेका अनिताका श्रीमान्लाई परियोजनाका कर्मचारीले भेटिसकेपछि विवाह दर्तामात्र हैन, श्रीमतीको नागरिकतासमेत बनाइदिइसक्नुभएको छ। विवाह दर्ता नभएका कारण छोरीको जन्मदर्ता गर्न रोकिएकामा अहिले छोरीको जन्मदर्ता पनि गरिसक्नुभएको छ ।

## चुनौती

माथि उल्लेख गरिएका प्रतिनिधि पात्रमात्र हुन् प्रयासले गरेका प्रयासको। यी र यस्ता क्रियाकलापहरू सञ्चालन गर्नका लागि परियोजनाले धेरै चुनौती सामना गर्नुपऱ्यो । समुदायका मानिसमा रहेको चेतनाको स्तरले पनि कामलाई प्रभाव पार्दोरहेछ ।

चेतनाको स्तर कम भएका कारण नागरिकताको महत्वका विषयमा समेत राम्रोसँग ज्ञान छैन भने ज्ञान भएका परिवारहरूले पनि महिलाको नागरिकता बनाउन हिच्किचाइरहेका देखिन्छ। सरकारले अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराउने सेवा/सुविधाबारे पनि थोरैलाई मात्र जानकारी भएको र आर्थिक सहायतालाई मात्र सुविधा ठान्ने तर अन्य सहुलियतलाई सुविधा नठान्ने प्रवृत्तिले अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र वितरण गर्न समस्या भएको थियो ।

हामीले सहयोग गरेका धेरैजसो व्यक्ति ७० वर्षभन्दा माथिका र आफन्त नभएका हुंदा उनीहरूको स्याहारसुसारमा पनि समस्या भोग्नुपर्‍यो। त्यसैको उदाहरण हो- मोतीविन्दुको शल्यक्रिया। अनि पुनः गुहार्नुपर्‍यो खेताला उनीहरूको रेखदेखका लागि।

महिला सशक्तीकरण र अधिकारका लागि समुदायमा संयुक्त लाल पुर्जाको पनि विषय उठान गरियो। तर दनुवार र माझी समुदायमा पुर्खौंदेखि जग्गा हस्तान्तरण नगरेका कारण हामीले यसलाई अगाडि बढाउन सकेनौं। यसबाट भूमि अधिकारको क्षेत्रमा काम गर्नेहरूले जग्गाको पुस्ता हस्तान्तरणको विषयमा समुदाय तथा सम्बन्धित निकायलाई सचेतीकरण गर्नु आवश्यक देखिन्छ।

समुदायका प्रत्येक व्यक्तिमा देखिएका समस्या आफ्नो जस्तो लागेरमात्र पनि नहुँदो रहेछ। सबैको समाधान गर्न असमर्थ भइँदोरहेछ। यसैको एक उदाहरण हो- इन्द्रावती गाउँपालिका-११ का ८ वर्षीया विराज माझी। मुटुमा आएको समस्याका लागि हामीलाई अनुरोध गरे पनि सीमित स्रोत साधनका कारण सहयोग गर्न सकेनौं।

एकजनालाई मात्र प्राथमिकतामा राखी काम गरेको आरोप पनि भोग्यौं हामीले। परियोजनामा भएको निश्चित बजेट अनि निश्चित समयसीमाले बाँधिएका थियौं हामी। परियोजनाका अरु प्राथमिक कामका कारण हामीले यसलाई अझै विस्तृतरूपमा केलाउन पाएनौं। जसको कारण समुदायमा अझै धेरै समस्यामा रहेका ज्येष्ठ नागरिक, महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिका समस्या न्यूनीकरण गर्न सकेनौं।

## सामना

एक्लैले गरेको प्रयास धेरै हदसम्म प्रभावकारी नहुँदोरहेछ। त्यसैले हामीले स्थानीय तह, समुदायका जानिफकार आदिको सहयोगमा काम अगाडि बढायौं। त्यतिमात्र हैन, स्थानीय स्तरमा व्यवसाय सञ्चालन गरेर बसेका ऋसर व्यवसायी, स्थानीयस्तरका र जिल्लास्तरका नेपाल सरकारका कर्मचारीसँग सन्निकटको सम्बन्ध स्थापना गरी काम अगाडि बढायौं। समुदायमा देखिएका समस्या र पीडितहरूको वास्तविकतालाई मसिनोसँग विश्लेषण गरेर पालिकामा नियमित प्रतिवेदन बुझाउँदा काम सहज तरिकाले अगाडि बढाउन सकियो। त्यसैको प्रतिफल हो- कुलबहादुर माझीलगायतका ६ जना ज्येष्ठ नागरिकको दृष्टि फिर्ता र अनिता श्रेष्ठको नागरिकता।

## सिकाइ

संयुक्त प्रयासले नै समस्यालाई पार लगाउन सकिँदोरहेछ। लामो समयदेखि अपाङ्गता परिचयपत्र बनाउन नसकेकी थमिनी माझीको कहानीले प्रमाणित गर्छ यो विषयलाई। परिचयपत्र लिन सदरमुकाम चौतारा जान आँट गर्न नसकेकी उनले, प्रयासले पालिकासँग समन्वय गरी सञ्चालन गरेको परिचयपत्र वितरण कार्यक्रमबाट लाभ लिन सकिन्। त्यसैले समुदायको आवश्यकता र मागलाई मध्यनजर गरी कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुने रहेछ। लक्षित वर्गका लागि उनीहरूको घर आँगनमा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारबाट लाभ लिन छुटेका परिवार सजिलै सेवा/सुविधाको पहुँचमा पुग्दारहेछन्। समुदायमा अझै पनि रोग र अपाङ्गतासम्बन्धी सचेतीकरणको अभाव देखियो। यसबाट हामीले के सिक्न सकिन्छ भने समुदायका विपन्न

वर्गलाई यस्ता विषयमा समय समयमा अभिमुखीकरण गर्न आवश्यक छ। जसले गर्दा भोलिका दिनमा समुदायका मानिसले अनावश्यक दुःख भोग्न नपरोस् ।

त्यस्तै सेवा/सुविधाबारे जानकारी दिइसकेपछि समयसमयमा उनीहरूलाई घरदैलो गरी त्यस्तो सेवा/सुविधा लिए/नलिएकोबारे अनुगमन पनि गर्नुपर्ने रहेछ। अनुगमन नगर्दा सेवा/सुविधा पाउन योग्य भए तापनि सेवा लिन छुटेका हुने रहेछन् । त्यसैको अर्को उदाहरण हो- इन्द्रावती गाउँपालिका-१२ का सन्तबहादुर दनुवार । परिचयपत्र प्राप्त गरिसकेपछि वडा कार्यालयमा पुनः अनलाइन अभिलेखीकरणका लागि पेश गर्नुपर्नेमा उनले सो काम छुटाए । अनि छुटे पहिलो चौमासिकको सुविधा लिनबाट । त्यसैले कुनै एउटा काम गरिसकेपछि पुनः त्यसको प्रभावकारिता मापनका लागि अनुगमन अपरिहार्य रहेछ। समुदायका ज्येष्ठ नागरिक अर्थात वास्तविक लक्षित वर्गको समस्या समाधान गर्न सकियो भने समुदायमा संस्थाको, परियोजनाको र कर्मचारीको ख्यातिमा पनि वृद्धि हुँदोरहेछ जसले समुदायमा काम गर्न सहज हुने रहेछ ।

भोलिका दिनमा संस्थाहरूले परियोजनाको काम गर्दा वास्तविक लक्षित वर्गहरूसँग आत्मीयताको सम्बन्ध स्थापना गरी उनीहरूको वास्तविक पीडालाई नजिकबाट नियाल्नुपर्ने रहेछ। जसको मद्दतले ऊ वास्तविक पीडित हो कि होइन खुट्याउन सहज हुनेछ। त्यस्तै परियोजनाको लक्ष्य र आफ्नो व्यक्तिगत लक्ष्यलाई एकीकृत गरी काम गर्दा कामप्रतिको सन्तुष्टि बढ्नुका साथै अझै समुदायका लागि काम गर्न ऊर्जा मिल्ने रहेछ। हामीलाई सानो र सामान्य लागेको सहयोग वास्तविक पीडितलाई राहतको थुप्रो हुने रहेछ । त्यसैले सहयोगलाई सानो/ठूलो नभनीकन आवश्यकता हेरेर गर्नु नै बुद्धिमानी हुने रहेछ ।

परियोजना संयोजक

# बूढेसकाल सहज हुने आशा



मोतीबिन्दुको सफल शल्यक्रिया पश्चात माझी दम्पती

परिवार सङ्ख्या ३ । श्रीमान् कुलबहादुर माझी ७१ वर्ष । श्रीमती पुतली माझी ८५ वर्ष । साइनोकी नातीनि १९ वर्ष, एउटी भएकी छोरी बिहे गरेर गइन् कर्म घर । फेरि दुवै बूढा/बूढी स्वस्थ भए त हुन्थ्यो । दुवैलाई मोतिविन्दु । आँखा राम्रोसँग नदेख्ने । त्यसैले कसैले बाहिर राखिदियो बाहिरै बसिरहनुपर्ने । कसैले भित्र लगिदियो, भित्रै बसिरहनुपर्ने । अरु रोग के छ नि ? प्रश्न खस्न नपाउँदै दुवैजना एकै स्वरमा भन्छन्- के छ हैन, के छैन भनेर सोध्नु न बाबु ।

केही समयदेखि एक नातिनीले यी बूढा/बूढीलाई खाना ख्वाउने, पानी ल्याइदिने र अन्य आवश्यकीय स्याहार गर्दै आएकी छिन् । त्यसैले जीवन अलिक सहज बनेको छ। आफ्नै जीवन त कसरी स्वस्थ राख्ने भन्ने चिन्तामा रहेको यो दम्पतीले भूकम्पले भत्काएको घर कसरी बनाउने ? कसले सामान ल्याइदिने ? कसले हेरविचार गरिदिने ? चिन्तामाथि चिन्तामा डुब्नुको विकल्प थिएन उनीहरूसँग ।

एकदिनको कुरा हो । भूकम्प प्रभावित सीमान्तकृत माझी समुदायलाई पुनर्निर्माण, जीविकोपार्जन र प्रकोप जोखिम न्यूनीकरणमा सघाइरहेको प्रयास दोस्रोका कार्यकर्ता उनको घरमा पुगे। उनीहरूको अवस्था प्रत्यक्ष देखिसकेपछि केही दिनमै



मोतिविन्दुको अपरेसनका लागि प्रबन्ध मिलाए। काभ्रेको बुडोलमा बूढाबूढीकै मोतिविन्दुको अपरेसन भएपछि अहिले भने दुवैजना आँखा देख्न थालेका छन्। जसलाई यो दम्पती आफ्नो नयाँ जीवन भन्न रुचाउँछन्। कुलबहादुर भन्छन्- प्रयासका बाबु/नानीहरूले हामीलाई संसार देखाइदिनुभो।

प्रयास दोस्रोले यो दम्पतीका लागि गरेको काम यतिमा सीमित छैन। उनीहरू वृद्ध भएकाले यो परियोजनाले नै पूरै जिम्मा लिएर घर बनाइदिएको छ। सरकारले दिने ३ लाख अनुदानमा प्रयासले ५० हजार थपेर घर बनाइदियो। यो कार्यक्रमका संयोजक गोपालकृष्ण बस्नेत भन्छन्- उहाँको अवस्था देखेर हामीलाई यति त गर्नैपर्छ भन्ने लाग्यो। त्यसपछि सबैजना मिलेर घर बनाउन सघायौँ।

प्रयास दोस्रोले नै सञ्चालन गरेको रिफ्लेक्ट कक्षामा २७ जना सहभागी छन्। यी सबै मिलेर जग खन्न र ढुङ्गा बोक्न सघाए। अनि प्रयासकै रेखदेख र समन्वयमा यो वृद्ध दम्पतीको घर तयार हुन सकेको छ। प्रयासकी फिल्ड अफिसर जमुना न्यौपाने भन्छिन्- स्थानीय समुदाय, हार्डवेयर व्यापारी र क्रसर व्यवसायीसँगको सहकार्यमा कुलबहादुरको घरमात्र बनेको छैन, शौचालय र गोबरग्यास प्लान्ट पनि निर्माण भएको छ। प्रयासले नै २ वटा पाडो किन्न ३६ हजार ५ सय रुपियाँ पनि उपलब्ध गराएको छ। जसबाट पाडो किनेर हुर्काइँदैछ। यी पाडा बेचेर आउने पैसाले बूढेसकाल सहज बनाउन मद्दत पुग्ने आशा लिएको पुतली माझीको भनाइ छ। यी पाडालाई पानी खुवाउने, घाँस काट्ने र रेखदेख गर्ने कामचाहिँ तिनै नातिनीले गर्छिन्। पाडा किन्नचाहिँ आफन्तले सहयोग गरेका बताउने पुतली भन्छिन्- सारोगाह्रो पर्दा आफन्त, संस्थाका मानिस र वरपरकाले सहयोग गर्छन्। यो हाम्रो राम्रो पक्ष पनि हो।

सरकारले ज्येष्ठ नागरिकलाई दिने भत्ता पनि यो दम्पतीका लागि राम्रै वैशाखी बन्न सकेको छ। अनाज समान्यतया आफ्नै उत्पादनले पुग्ने र मासिक आउने ४ हजार भत्ताबाट नून, तेल, मसला, औषधोपचार आदिलाई भरथेग पुगेको उनीहरू एक स्वरमा बताउँछन्। आफ्नो बूढेसकाललाई सहज तुल्याउन प्रयास दोस्रोले पुऱ्याएको योगदान कहिल्यै नबिर्सने र यसका लागि 'माथि' बाट समेत आशीर्वाद पाइरहेको उनीहरू खुसी हुँदै बताउँछन्।

# राहत भयो जीवनमा

इन्द्रावती गाउँपालिका वडा नं. ११ को बोडगाउँ बस्ने ५५ वर्षीय जसमान माझीको १७ वर्षकै उमेरमा थमिनी माझीसँग विवाह भएको थियो। आफ्नो घर व्यवहार चलाउन ज्याला मजदूरी गर्ने उनीहरू इन्द्रावती खोलामा माछा मार्ने पनि गर्थे। त्यसबाहेक आफ्नो भएको ३ रोपनी बारीमा खेतीपाती लगाएर भए पनि जीवन चलाएकै थिए। २ छोरा र १ छोरीको जन्म भयो। हाल ३ वटै छोराछोरीको विवाह भइसकेको छ।

यसरी परिवार सहजै चल्दै आएको थियो। अचानक २०६५ साल फागुनमा आँखामा समस्या आयो जसमानको। अस्पताल गएर उपचार गर्दा पनि केही लागेन। दुवैवटा आँखा बन्द भयो। आफूले केही गर्न नसक्ने भएपछि बाहिर/भित्र गर्न पनि परिवारको सहारा चाहिने भयो। यसैबीच छोरा/बुहारी काठमाडौँ बस्न गए। घरमा जसमान र श्रीमतीमात्र रहे। यसरी कमाउने कोही भएन। कहिलेकाहीँ बिरामी हुँदा उपचार गर्ने खर्च पनि नहुने भयो। आफ्नो बारीको उब्जनीले एकाध महिना पनि नधान्ने भएकाले समस्यानै समस्याको चाङमाथि बस्न बाध्य थिए जसमान दम्पती। उनीहरूलाई सरकारबाट पाइने सेवा/सुविधाबारे थाहा त छ तर त्यो लिन चौतारा जानुपर्ने भएकाले प्राप्त गर्न पनि समस्या छ। कहाँ जाने, कसरी जाने, कोसँग जाने जस्ता जानकारी नहुँदा सरकारी सुविधासमेत लिन नपाएको गुनासो उनीहरूको छ।

थमिनी माझीको भनाइ छ- जब हाम्रो समुदायमा प्रयास दोस्रो परियोजना आयो, त्यस संस्थाले अपाङ्गता भएका, एकल महिला, बालबालिका घरमूली भएका, ज्येष्ठ नागरिक र अति विपन्न घर छनोट गरी



जसमान माझी श्रीमती थमिनी माझीका साथमा

२६ घरका २६ जना सहभागी राखेर छलफल केन्द्र सञ्चालन गर्‍यो। त्यस छलफल केन्द्रमा म पनि सहभागी हुन पाएँ। त्यस छलफल केन्द्रमा समुदायमा भएका समस्याका विषयमा छलफल त हुन्थ्यो नै, साथै समस्यामाथि मन्थन भएर समाधानसमेत हुन थाल्यो। जसले मलाई त्यहाँ जाउँ जाउँ लाग्ने बनायो।

छलफलकै क्रममा उनले आफ्नो श्रीमान्‌को समस्या राखिन्। त्यस विषयमा छलफल भयो लामै। अनि प्रयास परियोजनाकै सहयोगमा वडा नम्बर १२ मा एकदिने अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम सञ्चालन भयो। संस्थाकै गाडीले घरमा आएर त्यस शिविरमा लान सहयोग गर्‍यो। अनि ख वर्गको अपाङ्गता कार्ड बन्यो। ‘यो कार्ड बनिसकेपछि मासिकरूपमा १६ सय रुपियाँका दरले



भत्ता पाइरहेका छौँ । जसले जीविका धान्न केही भए पनि सहज भएको छ । यो निकै खुसीको कुरा हो'- थमिनीले खुसी व्यक्त गरिन् ।

त्यस्तै अर्कि पात्र इन्द्रावती गाउँपालिका वडा नं. १२ पीपलटार बस्ने १२ वर्षीया विमला दनुवार जन्मजातै बहुअपाङ्ग छिन् । विमलाको परिवारमा हजुरआमा, कान्छीआमा, बुबा, दिदी, भाइसहित ६ जना छन् । विमला ४ वर्षको हुँदा उनको आमाको प्यारालाइसिसका कारण उपचारकै क्रममा मृत्यु भएको थियो । आमाको मृत्युपछि हजुरआमाले परिवारको हेरचाह गर्नुभएको थियो तर उहाँको स्वास्थ्यमा समस्या देखियो । आमा बितेको ४ वर्षपछि बुबा मिलन दनुवारले अर्को विवाह गर्नुभयो । माइली दनुवार (हजुरआमा) भन्नुहुन्छ- नातिनीको बोली आएन, हात चलेन, कति अस्पताल लगेर उपचार गर्दा पनि स्वास्थ्यमा सुधार भएन ।

समुदायमा र समुदाय नजिक अपाङ्गतामैत्री विद्यालय नभएकाले विमला शिक्षाबाट वञ्चित हुनुपरेको छ । पहिले-पहिले उनलाई विद्यालय पठाए तापनि खासै उपलब्धि नभएको बताउनुहुन्छ हजुरआमा । विद्यालयले खाजा सेवा सञ्चालन गरेपछि घरनजिकै रहेको पञ्चकन्या आधारभूत विद्यालयको कक्षा १ मा पुनः भर्ना भएकी छिन् विमला ।

बहुअपाङ्ग भएर पनि नेपाल सरकारबाट पाइने सेवा/सुविधाबारे जानकारी नहुँदा त्यसबाट वञ्चित भएकी थिइन् । समुदायमा सञ्चालित छलफल केन्द्रमा अपाङ्ग, एकल महिला, ज्येष्ठ नागरिक र अति विपन्न घरका सदस्य संलग्न छन् जुन केन्द्र प्रयास दोस्रो परियोजनाले वडा कार्यालयको समन्वयमा वडा नं. १२ स्थित पाङ्गलटारमा सञ्चालन गर्दै आएको छ । विमलाकी हजुरआमा सोही कक्षाकी एक सहभागी हुन् । एकदिनको कुरा हो, अपाङ्गताबारे छलफल हुँदै गर्दा माइलीले अपाङ्गता भएकालाई सरकारले सुविधा दिनेबारे जानकारी पाइन् । उक्त जानकारी पाएपछि ती सेवा/सुविधा पाउने प्रक्रियाबारे सोधखोज गर्न थालिन् । त्यसक्रममा प्रयास दोस्रो परियोजनाको सहयोगबाट अपाङ्गता परिचयपत्र प्राप्त गर्न सफल भइन् ।

परिचयपत्र पाएपछि उनी नेपाल सरकारबाट पाउने सुविधाका लागि योग्य भएकी छिन् । जसबाट उनलाई पालनपोषण गर्ने हजुरआमालाई सजिलो भएको छ । 'हामीले सरकारले दिने सेवा/सुविधाका विषयमा जानकारी नपाउँदा यस्तो सुविधाबाट वञ्चित भयौँ तर अब भने म छरछिमेकमा समेत यसबारे जानकारी गराउँछु ताकि अरुले यस्तो समस्या भोग्न नपरोस्'- माइलीले बताइन् ।

विद्यालय जान छाडेकी विमलालाई पुनः विद्यालय फर्काउन निकै कठिन भएको थियो उनलाई । जब भत्ता आउन थाल्यो त्यही पैसा दिएर पुनः विद्यालय फर्काउन सफल भएको बताउनुहुन्छ माइली । नगद दिएर विद्यालय पठाउने बानीले पछि समस्या आउला नि भन्ने प्रश्नमा माइलीको भनाइ छ- केही पाउन केही त गुमाउनैपर्छ नि । दिउँसोभरि फोहोर खेलेर बस्नुभन्दा साथीसङ्गतले राम्रो पनि त हुन्छे नि । त्यसमाथि म आफैँ विद्यालय गएर समय/समयमा उनको बारेमा पनि जानकारी लिने गरेको छु नि त ।

# सिँचाइ कुलोले फर्काएको सामाजिक सद्भाव

सिन्धुपाल्चोकको तराई भनेर चिनिने भीमटार समथर भूभाग, ऊर्वर माटो र ठूलाठूला टारहरू हेर्दै रहर लाग्नेछ । तर गर्मी भने उत्पात । गर्मीको समयमा यहाँको तापक्रम ४० देखि ४२ डिग्रीसम्म पुग्छ । तातो हावापानी भएकाले यो क्षेत्रमा मकै, मास, तिल, तोरी, गहुँ, धानलगायतका विभिन्न खाद्यान्न र नगदेबाली निकै राम्रो उत्पादन हुन्छ । सडक सञ्जालको राम्रो पहुँच, काठमाडौँबाट नजिकको दूरीमा रहेको यो क्षेत्रका बासिन्दाले उत्पादन गरेका कृषि उपजका लागि बजारको समस्या भने पक्कै छैन । समस्या छ त केवल उत्पादनको । दनुवार समुदायको जीवनस्तर उकास्नका लागि स्थानीय तहले उपयुक्त कृषि नीति लिए पुग्छ ।

भीमटारको माटोलाई सिँचित गरी राम्रो उत्पादन लिनका लागि २०२० सालमा नै सिस्ने खोलादेखि पौवासम्म सिँचाइ कुलो निर्माण भई सञ्चालनमा आएको बताउनुहुन्छ- इन्द्रावती गाउँपालिका वडा नं. १२ का वडा सदस्य कृष्णबहादुर दनुवार । उक्त कुलोले भीमटारमा रहेको पौवा, रातमाटे, पाँगलटार, सिमलटार, भीमसेनथान समुदायका लगभग २५० घरको एक हजार जति रोपनी जग्गामा सिँचाइ गरिँदै आएको थियो । २०४५/४६ सालमा नेपाल सरकारको लगानीमा उक्त कुलो मर्मत गरी केही भाग पक्की बनाएपछि समुदायले निरन्तर प्रयोग गर्ने गरेका थिए । तर सिस्ने खोलामा पानी सुक्न थालेपछि समुदायले विकल्पका रूपमा सरस्वती खोला भीमटार सिँचाइ योजना अगाडि सारेका थिए । २०७० सालमा सिँचाइ विभागको लगानीमा सरस्वती खोला भीमटार सिँचाइ योजनाको काम सम्पन्न गरिएको बताउनुहुन्छ वडाध्यक्ष- कमलरत्न दनुवार ।



बुद्धलक्ष्मी दनुवार

> सबैको प्रयासले कुलोमा पानीमात्र चलेन, भूकम्पपछि भत्किएको समुदायको सद्भाव र सामूहिक भावनाको एउटा इँटा उठाउने काससमेत भयो ।

तर २०७२ सालको भूकम्प र त्यही सालको वर्षामा गएको पहिरोका कारणले उक्त कुलो अबरुद्ध भई सञ्चालनमा आउन सकेन । भूकम्पले सबै व्यक्तिको दैनिकीमा परिवर्तन ल्यायो । सबैलाई पापी पेट पाल्ने धून भयो । भएको अन्नपात सबै घरसँगै माटोमा पुरियो । बाँच्नका लागि खानै पऱ्यो र खानाको जोहो गर्नै पऱ्यो । खानाको जोहो विभिन्न सङ्घ/संस्थाले उपलब्ध गराउने राहतको माध्यमबाट गर्नुपर्ने बाध्यता थियो धेरै जनतालाई । भूकम्पको ४ वर्षसम्म पनि

बन्द भएको कुलो पुनः सञ्चालनमा ल्याउनुपर्छ भन्ने सोचाइ भने आएन समुदायका मानिसलाई । स्थानीय कान्छी दनुवार सुनाउनुहुन्छ-भूकम्पको १ वर्षपछि मलगायत केही महिलाले समुदायका केही जानिफकारसँग कुलो मर्मत तथा सरसफाइका लागि अनुरोध गर्‍यौं । तर भूकम्पपछि समुदाय पुरै पैसामुखी र परनिर्भर भयो । विभिन्न सङ्घ/संस्थाले सहयोग गर्ने आशमा हाम्रो अनुरोध सुनुवाइ भएन । बारी हिउँदको समयमा लगभग ४ वर्ष बाँझै रह्यो ।

२०७२ को भूकम्पले समुदायका मानिसको दैनीकीमा मात्र हैन, व्यवहारमा समेत परिवर्तन ल्यायो र समुदायका व्यक्तिमा परनिर्भरता बढ्दै गयो । त्यसैको एक उदाहरण हो- सरस्वती खोला भीमटार सिँचाइ योजना भन्नुहुन्छ शर्मिला दनुवार । 'भूकम्पपछि कुलोमा पानी आउन पनि छाड्यो । सक्ने विदेशतिर र खोलामा बालुवा झिक्नतिर लागे । नसक्नेले वर्षाको पानीको भरमा खेती गर्न थाले । पानी नआए बारी बाँझै'- भन्नुहुन्छ स्थानीय कृषक रामशरण दनुवार । परिणामस्वरूप ६० मुरीभन्दा बढी तोरी र १०० मुरीभन्दा बढी मकै उत्पादन हुने बारी बाँझो रह्यो ४ वर्षसम्म ।

प्रयास परियोजनाले सञ्चालन गर्ने ६ वटा रिफ्लेक्ट केन्द्रमध्ये एउटा रिफ्लेक्ट केन्द्रका लागि पाँगलटारलाई सिफारिस गर्‍यो वडा कार्यालयले । सोहीअनुसार समुदायसँग छलफल गरी परियोजनाले निर्धारण गरेको परिधिभित्र रही विभिन्न ५ वटा समुदाय समेटी ३२ जना सहभागी छनोट गरि छलफल केन्द्र विधिवत सुरुवात गरियो । छलफल केन्द्रको उद्देश्य समुदायलाई विपद् तथा प्रकोपको विषयमा जानकारी गराई पूर्वतयारीमा परिवार र समुदायस्तरको लगानी बढाउनु थियो ।

रिफ्लेक्ट केन्द्रमा छलफल गरिने विषय र सवालहरू सहभागीले नै ल्याउनुपर्ने नियमका कारण समुदायअनुसार फरक फरक सवाल पहिचान भएकाले त्यसलाई स्तरीकरण गरी प्राथमिकताका आधारमा छलफल गरी समाधानका उपायहरू अपनाउँदै जाने निर्णय गरियो । सिँचाइ अभावका कारण जीविकोपार्जनमा आएको समस्या पहिलो प्राथमिकतामा देखियो भने जनजाति समुदाय भएकाले मद्यपान दोस्रो प्रमुख सवालका रूपमा देखियो ।

पहिलो सवालका रूपमा रहेको सिँचाइको समस्यालाई कसरी समाधान गर्ने भन्ने विषयमा रिफ्लेक्ट केन्द्रमा नै छलफल गरियो । र, परियोजनाको टिमले वडा कार्यालयसँग यो विषयमा छलफल गरी समुदायलाई नै परिचालन गरी कुलो सफा गर्ने निर्णय गर्‍यो । छलफल केन्द्रका सहभागीहरूले कुलो सरसफाइका लागि संस्था र वडा कार्यालयसँग बजेट मागसमेत गरेका थिए । त्यसपश्चात छलफल केन्द्रका सहभागीलाई कुलो सञ्चालनपछि हुने फाइदा र महिलाको कार्यबोझ घट्ने विषयमा बृहत् अभिमुखीकरण गरेपछि छलफल केन्द्रका सहभागीकै अगुवाइमा कुलो सफा गर्ने तय भयो ।

रिफ्लेक्टका सहभागीले नेतृत्व त लिए तर समुदायका मानिसले कुलो मर्मत तथा सफा गर्न जान खासै चासो दिएनन् । संस्थाले कति पैसा दिएको छ, उनीहरू आफू खान्छन् हामीलाई काम अराउँछन् भनी हप्काएको तीतो अनुभव सुनाउनुहुन्छ रिफ्लेक्टकी सहभागी सीता दनुवार ।

समुदायले नटेरेपछि पुनः वडाध्यक्षलाई रिफ्लेक्ट कक्षामा राखी सम्भावित उपायहरूका विषयमा छलफल गरियो । वडाध्यक्ष र सदस्यहरूको अगुवाइमा टोल टोलमा माइकिङद्वारा जानकारी गराइ नआउनेलाई कारबाहीको मापदण्ड बनाएपछि बल्ल आउन थाले । यसरी ५ दिन लगाएर करिब ३ कि.मि. कुलो सफा र मर्मत गर्ने काम सम्पन्न गरे स्थानीय आफैँले ।

भूकम्पपछि आएको राहत र राहतसँगै विभिन्न सङ्घ/संस्थाले भित्र्याएका परनिर्भरताको पराकाष्ठाको नमुना थियो यो प्रवृत्ति । आफ्नै लागि काम गर्न पनि जबर्जस्ती गर्नुपर्ने कस्तो थिति बस्यो

भनी दिक्क मान्नुहुन्छ युवा वडा सदस्य सीताराम दनुवार । अबको हाम्रो योजना भनेको सामग्री बाँड्ने तर त्यसको प्रभावकारिताको अनुगमन नगर्ने संस्थालाई वडामा काम गर्न नदिने रहेको बताउनुहुन्छ सीताराम ।

सरस्वती खोला भीमटार सिँचाइ कुलो सञ्चालन भयो । कुलोसँगै खडेरीमा पानीले रसाएको माटोको सुगन्धसँगै बट्टार र भीमटारका बासिन्दाको अनुहारमा खुसीका तरङ्ग दगुर्न थाले । पानीसँगै स्थानीय किसानको दैनिकी पनि परिवर्तन भयो । भिजेको माटोमा ट्र्याक्टर लगाउँदै तोरी छर्दाको मजा नै बेग्लै । ४ वर्षपछि हिउँदको समयमा बारीमा तोरी लगाउन पाउँदा साह्रै दङ्ग भएको र ४ वर्षदेखि खाने तेल बजारबाट किन्दै आएकामा अबचाहिँ आफ्नै बारीमा उत्पादन भएको तोरीको शुद्ध तेल खान पाइने भइयो भन्दै हर्ष व्यक्त गर्दै हुनुहुन्थ्यो बलराम दनुवारसहितका स्थानीय ।

आ.व २०७५/७६ मा सञ्चालित कुलोले ५०० रोपनी जग्गामात्र सिँचित गर्‍यो । बाँकी ५०० रोपनी जग्गामा भने भूकम्पपछि निर्माण गरिएको संरचनाले कुलो बिगारेका कारण त्यो वर्ष तोरी छर्न पाएनन् पाँगलटार र रातमाटेबासीले । तर सिँचाइ सुविधा पुगेको बट्टार र भीमटारबासीले भने ५५ मुरीभन्दा बढी तोरी भित्र्याएको बताउनुहुन्छ स्थानीय कृष्णबहादुर दनुवार ।

छिमेकीले घरमा तोरी भित्र्याएको देखेपछि पाँगलटार र रातमाटेबासीलाई पनि सिँचाइ कुलोको आवश्यकता महसुस भयो । महसुस भएरमात्र पनि के गर्नु थियो र ? कुलोमा बनेको घर अनि सडकले गर्दा व्यक्तिगत लगानीमा कुलो निर्माण गर्न सक्ने स्रोत थिएन । रातमाटेबाट रिफ्लेक्ट केन्द्रमा सहभागी हुनुभएकी सानुकान्छी दनुवारले कुलो निर्माणका लागि संस्थासँग अनुरोध गर्नुभयो । उहाँको अनुरोधलाई वडा कार्यालयमा छलफल गरियो । तर वडासँग पनि सिँचाइका लागि बजेट नभएकाले संस्थालाईनै सो कामका लागि अनुरोध गर्‍यो ।

२०७६ को वर्षा समयमा आएको भेलले पुन सिँचाइ कुलोको केही स्थानमा माटो थुपारेको छ । तर अब त्यो माटो पन्छाउनका लागि उनीहरू कसैको भर परेका छैनन् । 'सिँचाइको आवश्यकता आफ्नै लागि हो भन्ने हामी सबैले बुझिसकेका छौँ, त्यसैले कुलोमा जम्मा भएको फोहोर, माटो पुनः हटाइसकेका छौँ'- बताउनुहुन्छ स्थानीय कृषक रमिता दनुवार ।

४ वर्षदेखि बन्द भएको सिँचाइ कुलोलाई बिनालगानी पुनर्सञ्चालन गर्नु चुनौतीपूर्ण थियो । तर रिफ्लेक्ट सहभागीहरूको उत्साह, वडा कार्यालयको सकारात्मक साथ र परियोजनाका कर्मचारीहरूको कामप्रतिको लगावले यो चुनौतीलाई सफलपूर्वक सामना गर्न सकियो । सबैको प्रयासले कुलोमा पानीमात्र चलेन, भूकम्पपछि भत्किएको समुदायको सद्भाव र सामूहिक भावनाको एउटा ईँटा उठाउने कामसमेत गरेको बताउनुहुन्छ रिफ्लेक्ट सहजकर्ता शर्मीला दनुनार ।

त्यस्तै समस्या दोहोरिने डर थियो इन्द्रावती गाउँपालिका वडा नं. ११ को अधिकारीटारमा । २ करोड रुपियाँको लागतमा निर्माण भएको सिँचाइ कुलोमा वर्षाको समयमा जम्मा भएको माटो पन्छाउन प्रत्यक वर्ष बजेट विनियोजन गर्नुपर्ने अवस्था थियो । बजेट अभाव हुँदा कुलो सफा गर्नका लागि सिँचाइ उपभोक्ता समितिलाई हम्मेहम्मे पर्थ्यो । तर अधिकारीटारमा सञ्चालित रिफ्लेक्ट केन्द्रमा भीमटारको उदाहरण सुनाएपछि अधिकारीटार रिफ्लेक्ट केन्द्रको पहलमा समुदायका मानिस भेला गरी करिब २३०० मिटर कुलो सफा गर्ने काम सम्पन्न गरे । समुदायले कुलोमा जम्मा भएको माटोमात्र हटाएनन्, सामान्य पहिरो गएको स्थानमा सुक्खा गाह्रोसमेत लगाएका छन् । कुलो सफा गरेपछि अधिकारीटारका ५० घरले लगभग १००० रोपनी जग्गामा तरकारीलगायत अन्य खेती लगाउन सुरु गरेको बताउनुहुन्छ स्थानीय अञ्जु थापा ।

काम गर्ने समयमा स्थानीय केही व्यक्तिको धम्की सहनुपरे तापनि सामूहिक स्वार्थका लागि काम गर्दा

ढिलो/चाँडो समुदायले स्वीकार्ने र उपलब्धि भने राम्रो हासिल गर्न सकिँदोरहेछ। यो एउटा उपलब्धिमूलक सिकाइ पाएको छ परियोजनाले। सित्तैमा गर्नुपर्ने काममा मानिसको सहभागिता धेरै नै कम हुँदोरहेछ। समुदायको सहभागिता बढाउनका लागि सम्बन्धित निकायसँगको समन्वयमा नियम बनाएर काम अगाडि बढाउँदा सजिलो हुने रहेछ।

कुलो सफा गर्ने काम आफैँमा सजिलो थिएन। यसलाई सजिलो बनाएर सम्पन्न गर्नुपर्ने हाम्रो जिम्मेवारी थियो। समाजमा श्रमदान गरेर गर्नुपर्ने कामका लागि आह्वान हुँदा घरको सबैभन्दा सानो मान्छेलाई पठाउने चलन अहिले पनि कायमै छ। त्यसलाई व्यवस्थापन गरी काम सम्पन्न गर्नु उपभोक्ता समिति र परियोजनाका लागि चुनौती थियो। त्यसैले कुलोबाट लाभान्वित हुने परिवारलाई कामको जिम्मा समूह विभाजन गरी लगाइयो जसले कामलाई समयमा नै प्रभावकारी तरिकाले सम्पन्न गर्न सहज बनायो।

वास्तवमै भन्ने हो भने अभियानका कामहरू सञ्चालन गर्न कम्तीमा पनि समूह निर्माण गरेर अघि बढ्नु प्रभावकारी हुने रहेछ। कहीँ रिफ्लेक्ट समूह होला त कहीँ आमा समूह, कहीँ युवा क्लब होला त कहीँ किशोरी समूह। कामको प्रकृति हेरी भोलिका दिनमा समूह निर्माण गरी काम गर्न सकियो भने यो साँच्चिकै प्रभावकारी हुनेछ। तर दिगोपनाका लागि भने वडा कार्यालय र पालिका कार्यालयहरूले समेत अपनत्व बोध गर्नुपर्ने देखिन्छ।

अभियानको काम साँच्चै सजिलो थिएन र छैन पनि। पछिल्लो समय सङ्घ/संस्थालाई समुदायले हेर्ने दृष्टिकोणसमेत परिवर्तन भएका कारण अभियानका काममा झन् सकस थपिएको छ। परियोजनाले गर्ने काम पारदर्शी र उत्तरदायी बनाएर यस्ता समस्या सामना गर्न सकिन्छ।

सामाजिक परिचालक

# अबचाहिँ ढुक्क छु

परिवारका नाममा बूढा/बूढीमात्र थिए। बूढो खासमा घरमा रङ लगाउने काम गर्थे। यो काम नपाएका बेला भने ज्याला मजदूरी गर्थे। बूढी घरभित्रको काम गर्थिन्। गाउँघर न हो, सामान्य वस्तुभाउ, कुखुरा आदि हुने नै भइहाले। यी सबै कुरा बूढीले सम्हाल्थिन्। यसरी हेर्दा इन्द्रावती गाउँपालिका-१२ स्थित ढोटारकी चन्द्रमाया माझी दम्पतीको दिनचर्या खुसीसाथै बितेको थियो। भनौँ, दुःखजिलो जिन्दगीको रथ अघि बढिरहेको थियो।

केही समयमात्र अघिको कुरा हो- झमझम पानी परिरहेको थियो। चन्द्रमाया दम्पती पनि सदाझैँ खाना खाइवरी सुतेका थिए। सोही रात उनको घरमाथिबाट पहिरो खस्यो। पहिरोले आफूसँगै ल्याएको आँपको बोटले घरै थिच्यो। यो पहिरो त्यही रात आएको थियो जसको भोलिपल्ट उक्त नयाँ घरमा सर्ने योजना यो दम्पतीको थियो। रगत/पसिना गरेर कमाएको सम्पत्तिले बनाएको घर सर्नै नपाइ भत्केपछि दुवैजना यति चिन्तित भए कि त्यसको कुनै मापन नै हुन सक्दैन।

एकातिर पहिरोले नयाँ घर भत्केपछि चन्द्रमायाको परिवार विचल्लीमा पर्‍यो। अर्कोतर्फ पहिरो गएकै ठाउँमाथि सयौँ रोपनी जग्गा सिँचित हुने कुलो थियो जुन भत्कँदा दर्जनौँ किसान परिवार प्रभावित हुन पुगे। यसले स्थानीयको खाद्यान्न उत्पादन नै प्रभावित हुने अवस्था आइलाग्यो। अर्थात पहिरो चन्द्रमाया दम्पतीसँग मात्र सीमित रहेन, गाउँका सबै किसानको शत्रु बनेर उपस्थित भयो।



यो घटना एक कान, दुई कान मैदान हुँदै चारैतर्फ फैलियो । ढोटारमा भूकम्पबाट प्रभावित परिवारको पुनर्निर्माण, जीविकोपार्जन र प्रकोप जोखिम न्यूनीकरणका लागि सघाइरहेको प्रयास दोम्रोको कानमा नपर्ने कुरै भएन । त्यसपछि प्रयास दोम्रोका कर्मचारीले घटनास्थल हेरे । प्रकोप जोखिम न्यूनीकरण आफ्नो प्राथमिकतामा पर्ने विषय नै भएकाले यसमा उनीहरूले चासो देखाए र सक्दो सहयोग गर्ने वचन दिए ।

चन्द्रमाया भन्छिन्- प्रयासले २ लाख २५ हजार रुपियाँको सहयोगमा हाम्रो घरमाथि अर्थात पहिरो गएको ठाउँमा मेसिनरी वाल लगाइदिएको छ । यसले अब पहिरो जाने सम्भावना टरेको छ । जसले हामीलाई बल्ल ढुक्क बनाएको छ । अर्कोतर्फ अब यही वालका कारण कुलो भत्कने सम्भावना पनि छैन, जसले गर्दा धेरै किसान परिवारको चिन्ता डाँडो कटाइदिएको छ । यसरी प्रयासको सहयोगबाट हामी गाउँले यतिबेला ढुक्क हुन सकेका छौं । आफ्नै खेतीपातीको उत्पादनले ६ महिना जतिमात्र खान पुग्ने चन्द्रमाया दम्पतीलाई प्रयासले जीविकोपार्जन सहज तुल्याउन पनि सहयोग गरेको छ । जसअन्तर्गत २ वटा पाडो खरिद गर्न ३६ हजार ५ सय रुपियाँ दिएको छ । जसबाट उनीहरूले २ वटा पाडा किनेर पालिरहेका छन् । यसबाहेक वडा कार्यालयले घर बनाउन भनेर १० हजार रुपियाँ नगद र १० बोरा सिमेन्ट पनि दिएको छ ।

'प्रयासले पहिरो जाने ठाउँमा मेसिनरी वाल लगाइदिएर सुरक्षित बनाइदिइहाल्यो । वडाले केही नगद र सिमेन्ट दिएको छ । अब प्रयासले नै दिएको पाडो ठूलो भएपछि बेचेर त्यसबाट आएको पैसासमेत हालेर नयाँ घर बनाउनुपर्छ', चन्द्रमायाले सुनाइन्- आखिर दुःख पर्‍यो भन्दैमा रोइकराइ गरेर बसेरमात्र त भएन नि । आफूले पनि केही प्रयास गरेर, दुःख गरेर अघि बढेमा पो जिन्दगी सहज हुन्छ त ।

# क्षमता र आवश्यकता स्वीकारौँ

सबै मानिसको क्षमता एकै हुँदैन र आवश्यकता पनि। मानिसको उमेर, वर्ग र लिङ्गका अधारमा आवश्यकता फरक फरक हुन्छन्। तर कहिलेकाहीँ परिस्थितिले क्षमताभन्दा बढीको आवश्यकता सिर्जना गरिदिन्छ। २०७२ सालको भूकम्पलाई जोकोही आममानिसले भुल्न सक्दैन। यही समयले क्षमताभन्दा बढीको आवश्यकता सिर्जना गरिदियो। सिन्धुपाल्चोकसहितका १४ वटा जिल्ला नराम्रोसँग प्रभावित भए। ९९ प्रतिशत घर ध्वस्त भए। भूकम्पले धनी र गरिब भनेन्। सबै उस्तै प्रभावित थिए। प्रकृतिको सिद्धान्तअनुसार बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला र विपन्न वर्ग सबैभन्दा बढी प्रभावित भए।

भूकम्पले भत्काएको घर पुनर्निर्माणमात्र हैन, आफूलाई पहिलेको अवस्थामा फर्काउन कोसिस गरिरहेका विपन्न वर्गले सरकारबाट होस्टे त पायो तर हैँसे गर्ने मानिस भेटेन २०७५ सम्म पनि। उनीहरू पीडामा थिए। गर्मीयामको टन्टलापुर घाममा चारैतिरबाट आउने तातो र जाडो समयमा चारैतिरबाट झर्ने शीत अनि चिसो। यस्तैमा बस्न बाध्य थिए उनीहरू। नेपाल सरकारले उपलब्ध गराएको आर्थिक सहयोग पनि एकैचोटि नदिने र त्यसका लागि घर निर्माण गरिसक्नुपर्ने सर्तले झन् पीडित थिए विपन्न वर्गका मानिस।

त्यही पीडा कम गर्ने उद्देश्यले प्रयास परियोजना आर्थिक तथा सामाजिकरूपले विपन्न व्यक्तिहरूको घरमा सरकारले दिएको होस्टेमा हैँसे थप्न पुग्यो। विपन्न वर्गका व्यक्तिहरूलाई घर निर्माण गर्न त्यति सहज थिएन। त्यो असहज परिस्थितिलाई सहज बनाउनका लागि पहल गर्‍यो प्रयासले। अनि पूरा भयो पुनर्निर्माणको सपना इन्द्रावती गाउँपालिका-४ की



डोल्मा तामाङ

८६ वर्षीया भुमिन तामाङको। भुमिन परियोजनाका यस्ता थुप्रै लाभग्राहीमध्ये एक उदाहरणमात्र हुन्।

परियोजनाले पुनर्निर्माणमा मात्र हैन, विपन्न वर्गहरूलाई जीविकोपार्जनमा पनि सहयोग गरेको छ। परियोजनाको उद्देश्य भनेको पुनर्निर्माण सम्पन्न गर्न नसकेका परिवारलाई आर्थिक भारले नथिचोस् र जीविकोपार्जनमा सहयोग गरेको योजनाबाट नियमित आम्दानी भई कम ऋणको भार परोस् भन्ने मुख्य थियो। त्यसका लागि पुनर्निर्माण सहयोग पाएका घरलाई नै जीविकोपार्जनमा पनि सहयोग गर्नुपर्ने अवस्था थियो। उसै त घर निर्माणमा चुनौती भोगिरहेको प्रयासको टिमलाई जीविकोपार्जन योजनाले अल्मल्यायो, अब के गर्ने भनेर। तर पनि काम गर्नैपर्ने थियो। अनि परियोजनाको टिमभित्रै छलफल सुरु गर्‍यौँ ज्येष्ठ नागरिक र सामान्य अशक्तहरूलाई कस्तो योजना उपलब्ध गराउने भनेर।

उमेरले ८३ वर्ष पुगिसकेका जैसिङ रोगले ग्रस्त ८९ वर्षीय श्रीमतीका साथ सानो झुप्रोमा बस्दै आएका थिए। परियोजनाले उपलब्ध गराउने सेवा/सुविधाका बारेमा अन्तरक्रिया गरिरहेको समयमा उनको भत्किएको घरको खोपाबाट मौरीहरू

फुत्त फुत्त बाहिर/भित्र गरेको देखियो । अनि उठ्यो प्रश्न- अब के गर्ने भनेर । जैसिङलाई सोध्यौँ- यदि तपाईँलाई परियोजनाले घारसहितको मौरी दियो भने त्यसको रेखदेख गर्न सक्नुहुन्छ ? उहाँले भन्नुभयो- 'मलाई मौरीले अति नै पछ्याउँछ । म जता जान्छु मौरी पनि उतै बस्न रुचाउँछन् । त्यसैले यदि परियोजनाले मौरी सहयोग गर्छ भने त्यसको राम्रोसँग रेखदेख गर्नेछु ।' जैसिङलाई बाख्रा, पाडा, तरकारी खेती आदिमा सहयोग गरेर ५ दिन बाँच्ने आयु २ दिनमा झार्नुभन्दा मौरी दिएर ७ दिन बनाउनेबारे सोच्यो परियोजनाले । अनि जैसिङकै कान्छी छोरी ज्वाइँलाई साथमै राखेर एक दिनको मौरी पालनसम्बन्धी सामान्य अभिमुखीकरण गरियो । त्यसपश्चात मौरीसहितका ३ वटा घार उपलब्ध गराइयो ।

परियोजनाले उपलब्ध गराएको आधुनिक मौरीको घार र घार राख्ने स्ट्यान्ड पहिले नदेखेकाले सुरुमा त अचम्ममा परेको बताउनुहुन्छ जैसिङ । कस्तो मौरीचाहिँ बस्छ होला, मह कसरी निकाल्ने होला भन्ने जिज्ञासा उहाँमा थियो । मौरीको बाक्सा सानो, सबैले बोक्न सक्ने र बाहिर राख्नुपर्ने भएको हुँदा चोरेर लैजाने र मलसाँप्रोले खान सक्ने डरले माहुरी रुङ्न रातको समयमा बाहिरै सुत्ने गरेको बताउनुहुन्छ र भन्नुहुन्छ- एक दिन त म बाहिर सुतेको समयमा ढोकाअगाडि नै पो बाघ आएछ । त्यो दिनदेखि भने बाहिर सुतेको छैन ।

त्यस्तै परियोजनाले व्यक्तिको क्षमताअनुसारको जीविकोपार्जन योजना उपलब्ध गराएको अर्को उदाहरण हुन् इन्द्रावती गाउँपालिका-३ की दुर्गा आचार्य । ४ सन्तानकी आमा अहिले एक्लै सानो चिया पसल सञ्चालन गरेर बस्नुभएको छ इन्द्रावती-३ कै कुन्चोकमा । घर बनाउन सरकारले उपलब्ध गराएको पहिलो किस्ताको रकम लिएर श्रीमान् बेपत्ता भएको ४ वर्ष भयो । उनी फर्केर आउँछन् या आउँदैनन् समयले बताउनेछ तर आफ्नो कठिन समयमा साथ छाडेका कारण उनलाई माफी नदिने बताउनुहुन्छ दुर्गा । ३ सन्तान आ-आफ्नो बाटो लागिसकेका छन् भने कान्छो छोरा काम गर्दै पढ्दैछन् मेलम्ची बजारमा । आफूले नपढेर दुःख पाएकाले छोरालाई धेरै पढाउन कोसिस गरिरहेको उहाँ बताउनुहुन्छ । भन्नुहुन्छ- आफु साक्षर भएको भए केही न केही दुःख त पक्कै कम हुन्थ्यो होला । आफ्नो हात गोडा चलुन्जेलसम्म कसैको पनि आश गरेर खान नपरोस् भन्ने चाहना छ उहाँको । त्यसैले थोत्रो किचेन र्‍याक, काम नलाग्ने रेफ्रिजेरेटर अनि पुराना फर्निचरलाई उपयोग गरेर भए पनि चिया पसल चलाइरहनुभएको छ दुर्गाले ।

दुर्गाको त्यही चाहनालाई पूरा गर्न र दुःखमा साथ दिनका लागि पुग्यो प्रयासको टिम । घर बनाउनै सुरु गर्न नसकेकी दुर्गाले प्रयासको सहयोगमा घर निर्माणको काम सम्पन्न गरिसक्नुभएको छ । प्रयासले घर बनाउन सामग्रीमात्र उपलब्ध गराएन, दोस्रो र तेस्रो किस्ता लिनका लागिसमेत सहजीकरण गर्‍यो । घर त बन्यो तर घर बनाउन लागेको ऋण तिर्ने बाटो भएको चिया पसललाई निरन्तरता कसरी दिने ? आफ्नो आफ्नो घर गृहस्थी सम्हालेर बसेका छोराहरूसँग हात फैलाउन मन लागेन । उनीहरूले पनि जानेर दिएनन् । दुर्गाको चिया पसल वडा कार्यालय नजिक भएको हुँदा वडामा भएका कार्यक्रमहरूमा खाजाको अर्डर आउँथ्यो । तर आफूसँग भएका फर्निचर र सामग्रीको कमजोर क्षमताले गर्दा दुर्गाले सबै अर्डर लिन सक्नुहुन्नथ्यो । परियोजनाले फर्निचरका सामग्री र रेफ्रिजेरेटर उपलब्ध गराएपछि दुर्गाले व्यवसाय राम्रोसँग सञ्चालन गरिरहनुभएको छ ।

व्यवसायबाट भएको आम्दानी नियमितरूपमा नजिकै रहेको सहकारीमा जम्मासमेत गर्नुहुन्छ दुर्गा । भन्नुहुन्छ- 'यदि मैले पहिलेदेखि नै बचत गर्ने गरेको भए विपद् पर्दा सजिलो हुने रहेछ । अनि परेका बेला ऋण पनि सजिलै पाइने रहेछ । यस व्यवसायबाट बचत भएको रकमले अहिले बनेको घर ढलान गर्ने सोचमा छु ।' भूकम्पले धेरै कुरा सिकाएको छ तर त्यसभन्दा बढीचाहिँ जिन्दगीका भोगाइ र उतारचढावले धेरै कुरा सिकाएको बताउनुहुन्छ दुर्गा । त्यस्तै इन्द्रावती गाउँपालिका-११ का राजु अधिकारी

४७ वर्षको हुनुभयो । ३ छोराछोरीसहित ५ जनाको परिवार । राम्रैसँग चलेको थियो दिनचर्या । भूकम्पले अरुको जस्तै राजुको पनि घर ढल्यो । भूकम्पपछि राजुले आर.सि.सी. ढलानसहितको घर निर्माण गर्न सुरु गरे । ढलान गर्न सुरुपछि राजुको स्वास्थ्यमा समस्या देखियो । अस्पतालले ब्रेन ट्यूमर भएको रिपोर्ट दियो । अनि तत्काल शल्यक्रिया गर्नुपर्ने भयो । घर बनाउँदा निकालेको ऋणमाथि अरु ऋण थपियो । उपचारपछि राजुलाई ठूलो स्वरले नबोल्नु, धेरै काम नगर्नू भन्ने सल्लाह दिए चिकित्सकले । जसअनुसार राजु आराम गर्न थाल्नुभयो तर लागेको ऋणले भने कहिल्यै आराम दिएन उहाँलाई ।

राजुको तनावलाई केही समाधान गर्न सक्छौं कि भनेर प्रयासको टिमले सल्लाह गऱ्यो । के गर्ने त उनका लागि ? सोध्दा राजुले नै अनुरोध गर्नुभयो कि सानो किराना पसलका लागि सहयोग पाए काम अगाडि बढाउन सक्थें कि ? त्यसपछि परियोजनाले राजुको जीविकोपार्जन योजना बनाएर सहयोग गर्ने निधो गऱ्यो । अहिले राजुले आफ्नै घरमा सानो किराना पसल चलाउनुभएको छ जसले गर्दा उहाँलाई दिन कटाउन सहज भएको छ भने केही आम्दानी पनि हुन सकेको छ ।

इन्द्रावती गाउँपालिका-४ की श्याममाया नकर्मीको पीडा पनि उस्तै थियो । छोराछोरी लाखापाखा लागिसकेकाले घरमा एक्लै । बुढ्यौली ज्यान खेती गर्न सक्ने कुरै भएन । आफूसँग भएको सिप भनेको बुनाइमात्र । दिन कटाउने मेलो पनि थियो उनको त्यो सिप । आफन्तले ल्याइदिएका धागोबाट उनीहरूकै अनुरोधअनुसार काम गर्नुहुन्थ्यो । कसैले जानेर मेहनतको पैसा दिए हात थाप्नुहुन्थ्यो । श्याममायाको सिपलाई कदर गर्दै त्यसैलाई आम्दानीको मेलो बनाइदिने सोचले परियोजनाले धागो ल्याइ जीविकोपार्जन सुधार योजना बनाइ सहयोग सुरु गऱ्यो । अहिले पनि श्याममाया बुनाइकै माध्यमबाट दिन कटाउने र थोरैतिनो आम्दानीसमेत गर्ने कार्यमा तल्लीन हुनुहुन्छ ।

## चुनौती

परियोजनाको मापदण्डअनुसार लाभग्राहीको छनोट गर्न त सजिलै थियो तर उनीहरूलाई काममा लगाउन भने हामीमाझ चुनौती थियो । छनोट भएका लाभग्राहीमध्ये धेरैजसो ज्येष्ठ नागरिक र शारीरिकरूपले अशक्त भएका कारणले गर्दा जीविकोपार्जन योजना छनोट गर्न नै सकस पऱ्यो । तरकारी खेती गर्न, पाडा/बाख्रा पाल्न शारीरिक क्षमताले नधान्ने । अब के गर्ने त ? फेरि लाभग्राहीहरूको घरमा गएर सल्लाह गरियो । परियोजनाले छिटो आम्दानी दिने योजनाहरू त्यो पनि कृषि योजनाहरूलाई प्राथमिकतामा राखेका कारण गर्दा हामी अन्योलमा थियौं ।

पहिलो प्राथमिकता तरकारी खेती थियो । तरकारी खेती गर्न नसक्ने भएमात्र अन्य योजना । विकल्पहरूमा घोत्लियौं । अनि प्राविधिकसँगको छलफलपछि छिटो आम्दानी लिनका लागि ब्रोइलर कुखुरा पाल्न सहयोग गर्ने निधो गऱ्यौं । लाभग्राहीहरू कुखुरा पाल्न तयार हुनुभयो तर त्यति नै बेला बर्डफ्लुको महामारी देखियो अनि रोकियो त्यो योजना पनि । केही समय महामारी रोकिन्छ कि भनेर कुर्नुपर्ने बाध्यता आयो । परियोजनाको अवधि अनि उद्देश्यलाई तालमेल गराउन पनि समस्या पर्छ कि भन्ने डर हामीमा थियो किनकि आम्दानी लिएर उनीहरूको पुनर्निर्माणमा सहयोग पुगेको हुनुपर्ने थियो । अब फेरि के गर्ने त ? प्रश्न जीवन्त नै थियो ।

## सामना

पुनः लाभग्राहीहरूको घरमा पुगियो अनि छलफल गरियो । अब के गर्ने ? तरकारी खेती गर्न सक्दैनौं, कुखुरा नहुने भयो । जैसिङले भन्नुभयो- 'म त तरकारी नि सक्दैन, बाख्रा पनि सक्दैन । अब घर बनाइदिनुभयो, योभन्दा बढी दुःख नगर्नुहोस्, तपाईंहरूलाई सकस भयो ।' जैसिङको भनाइले हामीप्रति देखाएको सद्भाव प्रस्टिन्थ्यो । छलफलकै क्रममा हामीले जैसिङको घरमा घुमिरहेका मौरी

देख्यौँ । अनि सोध्यौँ मौरी दियो भने गर्न सक्नुहुन्छ त ? उहाँले खुसी हुँदै सक्ने बताउनुभयो । त्यसपछि उहाँलाई घारसहित मौरी सहयोग गरियो ।

अब पालो भयो किराना पसल र चिया पसलको । परियोजनाको उद्देश्यका हिसाबले छिटो र देखिने गरी आम्दानी दिने माध्यम आवश्यक थियो । तर सहयोगी निकायको स्वीकृति नलिई हामीले निर्णय गरेनौँ । सहयोगी निकायको स्वीकृतिपछि हामीले यसलाई पनि टुङ्गोमा पुऱ्यायौँ । अनि सुरु गरे ज्येष्ठ नागरिक र अशक्तहरूले पनि जीविकोपार्जन योजना ।

## उपलब्धि

परियोजनाको सहयोगपछि दुर्गा आचार्यले आफ्नो सानो चिया पसलबाट आम्दानी लिन सुरु गर्नुभएको छ । साथै नजिकैको सहकारीमा बचत गर्न पनि । दुर्गाको पसल पहिलेको भन्दा राम्रो देखिन्छ भने वडामा कार्यक्रमहरू हुँदा आउने खाजाको माग पनि पूरा गर्न सक्ने हुनुभएको छ । बचेको खानेकुरा एक दिनका लागि रेफ्रिजेरेटरमा राख्ने व्यवस्था भएपछि त्यसबाट पनि केही राहत मिलेको बताउनुहुन्छ दुर्गा ।

त्यस्तै जैसिङ तामाङको घर पुनर्निर्माणपछिको अवस्था सामान्य भएको छ । परियोजनाको सहयोगमा एक कोठे घरको निर्माण सम्पन्न भएपछि सधैँ चिसोले बिरामी हुने श्रीमतीको अवस्थामा केही सुधार भएको छ । जीविकोपार्जनको लागि उपलब्ध गराइएको मौरीको मह बिक्री गरी आम्दानी लिन सुरु गरेका छन् । सरकारबाट पाइने सामाजिक सुरक्षा भत्ताले उनीहरूलाई जीवन निर्वाह गर्न धेरै सहज भएको छ । त्यसमाथि केही राहत दिने काम भने मौरीले पनि गरेको बताउनुहुन्छ । समुदायमा मह प्रतिमाना १ हजार रुपियाँमा बिक्री हुन्छ । एक वर्षमा ३ चोटिसम्म मह निकाल्न मिल्छ । एक घारबाट समयमा नै मह काडेमा ५ मानाभन्दा बढी निक्लन्छ ।

त्यस्तै आफन्तको अनुरोधमा बुनाइका सामग्री उपलब्ध गराउने श्याममाया नकर्मीको दैनिकी पनि फेरिएको छ आजकल । परियोजनाले उपलब्ध गराएको १७ हजार रुपियाँको धागो आदिमात्र प्रयोग गरेकी श्याममायाले ३० हजार रुपियाँभन्दा बढीको आम्दानी गरिसक्नुभएको छ । ग्राहकहरूको माग र रुचिअनुसार उहाँले सामग्री उपलब्ध गराउनुहुन्छ । आफ्नो बुनाइको कलालाई व्यावासायिकता दिनका लागि परियोजनाले उत्प्रेरित गरेकामा खुसी लागेको बताउनुहुन्छ र अब यसैलाई निरन्तरता दिने सोचले छोरीको सहयोगमा १० हजार रुपियाँ बराबरको धागो फेरि किन्नुभएको छ ।

## मुख्य सिकाइ

सबैका इच्छा र चाहना एकै हुँदैनन् । भए पनि क्षमताले त्यसलाई धान्न सकेन भने त्यो इच्छा परिपूर्ति गर्न कठिनाइ हुन्छ । क्षमताअनुसारको आवश्यकतालाई प्राथमिकतामा राखेर काम गऱ्यो भनेमात्र सफलता पाउन सजिलो हुने रहेछ । परियोजनाका केही आधार र मापदण्ड समभ्रदारीमा पुनरावलोकन गर्न सकियो भने वास्तविक लाभग्राहीलाई सेवा पुग्दोरहेछ । वास्तविक सिप र क्षमतालाई आधार बनाइ सहयोग गरिएमा मात्र परिवर्तन सम्भव रहेछ । पहिलेदेखि गर्दै आएको कामलाई निरन्तरता दिनका लागि परियोजनाहरूले सहयोग गरेमा त्यसबाट लाभग्राहीले राम्रो फाइदा लिन सक्ने रहेछन् भने परियोजनाले राम्रो उपलब्धि ।

## सुझाव

सबैभन्दा सजिलो काम हो- अरुले गरेको काममा सुझाव दिनु र गल्ती औंल्याउनु । सुझाव तर्कसङ्गत हुनुपर्छ अनिमात्र त्यसको अर्थ हुन्छ । त्यसैले विकासका साझेदार निकायहरूले समुदायमा काम गर्दा वास्तविक लाभग्राही छनोट गर्न विचार गर्नुपर्छ । वास्तविक लाभग्राही ती हुन जसका आफन्त छैनन् अनि काम गर्न सक्ने क्षमता पनि । त्यस्तैको सहारा बन्ने कोसिस गर्नुपर्छ । सहयोगका विकल्पहरूलाई खुला राखिनुपर्छ जसले लाभग्राहीलाई दरिलो सहयोग पुगोस् ।

सामाजिक परिचालक

# सबैभन्दा ठूलो आँट रैछ



व्यावसायिक तरकारी खेतीमा गुमान्ध्वज

२००८ सालमा जन्मिएका गुमानध्वज तामाङ इन्द्रावती गाउँपालिका-४ स्थित पाडामरुवा तल्लो गाउँमा बस्छन् । उनी सारसौँधै थिए । तर २०७२ को भूकम्पले धैरैको घरमात्र भत्काए पनि उनको भने झण्डै ज्यानै लिएन । 'घर भत्कँदा हरमुन्तिर पूरै थिच्यो । झण्डै मरिन । तर पनि अपाङ्ग भएर बाँच्नुपरेको छ'- खोच्याउँदै बल्लतल्ल हिँड्ने गुमानध्वजले पीडा सुनाए ।

हुन त उनको र भाइको गरेर ४ रोपनी खेत र ८ रोपनी जति बारी छ । तर भिर पाखो न पर्‍यो, के पुग्थ्यो र खान । बल्लतल्ल ४ महिना पुग्छ आफ्नै उत्पादनले । त्यसमाथि पनि अपाङ्ग भएपछि गुमानध्वजले खेती गर्न सक्ने कुरै भएन । त्यसैले उनलाई पनि लाग्थ्यो रे- काम गर्न सकिन्न अब भोकै मरिन्छ कि क्या हो ?

गुमानध्वज जब गाउँमा भूकम्प प्रभावितहरूलाई सहयोग गरिरहेको प्रयास दोस्रो परियोजनाको सहजीकरणमा गठित छलफल केन्द्रमा जान थाले, धैरै कुरा सिक्ने अवसर पाए । आफूमात्र पीडामा परेको ठान्ने गुमानध्वज त्यहाँ जान थालेपछि बल्ल थाहा पाए कि उनीभन्दा बढी पीडामा परेका मानिस पनि उनकै गाउँठाउँमा रहेछन् । अनि धैरैका कुरा सुनेपछि बुझे- पीडा गुम्साएर राख्न नहुने रहेछ, यसलाई त ऊर्जामा बदल्नुपर्ने रहेछ । अर्थात केही गर्नुपर्ने रहेछ जीवनमा । 'त्यसपछि मैले प्रयासले नै सहयोगस्वरूप उपलब्ध गराउने तरकारी खेती गर्न रुचि देखाएँ । छलफल कक्षामा यसबारे निकै बहस पनि भयो । धैरै सहभागीले म अपाङ्गता भएको व्यक्ति भएकाले गर्न सक्दैन भने । केहीले चाहिँ खेती गरिहाले पनि उत्पादन बजार लैजान सक्दैन भने', गुमानध्वजले थपे- उनीहरूले यसो भनेपछि ममा झन् उत्साह थपियो । अनि तरकारी खेती गरिछाड्ने अठोट छाडिन । किनकि 'यसले गर्न सक्दैन' भन्नेलाई 'म सक्छु' भनेर देखाउनु थियो ।

नभन्दै उनलाई तरकारी खेतीका लागि छनोट गर्न छलफल कक्षा बाध्य भयो । अनि प्रयासले छलफल कक्षाको सिफारिसअनुसार गुमानध्वजलाई सहयोग गर्‍यो । जसअनुसार गुमानध्वजले तरकारी खेती, अझ त्यसमा पनि बेमौसमी, करेसाबारी र टनेल खेतीबारे तालिम लिए । तालिम लिएपछि घर फर्कने बेला तरकारी र काँक्रो, गोलभेँडा आदिको बीउ पनि पाए । यी बीउ रोपिसकेपछि बेलाबेलामा घरैमा आएर सेवा प्रदान गर्ने कृषि प्राविधिकको सेवा पनि पाए ।

त्यसपछि त के चाहियो र ? गर्नै सक्दैन भनेर कुरा काट्नेहरूलाई छक्कै पार्ने गरी तरकारी फलाइदिए यी वृद्धले । गोलभेँडा र बोडी राम्रैसँग बेचे । 'यिनीहरू फलिरहने, म बेचिरहने, त्यसैले कति बेचियो भन्न मिल्दैन, फल्न छाडेपछि बल्ल बताउँला', उनले खुसी व्यक्त गर्दै भने- बजार लान सक्दैन भन्थे, केको लानुपर्ने रैछ र, फलाउन सके बारीमा आउँदारहेछन् किन्नेहरू । त्यसमाथि लानै परे घरका अरु सदस्यले पनि लगिदिने गरेका छन् ।

अपाङ्गता भएर के गर्नु ? डोको पनि राम्रैसँग बुन्छन् उनी । एउटाको ४ सयमा बेच्छन् । दिनमा २ वटा सजिलै बुन्छन् । यसरी बुनेको डोको बेच्न कहीँ लानै पर्दैन । अर्डर आउँछ घरमै । लिन पनि घरमै आउँछन् । यसबाट पनि उनको आम्दानी राम्रै हुने गरेको छ । गुमानध्वज भन्छन्- मुख्य कुरा अपाङ्गता भएकाले केही गर्न सक्दैन भन्नेलाई मैले गरेर देखाएको छु । यो अवसरका लागि छलफल कक्षा र यसको माउ प्रयास दोस्रोलाई धन्यवाद भन्न चाहन्छु । मुख्य कुरा कोही पनि कमजोर हुन्न । मात्र आँट गर्न सक्नुपर्छ भन्ने हो ।

# बूढेसकालको रहरलाग्दो मेहनत



बुनाइमा व्यस्त श्याममाया

इन्द्रावती गाउँपालिका-४ मा पर्ने नवलपुर गाउँपालिकाकै सदरमुकाम पनि हो। यही सदरमुकामकै एक टहरोछेउमा ऊनका स्वेटर, टोपी, मोजा आदि बुनेर बसेकी देखिन्छन् ६८ वर्षीया वृद्धा श्याममाया नकर्मी। न बूढेसकालले छोएको सङ्केत देखिन्छ उनमा न त मेहनत गर्नमा कुनै कन्जुस्याइँ नै। भन्छिन्- बूढो भइयो, केही गर्न सकिन्न भनेर गुम्सेर बसे त रोगी भइहालिन्छ नि।

हो, उनी पहिलेदेखि नै ऊनका सामग्री बुन्थिन्। रमाइलो रहेछ उनले बुन्न सिकेको तरिका पनि। 'मोजा बुन्न रहर लागेर ऊन ल्याइ बुन्न खोजेको तर मिल्दै मिलेन। चारपटकसम्म बिग्रियो। बडो चिन्तित भएर सुतेँ। अनि सपना पनि मोजा नै बुनेको र बिग्रेको देखेछु। त्यसपछि एउटी कपाल सेताम्मै भएकै बूढी आइन् र सिकाइदिइन्। भोलिपल्ट त्यसैगरी बुन्न थालेको त, ठ्याक्कै मिल्यो। त्यही बेलादेखि ऊनका सामग्री बुन्न थालेकी हुँ'- उनले रमाइलो पाराले सुनाइन्।

त्यसपछि श्याममाया ऊनका स्वेटर, मोजा, पन्जा आदि बुने पनि आफ्नै लागिमात्र बुन्थिन्। अनि घर परिवारका सदस्यले हाम्रा लागि पनि बुनिदेउ न भनेमा मात्र बुन्थिन्। यसलाई व्यावसायिकरूपमा भने अङ्गालेकी थिइनन्। त्यसैले सिप जानेर पनि त्यसको भरमग्दुर उपयोग भने गर्न सकेकी थिइनन् उनले।

जब २०७२ सालको भूकम्पमा श्याममायाको पनि घर भत्क्यो, त्यसपछि चल्दै आएको जीविकामा असर पर्‍यो। आफूले गर्दै आएको काम तथा चल्दै आएको दिनचर्या खल्बलिएपछि यी वृद्ध पनि प्रभावित नहुने कुरै भएन। त्यसैले सहयोगको आशा यी वृद्धमा पनि बढ्यो जसरी अरु भूकम्प प्रभावितमा छँदै थियो। यही चासोले उनलाई प्रयास दोस्रो परियोजनाको सम्पर्कमा पुर्‍यायो। जसले उनको गाउँमा भूकम्प प्रभावितहरूको पुनर्निर्माण, प्रकोप जोखिम न्यूनीकरण र जीविकोपार्जनमा सघाइरहेको थियो।

प्रयास दोम्रोले श्याममायालाई सघाउने त भयो तर कसरी ? वृद्ध भएकीले न खेतीपाती गर्न सक्थिन् न त बस्तुभाउ पाल्नै सक्थिन् । त्यसैले प्रयास दोम्रोका कर्मचारी र श्याममायाबीच पटक-पटकको छलफलपछि पत्तो लाग्यो कि उनी राम्रोसँग ऊनका सामग्री बनाउन सक्छिन् । श्याममाया भन्छिन्- त्यसपछि प्रयासलाई मेरो सिपअनुसारकै सहयोग उपलब्ध गराउने भयो । नभन्दै उनलाई प्रयासले १७ हजार रुपियाँको ऊन किनेर दियो । यसरी पाएको ऊनबाट उनले आफ्नो सिप प्रयोग गरेर स्वेटर, पन्जा, मोजा, टोपी आदि बुन्ने काम सुरु गरिन् । बनाउने, बेच्ने, पुनः धागो किन्ने फेरि बनाउने, फेरि बेच्ने....जारी रह्यो उनको काम । भन्छिन्- बुन्यो, बेच्यो, नाफाबाट खायो, साँवाबाट धागो ल्यायो । फेरि बुन्यो, फेरि यसै गऱ्यो ।

आफूलाई उमेर र सिपअनुसारको सहयोग गरेर प्रयासले निकै गुन लगाएको श्याममायाको भनाइ छ । न हिँडडुल गर्न सक्ने, न खेतीपातीमा लाग्न सक्ने न त डुलाउँदै बेच्न सक्ने । त्यसैले घरमै बसेर बुन्न सकिने, अर्डर पनि घरमै आउने र लिन पनि घरमै आउने, त्यसमाथि पैसा पनि नगदै आउने भएकाले आफ्ना लागि यो एकदमै उपयुक्त भएको भनाइ उनको छ । त्यही भएर यसले बुढेसकाल सहज बनाउन सघाएको पनि उनले सुनाइन् । उनले परियोजनाको सहयोगपछि ३० हजार बराबरको बुनाइको सामग्री बेचिसकेकी छिन् भने यसलाई निरन्तरता दिनका लागि छोरीको सहयोगमा १० हजारको धागो पुनः खरिद गरिसकेकी छिन् ।

श्रीमान् १० वर्षअघि बितेका श्याममायाको घर पनि बनिरहेको छ । बन्दै गरेको उनको एक कोठे घरका लागि पनि प्रयास दोम्रोले ३८ हजार रुपियाँ बराबरको सहयोग उपलब्ध गराएको छ । सरकारी अनुदान ३ लाख रुपियाँले नपुग्ने देखिएपछि प्रयासले सहयोग गरेको उनले सुनाइन् । छोराको पनि घर बन्दै गरेको र उसको बनिसकेपछि आफ्नो बनाउन सहज हुने भएकाले अलि ढिलो भएको जानकारी पनि उनले दिइन् ।

# उमेरअनुसारको काम

म ७९ वर्षको भएँ । श्रीमती ८० वर्षकी छिन् । ३-४ रोपनी जति खेतबारी छ तर त्यसमा पनि उमेरका कारण काम गर्न सकिन्न । त्यसैले यसमा दाजुभाइले खेती गर्छन् । श्रीमती त खाली सुत्छिन् मात्र । केही गर्नै सक्दिनन् । त्यसैले हामीलाई प्रयास दोम्रोले उमेर हेरेर खासै दुःख नहुनेखालको मौरी पालनका लागि सहयोग गरेको छ । ३ वटा घार दिएको छ । हुन त हामीसँग पहिले पनि दुईवटा घार थियो । अहिले थप दिएकाले आम्दानी बढेको छ ।

भाउ पनि राम्रै पाइन्छ महको । मानाको ७ सयदेखि १ हजार रुपियाँसम्म लिन सकिन्छ । त्यो पनि घरमै आउँछन् । मह झिक्नुभन्दा पहिले नै अर्डर आइसक्छ । एकप्रकारले लुछाचुँडी नै हुन्छ भन्दा पनि फरक पर्दैन । जसले हामी बूढाबूढीलाई जीउनका लागि राम्रै भरथेग गरेको छ ।

प्रयासले हामीलाई घर बनाउन पनि ३८ हजार रुपियाँ सहयोग गऱ्यो । घर बनाइरहेका छौँ । बिहे गरेर गएकी छोरीले घर बनाउन सघाइरहेकी छिन् । समग्रमा प्रयासको सहयोगप्रति खुसी नै छौँ भन्दा हुन्छ । अरु त के गरोस् र यो बूढेसकालमा ?

**जैसिङ तामाङ**
गैरीगाउँ,
इन्द्रावती गाउँपालिका-४

# ब्युँत्यो मरेको कल्पना

इन्द्रावती गाउँपालिका वडा नं. ३ बस्ने दुर्गा आचार्य ५४ वर्षकी भइन् । उनी ३२ वर्षअगाडि विवाह गरेर यहाँ आइपुगेकी हुन् । पहिलो विवाहबाट खुसी हुन नसकेपछि सुख अनुभूत गर्न दोस्रो बिहे गरे पनि त्यो आशा आशामै सीमित भयो । वर्षौं हराउने, छोराछोरीप्रति खासै मतलव नराख्ने र कुनै जिम्मेवारी नै बहन नगर्ने श्रीमान्का कारण उनी खुसी हुन सकिनन् ।

जे होस्, आफैंले दुःखसुखले बनाएको घरमा दिन काट्दै थिइन् । छोराछोरीको लालनपोषण पनि गर्नै पर्‍यो । यही अवस्थामा २०७२ सालको भूकम्पले उनको पनि घर भत्कायो, अरुको जस्तै । त्यसपछि टहराको बास भयो उनको परिवारको पनि । सरकारले भूकम्पबाट भत्किएका घर बनाउन अनुदान दिने नीतिअनुसार दुर्गाको परिवारलाई पनि पहिलो किस्ताबापतको ५० हजार रुपियाँ दियो । तर विडम्बना, अरु बेला वर्षौं बेपत्ता हुने श्रीमान् यो पैसा लिने बेलामा भने आइपुगे र पैसा लिएर हिंडे ।श्रीमान् केही दिनपछि आउलान् र घर बनाउलान् भनेर बाटो हेरिरहिन् दुर्गाले । तर उनको 'केही दिन' ४ वर्ष बित्दा पनि आएन । अरुको घर बनेर त्यसमा सरिसक्दा पनि उनको भने अत्तोपत्तो नभएपछि निकै चिन्तित भइन् दुर्गा । उनी भन्छिन्- अब हाम्रो जिन्दगी यही टहरोमा बित्ने भयो भन्ने चिन्ताले सताउनुसम्म सतायो ।

एकातिर दुर्गाको यस्तो चिन्ता बढ्दो अवस्थामा थियो भने अर्कोतर्फ प्रयास दोस्रो नामक परियोजनाले भूकम्प प्रभावितलाई सहयोग गर्ने क्रम जारी थियो । यो परियोजनाले हालसम्म डिपिसी पनि गर्न नसकेका अति विपन्न घर/परिवारलाई घर बनाउन सामग्री सहयोग गर्ने नीति लियो । दुर्गा पनि यो नीतिभित्र स्वतः समेटिइन् ।

त्यसपछि प्रयास दोस्रोबाट दुर्गाले घर निर्माणका लागि आवश्यक सामग्री प्राप्त गरिन् । यतिबेला त



चिया पसलमा दुर्गा

उनको घर पनि बनिसकेको छ । 'अब प्लास्टरको चिसो अलि कम भएपछि सर्ने विचार गरेको छु', दुर्गा थप्छिन्- श्रीमान् घर बनाउन दिएको पैसा लिएर हिंडेपछि आफ्नो पनि घर बन्ने कल्पनासमेत त्यागेकी थिएँ तर प्रयास दोस्रोले मेरो मरेको कल्पनालाई ब्युँताइदियो ।

प्रयास दोस्रोले दुर्गालाई गरेको सहयोग यतिमा सीमित छैन । घर बनाउँदा लागेको ऋण तिर्न सहज होस् र भोलिका दिनमा नियमित आम्दानीको स्रोत होस् भनी प्रयासले नै उनको चिया तथा खाजा पसलका लागि फ्रिज, टेबल र किचेन र्‍याक पनि सहयोग गरेको छ । हाल उनको होटलमा वडा कार्यालयमा कामकाजले आउने सेवाग्राहीले चिया/खाजा खाने गरेका छन् । जसबाट दुर्गाले महिनाको ४ देखि ५ हजार रुपियाँसम्म कमाउने गरेकी छिन् ।

'होटलबाट कमाएको पैसामध्ये केही घर बनाउँदा लागेको ऋणको किस्ता तिर्ने गरेको छु । केही बचत पनि गर्दैछु ।' दुर्गाले अन्त्यमा भनिन्- धन्यवाद प्रयास दोस्रोलाई जसले हामी जस्तो असहाय, गरिब, विपन्नहरूलाई घर बनाउनका लागि र जीविकोपार्जन सहज तुल्याउनका लागि आफ्नो इच्छाअनुसारको सहयोग उपलब्ध गरायो ।

# अशक्त र असहायको सारथि

## पृष्ठभूमि

इन्द्रावती गाउँपालिकाका जनताको प्रमुख आम्दानीको स्रोत पनि कृषि हो अन्यत्रका धेरै नेपालीको जस्तै । यो गाउँपालिकाले खेतीयोग्य जमिन र उपयुक्त हावापानी भएकाले खाद्यान्न, नगदे बाली तथा तरकारी बाली उत्पादनका लागि निकै सम्भावना बोकेको छ । धान, गहुँ, कोदो, मकै, तोरी, फापर यहाँको प्रमुख अन्नबालीका रूपमा रहेका छन् भने साग, काउली बन्दाकोभी, काँक्रो, गोलभेडा, मास, अदुवा यहाँका प्रमुख तरकारी बालीका रूपमा रहेका छन् । तरकारी खेती गर्नका लागि प्रशस्तै सम्भावना बोकिए तापनि व्यावसायिकरूपमा भने अगाडि बढाउन सकिरहेका छैनन् स्थानीयले । बजार पहुँचका हिसावले यहाँ उत्पादित तरकारी मेलम्ची, ढाडखोला, सिपाघाट, चौतारा, नवलपुर र काठमाडौँलगायतका स्थानमा सजिलै पुऱ्याउन सकिन्छ । उपयुक्त हावापानी, ऊर्वर माटो, सहज बजार उपलब्धता जस्ता कुराको पहुँचमा रहेर पनि यहाँका किसानले यसबाट भरपुर फाइदा भने लिन सकिरहेका छैनन् ।

२०७२ सालको भूकम्पअघि व्यावसायिक तरकारी खेती गरिरहेका कृषकले समेत गर्न छाडे । क्षतिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति नपाउनु र स्थानीय स्तरबाट उनीहरूका गुनासो सुनुवाइ नहुनुले पनि कृषकका लागि अगाडि बढ्न बाधा परेको छ । मौसमी तथा बेमौसमी तरकारी खेतीसम्बन्धी तालिमको अभाव, तरकारीमा लाग्ने रोग तथा तिनका लागि विषादीको प्रयोग गर्ने ज्ञानको कमी जस्ता कुराले गर्दा निरन्तररूपमा खेती गर्दै आइरहेका कृषकमा समेत निराशा आएको देखिन्छ । आयातीत तरकारीको बढ्दो प्रयोग, स्थानीय उत्पादनले बजार माग धान्न नसक्नु र उत्पादित तरकारीको उचित बजार मूल्य नपाउनु जस्ता कारणले कृषकलाई हतोत्साहित गरेको देखिन्छ । स्थानीय सरकारले युवालाई लक्षित गरी कृषि कार्यक्रमहरू अगाडि ल्याउन नसक्नु र अर्कोतर्फ युवा जनशक्ति विदेश जाने क्रम बढ्दो हुनु यस पालिकाका लागि ठूलो समस्याका रूपमा देखापरेको छ ।



वाङ्गेल लामा

गुमानध्वज भन्छन्– 'परिश्रमको फल मीठो हुन्छ । मेहनत र धैर्यमात्र गर्न सिक्नुपर्छ ।' साँच्चै नै उनलाई देख्दा जो/कोहीको पनि मन तानिन सक्छ यतिबेला ।

## भेटियो सारथि

यसरी अभाव र समस्याको सागरमा तैरिरहेको इन्द्रावतीको पीडालाई मध्यनजर गरेर गाउँपालिकासँगको सहकार्यमा प्रयास परियोजना सञ्चालन भएको छ । परियोजनाले जीविकोपार्जनका लागि सहयोग कार्यक्रमका माध्यमबाट समुदायमा हुन सक्ने आर्थिक जोखिम कम गर्ने उद्देश्य लिएको छ । अति विपन्न, एकल महिला, पिछडिएका समुदाय लक्षित गरी मौसमी तथा बेमौसमी तरकारी खेती, बाख्रा पालन, भैंसी पालन, वाइरिङ, प्लम्बिङ, मौरी पालन, बुनाइलगायतमा सहयोग गरिएको छ ।

सरकारी निकायबाट कृषकहरूका लागि आउने अनुदानमा पहुँचवाला व्यक्तिहरूको संलग्नता रहनु र पाउनुपर्ने

लक्षित कृषक तथा पिछडिएका वर्गको उपस्थिति नहुनु अर्को समस्या देखिन्छ। तसर्थ पिछडिएका र विपन्न वर्गहरूको जीवनस्तरमा अझै सुधार आएको छैन। यसै परिस्थितिलाई नियालेर नै परियोजनाले वडा कार्यालय र स्थानीय विपद् व्यवस्थापन समितिसँगको छलफलबाट विभिन्न पिछडिएका तथा विपन्न समुदाय छनोट गरी त्यस्ता समुदायका अति विपन्न, एकल महिला रहेका घरलाई जीविकोपार्जनका लागि सहयोग गरेको छ। जसमा उपयुक्त लाभग्राहीको प्रत्यक्ष सहभागिता छ।

परियोजनाद्वारा जीविकोपार्जनका लागि छनोट गरिएका लाभग्राहीलाई व्यावसायिक तालिमसमेत प्रदान गरिएको छ। तालिमबाट उनीहरूको क्षमता तथा सिप विकास भई दक्षतापूर्वक व्यवसाय अगाडि बढाउन सहयोग पुगेको छ। आफूले गर्न चाहेको व्यवसायको विषयमा ज्ञान हासिल गरेपछि व्यवसाय गर्न सजिलो हुने बताउँछन् वडा नं. ४ निवासी महेन्द्रराज कायस्थ। यहाँ यस्तै व्यावसायिक तरकारी खेती, पाडा पालन, बाख्रा पालन, वाइरिङ, प्लम्बिङ, चिया पसल, किराना पसल, बुनाइ र मौरी पालनका लागि ९८ जनालाई परियोजनाले जीविकोपार्जनका लागि सहयोग गरेको छ। सहयोग पाएका लाभग्राहीले निकै मेहनतका साथ आफूले रोजेको व्यवसायमा लागी राम्रो आम्दानी लिन सुरु गरेका छन्।

## स्वादको कुरा

तीमध्येकी एक हुन् कृष्णकुमारी दङ्गाल। घर खर्च चलाउनसमेत धौ धौ पर्ने उनलाई अहिले परियोजनाको सहयोगपछि आर्थिकरूपले सजिलो भएको छ। परियोजनाले तरकारी खेतीका लागि तालिम, टनेल र विभिन्नथरीका तरकारीको बीउ उपलब्ध गराएपछि तरकारी खेती सुरु गरिएको थियो। सुरु गरिएको ४ महिनादेखि आम्दानी लिन थालेको दङ्गाल परिवारले हालसम्म १ लाख ५० हजार रुपियाँभन्दा बढी आम्दानी लिन सफल भएको छ। तरकारीबाट प्राप्त आम्दानीबाट एक दुहुनो भैँसीसमेत किनेका छन्। दूध र तरकारी बेचेर आएको आम्दानीको केही भाग भविष्यका लागि गाउँकै सहकारीमा बचत पनि गर्ने गरेको बताउँछिन्- कृष्णकुमारी। यस्तै वडा नं. ४ पाडामरुवा निवासी गुमानध्वज तामाङ शारीरिकरूपमा अशक्त भई वैशाखी प्रयोग गर्नुपर्ने अवस्थामा छन्। परियोजनाले जीविकोपार्जनका लागि तरकारी खेती लगाउन सहयोग गरेपछि भने उनको दैनिकी नै फेरिएको छ अर्थात उनी अहिले त्यही तरकारी स्याहार्नमा नै व्यस्त हुने गरेका छन्। तामाङ बताउँछन्- खेतबारी टाढा रहेकाले आउन/जान सकिँदैनथ्यो, दिन बिताउन निकै गाह्रो हुने गर्थ्यो। परियोजनाले तरकारी खेती गर्न सहयोग गरेपछि घर नजिकै टनेल हालेर अहिले तरकारी स्याहार्नमा नै व्यस्त हुन्छु र २-४ पैसासमेत कमाउने भएको छु।

उनी भन्छन्- 'परिश्रमको फल मीठो हुन्छ। मेहनत र धैर्यमात्र गर्न सिक्नुपर्छ।' साँच्चै नै उनलाई देख्दा जो/कोहीको पनि मन तानिन सक्छ यतिबेला। 'गोलभेडा बेचेको आम्दानीबाट अहिले एउटा बाख्रा किनेको छु। अब तरकारी र बाख्रा पालनलाई सँगसँगै लैजाने विचार छ'- गुमानध्वज भन्छन्। अब अर्को एउटा टनेल पनि थप्ने विचार गरेको र छोरालाई पनि यसैमा लाग्न सल्लाह दिएको सगर्व सुनाउँछन् उनी। हालसम्म उत्पादन गरिएको तरकारी गाउँमा नै बिक्री हुने गरेको छ। अलि बढी भएको नवलपुर बजारमा छोराले लगेर बेच्ने गरेको छ।

## यतिमात्र छैन बाँड्ने खुसी

यी व्यक्ति त परियोजनाले सहयोग गरेमध्येका सफल केही उदाहरण पात्रमात्र हुन्। अन्य यस्ता धेरै व्यक्ति छन् जसले परियोजनाको छत्रछायाँमा रहेर आफ्नो आर्थिक जीवनको काँचुली फेर्न सफल भएका छन्। सानोतिनो सहयोग र हौसलापश्चात आफ्नो आर्थिक अवस्थामा त सुधार गरेका छन् नै, साथै शिक्षा, स्वास्थ्य, भविष्यका लागि बचत र अन्य सामाजिक कार्यमा समेत लगानी गरेका छन्। हामीले जीविकोपार्जनका लागि सहयोग गर्दा सिकेको मुख्य कुरा के हो भने समुदायमा यस्ता धेरै व्यक्ति छन् जसलाई ससानो उद्यम गर्न आर्थिक सहयोग आवश्यक पर्दैन। मात्र उनीहरूका लागि सिप विकास तथा क्षमता अभिवृद्धिसम्बन्धी व्यावसायिक तालिम दिए पुग्छ। र, त्यसपछि हौस्याउने वातावरण।

फिल्ड अधिकृत

# नानीमैयाको पुनर्जीवन



परिवारका साथमा नानीमैँया

एउटी हैन, दुईटी हैन, तीनटी पनि हैन, ४-४ वटी श्रीमती ल्याइरहे श्रीमान्ले । त्यसैले उनी सधैँ हेलाँमा परिरहिन् । घरमा बस्न दिएनन् । गरिखाउँ भने आफ्नो खेतबारी केही थिएन । ससुराको नाममा भएको २ रोपनी जमिन पनि श्रीमान्का दाजुभाइबीच बन्डा भएको थिएन । त्यसैले उनले पाउने कुरै भएन । यसरी घरमा मुन्टो लुकाउने ठाउँसमेत नपाएपछि बारीमा त्रिपाल हालेर बसिन् धेरै वर्ष ।

इन्द्रावती गाउँपालिका-११ स्थित मझुवाकी नानीमैया सुवेदीको दुःख यतिमा सीमित छैन । घरमा बस्नै नपाएपछि सुत्केरी हुनसमेत माइतीको शरण लिनुपर्‍यो यिनले । तर पनि घरबाट न श्रीमान् गए न त सासू/ससुरा र परिवारका अरु सदस्य नै । भएन बा भनेर छोरो ७ वर्षको भएपछि घर फर्किन् । अनि छोराको मुख हेर्दै ज्याला/मजदूरी गरेर खान थालिन् । घरका भने कसैले मतलव नै गरेनन् । यसरी बित्दै गयो धेरै वर्ष नानीमैयाका ।

उनको दुःख यतिमा पनि सकिन्न । जुन छोराको मुख हेरेर उनी घर फर्किन्, दुःख/पीडा खेपेर बाँचिरहिन्, त्यही छोरालाई आफूसँग नबोल्ने वातावरण सिर्जना गराए घर परिवारले । आफूलाई छोराको माया लाग्ने, छोरो भने देख्यो कि बोल्नुपर्ला भनेर टाढा टाढा भाग्ने गर्न थाल्यो । तर पनि नानीमैयाले हिम्मत हारिनन् । एकदिन त कसो भगवानले नहेर्लान् र भनेर बाटो कुरिरहिन् ।

'मैले सधैँ पुकार्ने गरेको भगवान त प्रयास पो रहेछ', उनको गाउँमा भूकम्पपीडितको जीविकोपार्जन, पुनर्निर्माण र प्रकोप जोखिम न्यूनीकरणमा सघाइरहेको

प्रयास दोस्रोप्रति इङ्गित गर्दै थपिन्- जब प्रयासका भाइ/बहिनीसँग भेट भयो, उनीहरूले सहयोग पनि गरे तब मैले पुनर्जीवन पाएँ । अहिले त मेरा सबै दुःख विगतमा परिणत भइसके । अब म ती पीडा सम्झन पनि चाहन्न ।

उनले आफ्नो जीवनमा भगवान बनेर उपस्थित भएको प्रयासले गरेको सहयोग यसरी वर्णन गरिन्- आफू त्रिपालमै बसे पनि भूकम्पले श्रीमान् बसेको घर भत्काइदियो । श्रीमान्को ठेगान नभएको र आफ्नो नाममा जग्गा पनि नभएकाले ससुराको स्वीकृतिमा सरकारी अनुदान मैले पाउने भएँ । तर डिपिसी गरेपछि काम अघि बढाउन पैसा भएन । त्यसपछि प्रयासकै कर्मचारी जमानी बसेर सामान ल्याइदिए । अब तेस्रो किस्ता आउन बाँकी छ । उक्त किस्ताले बाँकी ऋण तिर्न पुग्छ । यसरी प्रयासको सहयोग र समन्वयमा मेरो घर बन्यो । आफ्नै घर बन्नु मेरो जिन्दगीकै सबैभन्दा ठूलो खुसियाली बन्यो ।

त्यतिमात्र हैन, उनले थपिन्- जीविकोपार्जन सहज होस् भनेर प्रयासले नै मलाई २ वटा पाडो किन्न ३६ हजार ५०० रुपियाँ पनि दियो । जसबाट २ वटा पाडो किनेर तिनैलाई हुर्काईरहेकी पनि छु । अनि तरकारी खेती गर्न सिकाउने तालिम पनि दियो । तालिम सकिएपछि बीउ पनि दिएर पठायो । अहिले धेरै जग्गा नभए पनि घर वरिपरि नै अर्थात करेसाबारीमै भए पनि आफूले सिकेको सिपअनुसार तरकारी लगाएकी छु । अलिकतिचाहिँ अरुको बारीमा पनि लगाएकी छु । उनी भन्छिन्- आफ्नो रोप्ने जग्गै नहुँदा पनि मैले अरुको बारीमा लगाएर पनि आधा उसलाई दिएँ र आधा बेच्दा पनि ५ हजार रुपियाँ जति आम्दानी भयो । यो मेरा लागि निकै ठूलो पैसा हो ।

प्रयासकै समन्वयमा नानीमैयालाई वडा कार्यालयले टनेल खेती गर्न टनेल पनि उपलब्ध गराएको थियो । विडम्बना, उनले सरकारले अनुदानमा दिएको आफ्नै टनेल पनि ल्याउन पाइनन् । कारण- उनीसँग टनेल हाल्ने जग्गै छैन । तर पनि उनले हिम्मत भने हारेकी

**जब बाबु र आमा सँगै बस्न थाले त्यसपछि तर्केर हिँड्ने छोरो पनि आमासँग नजिक हुन थाल्नु नानीमैयाका लागि अर्को नयाँ खुसीको क्षण बन्न पुगेको छ ।**

छैनन् । भन्छिन्- अरुको जग्गा भाडामा पाएँ भने तरकारी खेती गर्छु ।

यो त भयो उनको जीविका सुधारको पाटो । योभन्दा पनि खुसीको पाटो अर्को पनि छ यतिबेला उनीसँग । भनाइको मतलव अहिले उनका श्रीमान् पनि उनीसँगै बस्न आएका छन् । ३ वटीले छाडेर हिँडेपछि अहिले पश्चाताप गर्दै श्रीमान् आफैँसँग बस्न आएका र अब कुनै हालतमा अर्को नल्याउने कसम खाएका नानीमैयाले खुसी हुँदै सुनाइन् । जब बाबु र आमा सँगै बस्न थाले त्यसपछि तर्केर हिँड्ने छोरो पनि आमासँग नजिक हुन थाल्नु नानीमैयाका लागि अर्को नयाँ खुसीको क्षण बन्न पुगेको छ ।

त्यतिमात्र पनि हैन, उनलाई पहिले मतलव नगर्ने ससुरादेखि वल्लोपल्लो घरका मानिस पनि राम्रो व्यवहार गर्छन् । काममा गएका बेला खाना बनाइदिन्छन् र खान बोलाउँछन् पनि । 'त्रिपालमुनि बस्नेको आफ्नै घर हुनु, धेरै वर्ष छाडेर गएका श्रीमान् आफैँसँग आउनु, तर्केर हिँड्ने छोरो नजिक हुनु, ज्याला गर्न सकेमात्र २-४ पैसा हात पर्नेसँग अहिले ५-७ हजार हुनु पुनर्जीवन हैन त मेरो ?' -आफ्नो नयाँ जीवनबारे यसरी प्रस्ट्याउँछिन् नानीमैया अचेल ।

# हृष्टपुष्ट चाउरीको कथा



तपाईँको नाम के हो नि ? उत्तर- चाउरी माझी । तर नाम चाउरी भए पनि हेर्दा त हृष्टपुष्ट पो हुनुहुन्छ त ? उल्टै प्रश्न आयो- आफ्नै बारीको अर्गानिक तरकारी खाएपछि हृष्टपुष्ट भइन्न त ? उनको बारी अवलोकन गर्ने क्रममा थाहा भयो- हो रैछ । आफ्नै बारीमा फलेका सागसब्जी र तरकारीले उनको ज्यानलाई भरिलो र स्वस्थ बनाउन सघाएको उनको दाबी सही लाग्यो । त्यतिमात्र कहाँ हो र ? उनको आर्थिक स्वस्थता कायम राख्न पनि सघाएको रहेछ यही तरकारी खेतीले ।

इन्द्रावती गाउँपालिकाको अधिकारी टार बस्ने चाउरी न नाम जस्तै चाउरी छन् न त ख्याउटी नै । मेहनत र त्यसअनुसारको सन्तुष्टिले पनि आफूलाई नामजस्तो हुन नदिएको उनको प्रस्टोक्ति छ । अहिले उनको अधिकांश समय तरकारी खेतीमै बित्छ । जहाँ उनी तरकारी लगाउनका लागि जमिन तयार पार्नेदेखि गोडमेल हुँदै उत्पादन भित्र्याउने र बजार लगेर पैसा हात पार्नेसम्म काममा तल्लीन हुन्छिन् ।

उनको यो दिनचर्या कसरी सुरु भयो त ? चाउरी बेलिबिस्तार लगाउँछिन्- हामी पहिले पनि तरकारी खेती त गर्थ्यौँ नै, तर मात्र खानका लागि । तर जब हाम्रो गाउँमा प्रयास दोस्रो परियोजनाले काम थाल्यो, त्यसपछि भने खानका लागिमात्र लगाइने तरकारीलाई व्यावसायिकरूपमा पनि लगाउन थाल्यौँ । अहिले तरकारीमा नशा बस्नुको कारण यही हो ।

'सुरुमा हामीलाई तरकारी खेतीसम्बन्धी ३ दिनको तालिम दियो परियोजनाले । त्यसपछि बीउ पनि दियो । गोलभेडा, खुर्सानी, करेला, घीउ सिमी, बोडी, काँक्रो आदिको बीउ पाएपछि त्यसलाई रोप्यौँ । मैले

> **तालिम, घाँसको बीउ तथा तरकारीको बीउसमेत प्राप्त गरेपछि यतिबेला चाउरीमात्र हैन, घरका अरु सदस्यसमेत उनलाई सघाउन तत्पर देखिएका छन् ।**

यसपालि काँक्रोमात्र ४ हजार रुपियाँको बेचिसकेँ, अरु पनि फलिरहेका छन्, हेरौँ कति पुग्छ आम्दानी अन्तिमसम्ममा ?', चाउरीले थपिन्- करेला र अरु तरकारी पनि बेच्ने बेला भएको छ ।

चाउरीको गाउँभन्दा अलि पर बोड्गाउँ पर्छ । जहाँ चाउरीको मात्र हैन, अरुको पनि तरकारी सजिलै बिक्छ । त्यसैले लगाउन सक्दा जति पनि बिक्ने र बजारको समस्या नहुने उनको भनाइ छ । अनि आफू प्रयासले गरेको सहयोगअनुसार तरकारी खेतीप्रति हौसिनुको मुख्य कारण यो पनि एउटा भएको उनी बताउँछिन् । प्राविधिकसमेत प्रयासले नै खटाइदिएकाले रोगव्याधिको पनि समस्या रहेन भन्दै उनले थपिन्- हामीले सजिलैसँग तरकारी खेती गरिरहेका छौँ अहिले त ।

२ छोरा भए पनि खासै नपढेकाले सामान्य ज्याला मजदूरीको काम गर्छन् । ६-७ रोपनी खेती भएकाले राम्रो उत्पादन हुँदा खानचाहिँ पुग्छ रे । अन्तिम किस्ता लिन बाँकी भएकाले घर पनि बनिसकेको छैन । तर तरकारीको आम्दानीले घर निर्माणमा पनि धेरथोर भरथेग गरेको बताउँदै भन्छिन्- अब तरकारी खेती बढी जमिनमा गर्छु । बजारमा बेच्छु र जीविका सहज तुल्याउँछु ।

तालिमपछि प्रयासले नै दिएको गोलभेडाको बीउ पनि राम्रैसँग उमारेकी छिन् उनले । खासगरी बेमौसमी तरकारी र काँक्रोमा ध्यान दिनुपर्छ भन्ने बुझेकी चाउरी आम्दानी पनि यसबाटै राम्रो हुनेमा निश्चिन्त छिन् । त्यसैले त उनी मौसमी भन्दा पनि बेमौसमी खेतीमा ध्यान दिन थालेकी छिन् अचेल । भन्छिन्- दुःखै गर्नुपरेपछि राम्रैसँग गर्ने, आम्दानी पनि राम्रैसँग लिने ।

तालिम, घाँसको बीउ तथा तरकारीको बीउसमेत प्राप्त गरेपछि यतिबेला चाउरीमात्र हैन, घरका अरु सदस्यसमेत उनलाई सघाउन तत्पर देखिएका छन् । बुहारीहरूसमेत आफ्नो कामप्रति सकारात्मक देखिएपछि चाउरीलाई पनि थप हौसला मिलेको छ । 'मैले अब तरकारी खेती लगाउने जमिनको क्षेत्रफल बढाउने योजना बनाएकी कारण पनि यही हो'- उनी खेती बिस्तार गर्ने योजनाको रहस्य यसरी सुनाउँछिन् ।

उनको बारीको उत्पादन स्थानीयले पनि रुचाउँछन् । यसको मुख्य कारण उनी आफ्नो तरकारीमा लागेका रोग, कीरा आदिका लागि विषादी त प्रयोग गर्छिन् तर अर्गानिक । जुन अर्गानिक विषादी उनी आफैँ बनाउँछिन् । यसरी गाउँघरमै र आफ्नै बारी बुट्यानमा पाइने सामग्रीबाटै अर्गानिक विषादी बनाउने सिप पनि उनले प्रयासले नै दिएको तालिमका क्रममा सिकेकी हुन् । उनले यस्तै विषादी प्रयोग गर्ने र यसले स्वास्थ्यमा हानि नगर्ने जानकारी पाएकाले पनि चाउरीका उत्पादन स्थानीयको रोजाइमा पर्ने गरेको हो ।

यही कारण अहिले चाउरी छिमेक र गाउँघरमा समेत मेहनती कृषकका रूपमा चिनिएकी छिन् । घर परिवारबाट समर्थन, प्रयासको आर्थिक र प्राविधिक सहयोग तथा स्थानीयको स्याबासीबाट हौसिएकी उनी बजारसमेत समस्या नभएकाले थप उत्साहित बनेकी हुन् । त्यसैले त भन्छिन्- पहिला जे भयो भयो, अब त आम्दानीको बाटो थाहा पाइसकेँ । तरकारी र काँक्रो खेतीलाई नै निरन्तरता दिने हो सधैँ ।

# मन भुलाउने बाटो

एउटा छोरो जन्मेको दुई दिनमै बित्यो । अर्को ९ महिना पुगेपछि गर्भमै बित्यो । पहिलो छोरो बित्दा नै म करिब करिब पागल जस्तै भइसकेकी थिएँ । धन्न दोस्रोका आशमा बसेँ । दोस्रो पनि त्यस्तै भएपछि मन बुझाउने बाटै भएन । हुँदाहुँदा पधेराँ पानी लिन गएका श्रीमान्समेत उतै लडेपछि हिँडडुल गर्न नसक्ने अवस्थामा पुगे । र, २५ वर्षसम्म उनलाई स्याहारेँ । २०७० सालमा उनको पनि निधन भएपछि मेरो आफ्नो भन्ने कोही भएन ।

केही खेतीपाती गर्थें । २-४ वटा बाख्रा पालेकी थिएँ । त्यसैमा भुलेकी थिएँ जसोतसो । तर २०७२ सालको भूकम्पले तिनै बाख्रा पनि घरसँगै किचेर मारिदियो । त्यसपछि झन् म नितान्त एक्लो भएँ । अहिले भने प्रयास दोस्रो परियोजनाले गठन गरेको छलफल केन्द्रमा जान थालेकी छु । त्यहाँ गएपछि आफू जस्तै दुःखी दुःखीका कुरा सुनेर केही भए पनि मन बहलाउँछु ।

यही छलफल केन्द्रमा जान थालेपछि परियोजनाले नै मलाई पनि बाख्रा किन्न सहयोग उपलब्ध गरायो । बाख्रा पालन कसरी राम्रोसँग गर्ने भन्नेबारे तालिम पनि दिएको छ । खोर सुधार गर्नेबारे पनि जानेँ । अहिले ७१ वर्षको उमेरमै भए पनि बाख्रासँग मन भुलाएर बाँच्ने प्रयास गरिरहेकी छु । जेठाजुको छोराले सघाउने गरेको छ ।

**बाटुली दाहाल**
विमिरे, इन्द्रावती गापा-४

# असहायको साथी प्रयास

मानिसको जिन्दगीमा दुःख र सङ्घर्षले कहिले पनि साथ नछाड्ने रहेछ । चाहे त्यो बालपनमा होस् या बुढेसकालमा । यसकै सेरोफेरोमा जिन्दगी जिउँदै बिताउनुपर्ने प्रकृतिको नियम नै रहेछ । तर कति दुःखका दिनपछि सुख आउँछ त ? यो नाप्ने यन्त्र भए अवश्य पनि सबैले प्रयोग गर्थे । दुःख सँगसँगै सुखका दिन पनि आउँछ भन्थे बूढापाका । तर सबैका सन्दर्भमा बूढापाकाले भनेकोमात्र के मिल्थ्यो र ? यही नमिलेको एक उदाहरण हुन् इन्द्रावती गाउँपालिका वडा नं. ४, पाडामरुवा बस्ने भगवती थापामगर । उमेरले ७० वर्ष नाघिसकेकी उनी भन्छिन्- 'अब यो जीवनमा त सुखको दिन देख्न पाइएला जस्तो छैन । दुःख गर्दागर्दै जिन्दगी डाँडामाथिको घाम भएछ ।' बिहानै उठी बाख्रालाई घाँसपात गरी दिउँसो मेलापात जानु उनको दैनिकी नै हो । गाउँ समाजमा के भइराखेको छ, यसबारे सधैँ बेखबर हुने र आफ्नो समस्या पनि कसलाई सुनाउने वा भन्नेबारे उनी अलमलमा हुन्थिन् ।

खेत ५ रोपनी र बारी ७ रोपनी थियो । यो जग्गा दुई छोरालाई बराबार अंशबन्डा गरिदिइन् उनले । अहिले आफ्नो नाममा केही छैन यही बस्ने घरबाहेक । सरकारले दिने सामाजिक सुरक्षा भत्ता र बिहान/दिउँसो मेलापात गरी आएको पैसा नै उनको गुजारा चलाउने आधार हो । श्रीमान्को मृत्युपछि एक्लो जीवन कठिन त थियो नै, त्यसमाथि २०७२ सालको भूकम्पले बाससमेत उठिबास लगाइदिएपछि उनी झनै दुःखको सागरमा फसिन् । बल्लतल्ल जस्ताको टहरा लगाइ ३ वर्ष यसैमा बिताइन् । त्यसपछि सरकारले दिएको ३ लाख रुपियाँबाट जसोतसो एक कोठे घर बनाइन् । जहाँ अहिले उनी बसिरहेकी छिन् ।

यसरी दुःखजिलो गर्दै दिनचर्या बिताउँदै गरेकी उनी कसोकसो सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सञ्चालन गरिरहेको रिफ्लेक्ट छलफल कक्षामा सहभागी हुन पुगिन् । जहाँ उनीजस्तै अति विपन्न, एकल महिला, सामाजिकरूपमा पिछडिएका, अशक्त र अपाङ्गता भएका व्यक्ति सामेल थिए । एकल महिला भएको हुनाले उनी पनि कक्षाको सहभागी भएकी थिइन् । त्यसपछि उनी नियमितरूपमा कक्षामा सहभागी हुन थालिन् । आफ्नो र समुदायको समस्या तथा सवालमा छलफल हुने गरेकाले उनलाई कक्षा रमाइलो लाग्न थाल्यो ।

दुःखीको जीवनमा सधैँ पीडा नै पीडा । एउटाले छोडन् नपाउँदै अर्को आइलाग्ने । उनीमाथि ठूलो वज्रपात त्यतिबेला आइलाग्यो जब एकै रात दुःखले पालेका पाँचवटा बाख्रा बाघले मारिदियो । मनको कुरा कसलाई सुनाउने, कसलाई नसुनाउने, पत्तो पाउनै सकिनन् । छलफल कक्षामा सुनाएर पनि के गर्नु जस्तो लाग्थ्यो उनलाई । तैपनि मनले मानेन र सुनाइन् । आफ्ना पाँचवटा बाख्रा बाघले मारेको सुनाएपछि कक्षाको सिफारिसमा परियोजनाले उनलाई जीविकोपार्जनका लागि बाख्रा पालनमा सहयोग गर्ने भयो ।

यसको केही समयपछि परियोजनाले उनलाई बाख्रा पालन र खोर व्यवस्थापनसम्बन्धी तालिम दियो । तालिम सकिएको केही दिनपछि संस्थाले दुईवटा माउ बाख्रा दियो उनलाई । अहिले संस्थाबाट दिइएको दुईवटा र घरमा भएका दुईवटा गरी चारवटा बाख्रा स्याहार्दै दिन बिताउँछिन् उनी । हाल बाख्राबाट ९ हजार रुपियाँ आम्दानी गरेकी उनी उक्त रकमबाट ग्यास चुलो किन्ने विचार गरेको बताउँछिन् । बाख्रा पालनसम्बन्धी तालिम, बाख्राको खोर व्यवस्थापन र घाँसको बीउलगायत सहयोग लिइ हाल व्यवस्थितरूपमा बाख्रा पालन गरिरहेकी उनी भन्छिन्- ‘यदि मैले यो कुरा नगरेर चूप लागेर बसेको भए कसरी सहयोग पाउँथे होला र ?’ अहिले त उनी सबैलाई आफ्ना समस्या भन्ने र सुनाउने गर्नुपर्ने रहेछ, त्यसपछिमात्र कतैबाट केही न केही समाधान हुने रहेछ भन्ने निष्कर्षमा पुगेकी छिन् । यतिमात्र हैन, छलफल कक्षामा जान थालेपछि घरमा झट्पट् झोला तयार भएको, भाँडा सुकाउने चाङ निर्माण गरेको, पानी शुद्ध पार्ने फिल्टर प्रयोग गर्न थालेको



भगवती थापा मगर पुनर्निर्माण गरिएको घरमा ।

र भलकुलो पानी कटान गरेको जस्ता अनुभव पनि छन् उनीसँग । अहिले त कक्षामा छलफल गरिएको सवालबारे मेलापात जाँदा अरुलाई पनि सुनाउने गरेको जानकारी दिन्छिन् उनी ।

सहयोग गर्ने कोही नभएका हामी जस्ता असहाय तथा एकल महिलाको सहयोगी बनेर आएकामा प्रयास परियोजनाप्रति एकदम खुसी छु- उनको भनाइ छ ।

# हेरौँ, अब केही हुन्छ कि ?



परियोजनाले सहयोग गरेको पाडा हुर्काउदै सरस्वती

१७ वर्षदेखि श्रीमान् अर्कै श्रीमती लिएर काठमाडौँतिरै बस्छन् । कहिलेकाहीँ घर आए पनि बोलचालसमेत हुने गरेको छैन । त्यसैले अपाङ्गता भएकी सासूसमेत उनैले पाल्नुपरेको छ ।

सासूमात्र हैन, बिहे नगरी बसेका जेठो ससुरासमेत यिनैसँग बस्छन् । आफ्नो एक रोपनी र सासूको एक रोपनी गरी २ रोपनी जति जमिनमात्र भएकी सरस्वती दनुवार २ छोरा र एक बुहारीसमेत सबै पालिने आधार यही भएको बताउँछिन् ।

इन्द्रावती गाउँपालिका-१२ स्थित पीपलटारमा बस्ने सरस्वती गुनासो गर्छिन्- 'यस्तै आर्थिक अभावका कारण जेठो छोराले ९ पढेर छाड्नु पर्‍यो । अहिले घर बनाउने काममा हिँड्छ । कान्छो भने १० मा पढ्दैछ । तर उसको पढाइ पनि कुन दिनदेखि छुट्ने हो थाहा छैन ।' सरकारले पढाइ निःशुल्क भने पनि छोराका लागि जाँच फि, ट्युसन फि, कम्प्युटर फि र भर्ना भनेर लिइने पैसा नै काफी भएको उनको गुनासो छ । त्यसैले पनि छोराको पढाइलाई निरन्तरता दिन नसकिने हो कि भन्ने पिरलोले सताइरहन्छ उनलाई ।

उसै त यस्तो बिजोग अवस्थामा भूकम्पले भएको घर पनि भत्काइदिएपछि के हालत भयो होला उनको ? भन्छिन्- 'बिजोगै भयो नि ।' अरुलाई जस्तै उनलाई पनि सरकारले ३ लाख रुपियाँ दियो घर बनाउन । तर सासू, जेठो ससुरा, दुई छोरा, बुहारी र आफूसमेत बस्नुपर्ने भएकाले एक कोठे घरले पुग्दैनथ्यो । त्यसैले उनले कम्तीमा पनि दुई कोठे घर बनाउनुपर्थ्यो जसका लागि ३ लाख अपर्याप्त हुन्थ्यो ।

'दुई कोठे घर त बनाएँ तर ३ लाख रुपियाँ ऋण छ । भाइसँग ऋण लिएकी छु । तर पनि प्लास्टर गर्न सकिएको छैन । झ्याल/ढोका राख्नै बाँकी छ । अब कसरी यो पूरा गर्ने भन्ने आफैँलाई थाहा छैन', उनले गुनासो गरिन्- अझै धेरै वर्ष टहराकै बास होला जस्तो छ हाम्रो त ।

यस्तै अवस्थाबाट गुजिरहेकी सरस्वतीलाई यतिबेला भने एउटा सानै भए पनि मन बुझाउने मेसो फेला परेको छ । गाउँमै भूकम्प प्रभावितलाई सघाउने काम गरिरहेको प्रयास दोस्रोले पाडो किन्न ३६ हजार ५ सय रुपियाँ उपलब्ध गराएपछि अहिले २ वटा पाडो किनेर तिनैलाई हुर्काउँदैछिन् । यी पाडो ठूलो भएपछि बेच्ने र त्यसबाट प्राप्त हुने पैसाले एउटा अर्को पाडो किन्ने अनि बाँकीचाहिँ घरको बाँकी काममा लगाउने योजना उनले बनाएकी छिन् ।

प्रयासबाटै उनले तरकारी खेतीका लागि सहयोग प्राप्त गरेकी छिन् । तालिम लिनेदेखि करेसाबारी खेतीका लागि मिनी किटसम्म प्राप्त गरेकी छिन् । खुर्सानी रोपेकी छिन् । र, अरु तरकारी पनि लगाउने तयारी गर्दैछिन् । तर उनलाई तरकारी खेती गर्न भने सजिलो छैन किनकि यहाँ पानीको दुःख छ । तर खाने मुखलाई जुँगाले छेक्दैन भनेझैँ भाँडा माझेको पानी जम्मा पारेर तरकारी खेतीमा लगाउने गरेकी छिन् उनले । भन्छिन्- भाँडा माझेको, लुगा धोएको एक थोपा पानी पनि खेर जान दिन्न ।

# फुर्सद सदुपयोगको परिणाम

हाम्रो धान, तोरी, मकै आदि पेल्ने मिल छ । श्रीमान् लक्ष्मण दनुवार मिलमै बस्नुहुन्छ । त्यही क्रममा रातमाटेमा प्रयास दोस्रोले किसानलाई तरकारी तालिम दिइरहेको देख्नुभएछ । अनि मिलमा काम नभएका बेला वा मानिस नआएका बेला आफू पनि केही सिकिन्छ भनेर उक्त तालिममा जानुभएछ । त्यहाँबाट फर्केपछि प्रभावित भएर उहाँले घरमा तरकारी लगाउन थाल्नुभयो ।

हामीकहाँ पानी थिएन । तैपनि जे होला त भनेर लगायौँ । त्यसपछि त धारा पनि बन्यो । अहिले त त्यही धाराबाट खेर गएको पानीले नै पुगेको छ जसोतसो । यसरी लगाइएको तरकारी (खुर्सानी, भाण्टा आदि) बाट १२ हजार रुपियाँ जति कमाइ भयो । अब अरु बढी तरकारी खेती गर्ने विचार गरेका छौँ । मिलमै खाली बस्नुको सट्टा यसो तालिममा गएको फल यतिबेला राम्रै पाइरहेका छौँ हामीले । आखिर खाली बस्दैमा त प्रगति पनि कहाँ हुन्छ र ? हैन त ?

**रमा दनुवार**
पीपलटार, इन्द्रावती गाउँपालिका-१२

'साह्रै नाजुक अवस्थाबाट गुज्रिरहेका हामीलाई प्रयासले पाडा किन्न र तरकारी खेती गर्न सहयोग गरेर ठूलो गुन लगाएको छ', सरस्वतीले थपिन्- अहिले पाडा पनि पालिरहेका छौँ, तरकारी खेती पनि गरिरहेका छौँ । अबचाहिँ आर्थिक अवस्था सुधारमा केही हुन्छ कि भन्ने आशा लागेको छ । हेरौँ ।

# काम गर्ने चाह



इन्द्रावती गाउँपालिका वडा नं. ११ को मजुवाटारकी ३९ वर्षीया सरस्वती दङ्गाल ३ छोरासहित बस्छिन् । मेलम्चीमा जन्मिएर १४ वर्षकै उमेरमा विवाह भएकी उनले जीवनमा खासै सुखानुभूत गर्न पाएकी छैनन् । श्रीमान् दोस्रो विवाह गरेर बसेकाले ठ्याम्मै हेरचाह गर्दैनन् । भएको ६ रोपनी खेत/बारीसमेत सबै बेचबिखन गरिदिए । त्यसैले सरस्वती करिब करिब भूमिहीन बनेकी छिन् आफ्नै जग्गा हुँदाहुँदै पनि । यही कारण सरस्वतीले देवरको जग्गा अधियामा कमाएर जीविकोपार्जन गरिरहेकी छिन् ।

यसरी दुःखसुख गुजारा गरिरहेकै बेला २०७२ सालको भूकम्पले अरुजस्तै उनको पनि बिजोगै बनायो । हुँदाखाँदाको घर पनि भत्काइदियो । बचेखुचेको केही अन्न पनि पुरियो । यसरी उसै त पीडै पीडाबीच बाँचिरहेकी उनीमाथि थप पीडा आइलाग्यो । बस्ने बास छैन, खाने गाँस छैन । तैपनि जसोतसो जीवन निर्वाह गरिन् । यसो गर्नुको विकल्प पनि के नै थियो र आखिर उनीसँग ।

भूकम्पपछि विभिन्न सङ्घ/संस्थाबाट राहतस्वरूप चामल, दाल, त्रिपाल उपलब्ध भएकाले दैनिकी चलाउन केही सहज भयो । मेरिक नोल नामक संस्थाबाट एउटा ट्रस सहयोगस्वरूप पाइन् । सोही ट्रसको 'घर' बनाइ त्यहीँ बसोबास गर्न थालिन् । भूकम्पपश्चात पहिला कमाएको जग्गा पनि कमाउन दिएनन् देवरले । सासूका कारण कमाइरहेको उक्त जग्गा पनि छाड्नुपरेपछि सरस्वतीको जीविकोपार्जनमा समस्या देखिन थाल्यो ।

यस्तो अवस्थाले सिङ्गै परिवारमा तनाव आउने नै भयो । तनावकै कारण उनको जेठो छोरा पढाइ

छाड्न बाध्य भए। त्यसपछि कामको खोजीमा काठमाडौँ गए। बाउले गरेको नराम्रो व्यवहारका कारण जीवनदेखि निराश भएर विषसमेत खान बाध्य भए। उपचारका क्रममा धेरै पैसा खर्च भयो। सो रकम मामा र देवरले तिर्ने सर्तमा छोरोलाई ल्याइयो। तर छोरो त्यसपछि पहिले जस्तो स्वस्थ रहन सकेनन्। यो अवस्थाले सरस्वतीको जीवनको अर्को वज्रपात प्रहार हुन पुग्यो।

सरकारले उपलब्ध गराएको अनुदान सहयोगबाट बल्लतल्ल २ कोठे घर बनाइन्। घर बनाएको जग्गा पनि श्रीमान्‌को नाममा थियो। श्रीमान्‌ले मञ्जुरीनामा दिन नमाने पनि सोही जग्गामा घर बनाउन बाध्य भइन् उनी। किनकि अन्त जग्गै थिएन। 'मैले घर बनाएको जग्गा पनि श्रीमान् र देवर मिली ११ लाख रुपियाँमा धितो राखेको थाहा पाएकी छु। थाहा पाएरमात्र पनि केही नहुने रहेछ। परिवारमा बिहान/बेलुका छाक टार्न त गाह्रो छ, त्यो ऋण मैले सम्झिएर गर्नु पनि के ?'- उनको दुखेसो छ।

आर्थिक क्षमता कमजोर भएकै कारण बाख्रा, भैँसी किन्ने क्षमता छैन। त्यसैले अरुको बाख्रा ल्याएर आदि दिने सर्त (अधिया) मा पाल्ने गरेकी छिन् उनले। खेती गर्दा पनि जग्गावालालाई आधा दिनुपर्ने भएकाले त्यसमा तरकारीलगायत नगदे बाली लगाउने कुरै भएन। अर्कोतर्फ उनलाई तरकारी खेतीको ज्ञान पनि कहाँबाट होस् र ?

उनको समुदायमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सञ्चालन गरिरहेको प्रयास दोस्रो परियोजनाअन्तर्गत छलफल केन्द्र सञ्चालन भइरहेको थियो। गाउँका विपन्न परिवारबारे छलफल हुँदा सरस्वतीको पनि नाम आयो। त्यसपछि उनी छलफल केन्द्रमा सहभागी हुन थालिन्।

परियोजनाले उनको दुःख देखेर व्यावसायिक तरकारी उत्पादनका लागि सहयोग गर्ने वचन दिएको थियो। तर आफ्नो जग्गा नभएकाले उनले आँटै गर्न सकिनन्। अरुको जग्गामा खेती गरिरहेकाले जग्गावालाले गर्न दिने हो कि नदिने भन्ने द्विविधा थियो उनमा। यसैबीच परियोजनाले नै सञ्चालन गरेको व्यावसायिक तरकारी खेतीसम्बन्धि ३ दिने तालिममा भने बसिन्। तालिममा सहभागी भएपछि आफूले तरकारी खेती गर्न नाम नलेखाएकामा पछुतो भयो उनलाई। 'जहाँ इच्छा, त्यहाँ उपाय' भनेजस्तै वडा कार्यालयबाट तरकारी व्यवसाय गर्न इच्छुक किसानलाई ८० प्रतिशत अनुदानमा टनेलका लागि शिलपाउलिन दिने निर्णय भयो। अनि प्रयास परियोजनाले तालिमका साथै तरकारीको बीउ पनि दिने भयो। 'त्यसपछि म पनि तरकारी उत्पादनमा लागेँ। तरकारी लगाउने ठाउँ थोरै भएकाले संस्थाले उपलब्ध गराएको बीउमात्र लगाएँ। जसबाट २८ हजार रुपियाँको तरकारी बिक्री गर्न सफल भएँ'- सरस्वतीले खुसी हुँदै बताइन्।

अहिले तरकारी खेतीबाट निकै खुसी सरस्वती गर्ने चाहना कहिले मार्नुहुँदो रहेनछ भन्ने सिकाइ भएको बताउँछिन्। अनि गर्न चाह्यो भने जग्गा, सहयोग सबै मिल्ने रहेछ, अल्छीका लागिमात्र केही नमिल्ने रहेछ भन्छिन् उनी।

त्यतिमात्र हैन, छलफल केन्द्रमा नियमित जान थालेपछि उनले विपद् पूर्वतयारीसम्बन्धी ज्ञान प्राप्त गरिन्। त्यहीअनुरूप व्यवहारमा समेत परिवर्तन ल्याएकी छिन्। झटपट् झोला बनाइ मूल ढोकाको छेउमा झुण्ड्याएकी छिन्। भाँडा सुकाउने चाङ बनाएर प्रयोग गर्न थालेकी छिन्। बलेसी पानीको व्यवस्थापनका साथै पानी शुद्धीकरण गरेरमात्र प्रयोग गर्ने बानी विकास गरेकी छिन्।

पहिले दुई चार पैसा कमाए पनि बचत गर्ने गरेकी थिइनन्। छलफल केन्द्रमा सहभागी हुन थालेपछि बचतको महत्व बुझिन्। त्यसैले सहकारीमा १५ कित्ता सेयर खरिद गरेकी छिन्। मासिक ३०० देखि ५०० रुपियाँसम्म बचत गर्न थालेकी छिन्। जसले गर्दा छोरालाई पढाउन र केही भवितव्य परिहालेमा जीविका चलाउन सहज हुने विश्वास उनमा छ।

# युवालाई सिप

मानिसको सबैभन्दा उत्पादनशील उमेर समूह भनेको १८ देखि ४९ वर्षको हो । त्यसैले यो समूहका व्यक्तिलाई मुलुकको काँचुलीसमेत फेर्न सक्ने हैसियतवालाका रूपमा हेर्ने गरिन्छ । यही वास्तविकतालाई प्रयास परियोजनाले पनि नजरअन्दाज गर्ने कुरै थिएन । त्यसैले युवालाई प्राविधिक तालिम प्रदान गरी आयआर्जनतर्फ उत्प्रेरित गराउने उद्देश्यले प्रयासले वाइरिङ र प्लम्बिङको तालिम इन्द्रावती गाउँपालिका ४, ११ र १२ मा सञ्चालन गरेको थियो । विशेषतः रिफ्लेक्ट कक्षाको अनुरोध र सहयोगमा आयोजना गरिएको यस्तो तालिम विद्यालय छाडेका र परिवारको आर्थिक अवस्था कमजोर भएका परिवारका सदस्यप्रति लक्षित थियो ।

तालिम सञ्चालनको प्रमुख उद्देश्य युवाहरूलाई प्राविधिक सिप प्रदान गरी आर्थिक आयआर्जनको पाटोमा जोड्नु थियो । त्यतिमात्र हैन, सामान्य सिप भएका तर व्यवसाय गरेर उद्यमशील बन्ने चाहना भएकाहरूको इच्छा पूरा गर्नु पनि थियो । यसै उद्देश्य परिपूर्तिका लागि परियोजनाले वडाहरूसँग समन्वय गरी सहभागी हुन इच्छुकहरूको नाम प्राप्त गर्‍यो । त्यसपछि तालिम प्रदान गर्न कोटेसन आह्वान गर्ने, आपूर्तिकर्ता छनोट गर्ने जस्ता काम अगाडि बढाइयो । यसरी अघि बढ्ने क्रममा परियोजनाले तालिमका लागि इच्छुक १५ जना छनोट गर्‍यो । तर तालिमका क्रममा २ जना भने अनुपस्थित रहे ।

प्राविधिक शिक्षा तथा व्यावसायिक प्रशिक्षण परिषद् (सि.टि.इ.भि.टी.) बाट मान्यता प्राप्त तालिम भएकाले युवाहरूलाई होस्टेलमा राखेर तालिम सञ्चालन गर्नुपर्ने थियो । ३ महिने तालिम भएकाले सहभागीलाई परियोजनाले खाने/बस्ने व्यवस्थासहित काठमाडौँमै राखेर तालिम दिने व्यवस्था मिलाएको थियो । तालिमप्रदायक संस्था एफ.स्किल प्रा.लि. सँग समन्वय गरी उसैको कार्यालयमा तालिम सञ्चालन गरिएको थियो । तालिमलाई प्राविधिक शिक्षा तथा व्यावसायिक प्रशिक्षण परिषद्बाट अनुमति प्राप्त प्राविधिकहरूले सहजीकरण गरेका थिए ।

तालिम समुदायका विपन्न वर्गका युवाहरूलाई लक्षित गरी सञ्चालन गर्ने र सहभागी कम्तीमा ५ कक्षा पढेको हुनुपर्ने मापदण्ड बनाइयो । सोहीअनुसार परियोजनाका कर्मचारीले रिफ्लेक्ट केन्द्रको सहायतामा तालिमबारेको यो सूचना समुदायमा पुऱ्याएका थिए । सूचना पाइसकेपछि सम्पर्कमा आएका समुदायका धेरै युवाले आफू तालिम लिन इच्छुक भएको बताएका थिए । स्रोत, समय र साधनको सीमितता थियो परियोजनासँग ।



अजिता रौनियार

**तालिम सञ्चालनको प्रमुख उद्देश्य युवाहरूलाई प्राविधिक सिप प्रदान गरी आर्थिक आयआर्जनको पाटोमा जोड्नु थियो ।**

त्यसैले १५ जनाभन्दा बढीलाई तालिम दिन सकिने अवस्था थिएन। तर परियोजनाले दिने तालिममा सहभागी हुन भने २५ जना युवाले रुचि देखाए। कोटा सीमित तर इच्छुक धेरै भएपछि परियोजनालाई कसरी सहभागी छान्ने भन्ने समस्या आइपऱ्यो। तर परियोजनाले निर्धारण गरेको मापदण्ड लागु गर्दा त्यो सङ्ख्या १५ जनामा झरेको थियो।

मुख्यतः परियोजना सञ्चालन भएको क्षेत्र जनजाति बस्ती भएकाले पनि तालिममा जाने युवाको सङ्ख्यामा कमी भएको हुनुपर्छ। जनजाति बस्तीहरूमा प्राविधिक तालिम लिनका लागि साँच्चिकै उत्सुकता कम हुँदोरहेछ। सामान्यतः आजै काम गरेर आजै हातमा पैसा कमाउने चाहना बढेर पनि होला, अनि छिटो प्रतिफल खोज्ने बानीले युवामा धैर्य गर्ने बानी हट्दै गएको पाएका छौँ। '३ महिनाको तालिम लिइसकेपछि रोजगारी पनि संस्थाले नै उपलब्ध गराउने भए पो जानु' भन्ने युवा पनि थिए समुदायमा। इन्द्रावती खोलाको बालुवा निकालेर जति छिटो पैसा कमाउन सकिन्छ प्राविधिक तालिम लिएर पैसा कमाउन सजिलो थिएन, यसका लागि ६ महिना १ वर्ष कुर्नैपर्ने थियो। त्यसैले होला, इन्द्रावती गाउँपालिका-१२ का दनुवार समुदायका युवाहरूले सुरुमा जाने इच्छा व्यक्त गरे तापनि तालिममा सहभागी भएनन्। यसैगरी वडा नम्बर ११ को माझी समुदायबाट जम्मा २ जना युवामात्र तालिममा सहभागी भएका थिए भने क्षत्री, ब्राह्मण, नेवार र तामाङ समुदायका ११ जना युवा तालिम सफलपूर्वक सम्पन्न गरेर फर्किए।

## खुसीको क्षण

तालिम सञ्चालनपश्चात सहभागीहरूको दैनिकीमा आएका परिवर्तन र सिर्जना भएका रोजगारीले परियोजनाले गरेको लगानी सही ठाउँमा भएको पुष्टि गर्छ। समुदायमा पहिलेदेखि नै वाइरिङको काम गर्दै आएका तर तालिम नलिएका इन्द्रावती गाउँपालिका-४ का महेश अधिकारीलाई यो तालिम अति आवश्यक थियो। व्यवसाय दर्ताका लागि



जाँदा उनलाई तालिमको प्रमाणपत्र पेश गर्नु भनेर कर्मचारीले फर्काएको तीतो अनुभव छ। व्यवसाय दर्ता गराएर आम्दानीको बाटो बनाउने उनको सोचलाई परियोजनाले सफल तुल्याइदिएको छ।

त्यस्तै अर्को उदाहरण हुन् इन्द्रावती गाउँपालिका-११ का राजेन्द्र माझी। विदेश गएर फर्किएपछि के गर्ने कसो गर्ने भन्ने द्विविधामा परेका थिए। सामान्य सिप भएकाले उनले गाउँमै बिजुलीका सामग्री राखी सानो व्यवसाय सञ्चालन गरे। तर पर्याप्त ज्ञानको अभावका कारण उनले विजुली पसलमा चाउचाउ बिस्कुट पनि थप्नुपर्ने अवस्था आयो। खासै कमाइ नभएपछि पुनः विदेश जाने तयारीमा रहेका बेला प्रयासले उनलाई नयाँ बाटो देखायो र विदेश जानबाट रोक्यो। तालिम लिएर फर्किएपछि उनले आफ्नो व्यवसायलाई दोब्बर बनाएका छन् र विदेश जाने हैन अब आफ्नै ठाउँमा केही गर्नुपर्छ भन्ने चाहले उनले आफ्नो व्यवसाय दर्तासमेत गर्ने प्रक्रिया अगाडि बढाएका छन्।

त्यस्तै इन्द्रावती गाउँपालिका-११ कै बद्री माझीको आम्दानीको बाटो केही पनि थिएन। परिवारको

आर्थिक अवस्था कमजोर। इन्द्रावतीमा बालुवा झिकेर आएको आम्दानीले जीविका चलाउनुपर्ने। वाइरिङको तालिम लिएर आएपछि सोही स्थानमा अस्पताल चलाएर बसेको जय नेपाल संस्थाले उनलाई रोजगारी दिएको छ। जसबाट उनले आम्दानीको बाटो घरआँगनमै भेटेका छन्। सँगै खेती किसानीलाई पनि अगाडि बढाएका छन्।

इन्द्रावती गाउँपालिका-१२ का शङ्कर श्रेष्ठ परिवारका कान्छा छोरा हुन तर परिवारको आर्थिक अवस्थाका कारण उनलाई आफ्नो पढाइ खर्च निकाल्नै समस्या भइरहेको थियो। आफ्नै घरगाउँमा वाइरिङ गर्ने मानिसको पछि लागेर केही काम सिकेका थिए उनले। उनले त्यतिबेला नै सोचेका थिए रे, १२ कक्षाको पढाइलाई राम्रोसँग बिट मारेर वाइरिङलाई नै आफ्नो रोजगारीको पाटो बनाउँछु। तर कसरी सम्भव होला र भनेर उनी आफैँलाई प्रतिप्रश्न गर्थे रे। प्रयासले त्यो अवसर दिँदैछ भन्ने चाल पाएपछि उनलाई लागेछ- 'अजिङ्गरको आहारा दैवले पुऱ्याउँदोरहेछ' भनेर। उनले तालिम लिएर आएपछि समुदायमा नै काम गरेर आफ्नो पढाइ खर्चमात्र हैन, घर खर्चसमेत निकाल्न थालेका छन्। यसरी सामुदायिक आत्मनिर्भर सेवा केन्द्रद्वारा सञ्चालित प्रयास दोस्रो परियोजनाको सहयोगमा ११ जनाले वाइरिङ र २ जनाले प्लम्बिङको तालिम सफलपूर्वक सम्पन्न गरेका छन्। र, कतिपय काममा समेत संलग्न भइसकेका छन्। आजआर्जनको बाटो फेला परेपछि उनीहरू बाँकी जीवन सहज हुने विश्वास व्यक्त गर्छन्।

## सिकाइ

अहिलेका युवालाई छिटै धनी हुने इच्छाका कारणले धैर्य गर्ने बानी हट्दै गएको पाइन्छ। त्यसैले समुदायका युवालाई सबैभन्दा पहिले धैर्य गर्ने बानी विकास गराउनुपर्ने देखिन्छ। वैकल्पिक रोजगारीका बाटो देखाउन सकिएमा उत्पादनमूलक उमेर समूहका युवाहरूको परिश्रम आफ्नै समुदायमा खर्च गर्न लगाउन सकिँदोरहेछ।

त्यस्तैगरी उद्यमी बन्ने चाहना भएका र आफ्नै गाउँठाउँमा केही गर्ने चाहना राखेका युवाहरूको हौसला बढाउन सकिएमा युवा र समुदाय दुवैलाई फाइदा हुने देखिन्छ। समुदाय नै रित्तो बनाइ विदेशिने परिपाटीमा पनि केही न केही कमी अवश्य आउने देखिन्छ। त्यसका लागि परियोजनाको उद्देश्यलाई मात्र हैन, युवाहरूको उद्देश्यलाई पनि आत्मसात गर्नुपर्ने देखिन्छ। अर्थात माथिबाट थोपरिने भन्दा स्थानीय मागमा आधारित सवालमा काम गर्न सकियो भनेमात्र त्यसले लक्षित समुदायको जीवन र जीविकामा परिवर्तन ल्याउन सकिन्छ।

वित्त अधिकृत

# म पनि तरकारी खेतीमा

मैले पनि प्रयास दोस्रोबाट तरकारी खेतीसम्बन्धी तालिम लिएपछि बीउविजन पनि पाएँ। प्याकेजमै सहयोग पाएपछि तरकारी खेतीतर्फ हौसिएकी छु। अहिले करेला बिक्री गर्न थालिसकेँ भने टमाटर, काँक्रो, खुर्सानी लगाएकी छु। ससुरा पनि खेती किसानी गर्छन्। खासगरी तरकारी खेतीमा हामी सासू-बुहारी लागिपरेका छौँ। खान पुग्ने आफ्नै खेतीपाती पनि छ। जे होस्, खान पुग्ने खेती भएकाले तरकारी खेती राम्रोसँग गर्न सक्दा अन्य खर्च जुटाउन सहयोग पुग्ने विश्वास लिएका छौँ। अब प्रयासले देखाएको मार्गमा लागेर आर्थिक अभाव पूर्ति गर्ने प्रयास गर्नुपर्ला भन्ने हाम्रो सिङ्गै परिवारलाई लागेको छ।

**मैया दनुवार**
रातमाटा
इन्द्रावती गाउँपालिका-१२

# काँक्राको घर



इन्द्रावती गाउँपालिका-११ स्थित मजुवाटारमा बस्छिन् कालिका दङ्गाल। थर दङ्गाल भए पनि उनी दङ्ग पर्न भने सकेकी थिइनन्। कारण- पेशाले किसान भए पनि जग्गा भने शून्य। अर्थात घर ठडिएको जग्गामात्र। जग्गा हुँदै नभएकोचाहिँ हैन तर बढी कमाइ हुने आशले श्रीमान् त्यही बेचेर वैदेशिक रोजगारमा गएका थिए। विडम्बना, काम गर्ने क्रममा लडेर घाइते भएछन्। न जग्गा रह्यो न त पैसो नै आयो। उल्टै घाइते श्रीमान्लाई पो कसरी भिकाउने भन्ने समस्या आइलाग्यो।

२ छोरी र १ छोराकी आमा कालिकालाई उनीहरूको लेखाइपढाइ गराउनुपर्ने जिम्मेवारीसमेत थपियो। धेरै विकल्प सोचिन् उनले जीविका सहज तुल्याउने। तर केही सिप लागेन। उनी भन्छिन्- जब प्रयासका सर/मेडमसँग भेट भयो, त्यसपछि बल्ल मेरा आँखा खुले। उहाँहरूले भनेअनुसार गर्न थालेपछि भने जीवन रमाइलो होला होला जस्तो लाग्न थालेको छ।

के गरिन् त कालिकाले प्रयासका सर/मेडमसँग भेट भएपछि ? उत्तर उनकै शब्दमा- 'उहाँले तरकारी, काँक्रो खेती गर्न सुझाउनुभयो। अनि ३ दिनसम्म तालिम पनि दिनुभयो। तालिम सकेर फर्कने बेलामा बीउहरू पनि दिनुभयो।' त्यसपछि के चाहियो र ? के गरौँ भन्ने मेलोमेसो नपाएर अक्क न बक्क परेकी कालिका तालिममा सिकेको र त्यसपछि पाएको बीउको सदुपयोग गर्न थालिहालिन्।

उनी यतिबेला निकै हौसिएकी छिन् । नहौसिउन् पनि किन ? ९१ हजार रुपियाँको त काँक्रो नै बेचिन् । यति धेरै फल्यो कि गाउँ त के, नजिकको सिपाघाट र मेलम्ची बजारबाट समेत सबै उठाउने कोही नभेटिएपछि काठमाडौँको कालीमाटी बजारबाट मान्छे बोलाएर काँक्रो पठाउनुपर्‍यो । काँक्रोबाट एकै सिजनमा यति धेरै आम्दानी भएपछि अहिले उनी निकै हौसिएकी छिन् । र त अर्को आम्दानीका लागि तयारी पनि सुरु गरिसकेकी छिन् ।

अघिल्लो दसैँको कुरा हो । भूकम्पपछि भत्केको घर बनाउन सरकारले दोस्रो किस्ता उपलब्ध गराएको थियो । तर दसैँ मान्ने कुनै उपाय नभएपछि उनले घर बनाउन आएको यही पैसा खर्च गरिन् परिवारको

**यति धेरै आम्दानी गरिन् भन्ने थाहा पाउनेहरू जिब्रो टोक्छन् र सोध्छन्– आम्मै, तिनको जग्गा छ र भन्या यति धेरै खेती गर्न ?**

दसैँ रमाइलो तुल्याउन । त्यसपछि घर अधुरै । धन्न, उनलाई तरकारी खेतीमा सघाएको प्रयास दोस्रो परियोजनाले नै व्यापारीसँग समन्वय गरेर घर बनाउने सामान जुटाइदियो । पछि तेस्रो किस्ता आएपछि तिर्नेगरी । झ्याल, ढोका, बालुवा र गिट्टी भने यही काँक्रो बेचेको पैसाले किनिन् । त्यसैले आफ्नो घरमा प्रयोग भएका सामान देखाउँदै हँसिलो मुद्रामा भन्छिन्- मेरो घर त काँक्रोले बनेको हो ।

उनले काँक्रो खेतीबाट यति धेरै आम्दानी गरिन् भन्ने थाहा पाउनेहरू जिब्रो टोक्छन् र सोध्छन्- आम्मै, तिनको जग्गा छ र भन्या यति धेरै खेती गर्न ? हो, उनको जग्गा छैन तर उनले वर्षको २० हजार रुपियाँ तिर्नेगरी करिब साँढे २ रोपनी जमिन भाडामा लिएकी छिन् । जसमा गरिएको खेतीबाट उनी यतिबेला नामी काँक्रो कृषकमा गनिन सकेकी छिन् । सोधखोज गर्ने जोकोहीलाई सुनाउँछिन्- मेहनत गर्नेलाई आफ्नै जग्गा नभए पनि खेती गर्न छेकिँदो रहेनछ ।

शारदा तिमिल्सिना र नेत्रप्रसाद न्यौपाने गरी २ जनाको जग्गा भाडामा लिएर खेती गरिरहेकी कालिका यसअघि जमिन भाडामा लिएर खेती गर्ने कल्पनासमेत गर्न सक्दिनथिइन् । तर सही सल्लाह र परिस्थिति पनि त्यस्तै आइपरेकाले जग्गा भाडामै लिएर भए पनि खेती गर्दा निकै राम्रो आम्दानी लिन सकिने निष्कर्षमा पुगिन् उनी ।

आफूले यसरी राम्रो नाफा लिन सक्नुको श्रेय अरुलाई पनि बाँडचुँड गर्न चाहन्छिन् कालिका- पहिलो कुरा त मलाई प्रयास दोस्रोका कर्मचारीले आँखा खुलाइदिए । दोस्रो, त्यतिबेलै गाउँमा आएको कुलोले निकै भरथेग भयो । तेस्रो, प्रयासले नै कृषि प्राविधिक उपलब्ध गराइदिएकाले समस्याहरू खासै झेल्नुपरेन । यसरी सबैथोक मिल्नु नै आफू राम्रो आम्दानी लिन सफल हुनुको कारण बताउँछिन् उनी । त्यसैले त थप्छिन्- अब यसैलाई निरन्तरता दिने हो । आफूले जाने/बुझेको काम गर्दा चुनौती कम आउँछन् र फाइदा पनि बढी लिन सकिन्छ भन्ने लाग्छ ।

छोराछोरीको पढाइलेखाइ, बिहे, दैनिक घर खर्च आदि कसरी चलाउने होला भन्ने चिन्तामा रहेकी कालिकामा यतिबेला भने दरिलै आत्मविश्वासले घर गरेको देखिन्छ । श्रीमान्लाई जग्गा बेचेर विदेश पठाउनुभन्दा बरु त्यतिबेलादेखि नै तरकारी, काँक्रो जस्ता खेती गर्न पाएको भए जग्गा पनि बच्ने र श्रीमान् पनि स्वस्थ भइरहने कल्पना उनको मनमा आइरहन्छ रे बेलाबखत । 'तर के गर्नु ? हुनु भइसक्यो अब यसरी नै झन् बढी क्षेत्रफल भाडामा लिएर काँक्रो र तरकारी खेती गरेर समस्याहरू टार्दै जानुपर्ला'- अब प्रयास दोस्रोले देखाइदिएको मार्ग पछ्याउने प्रतिबद्धता यसरी व्यक्त गर्छिन् उनी ।

# मिल्यो आम्दानीको बाटो



भूकम्पले घर र श्रीमान् दुवै लगेपछि निकै चिन्तित भएँ । के गर्ने, के नगर्ने सोच्नै नसक्ने अवस्थामा थिएँ । लामो समय यसरी नै चिन्तामा बित्यो । बिस्तार संस्थाहरूले राहत बाँड्न थाले । तिनै राहतका भरमा बाँचियो धेरै समय । उनीहरूले नै दिएका त्रिपालमा बसियो । ज्याला मजदूरी गर्दै दिन बिताइयो ।

आफ्नै भन्नु १ रोपनी बारीमात्र छ । अरुको खेती अधियामा लिएर काम गरिरहेकी छु । छोरा र बुहारी पनि यही खेतीमा काम गर्छौं । अहिले भर्खर भर्खर आएर सरकारले उपलब्ध गराएको अनुदानले घर बनाएका छौं । त्यतिले नपुगेर १ लाख ऋण लिएका छौं । के गर्ने, जसरी पनि बनाउनै पर्‍यो । गाउँमा प्रयास दोस्रोले गठन गरेको छलफल केन्द्रमा जान थालेपछि धेरै कुरा थाहा पाएँ । आफू जस्तै पीडित धेरै भएका पनि बुझेँ । यसले मेरो पीडा कम गराउन सघायो । त्यहाँ गएपछि मानिससँग बोलचाल गर्न सक्ने, आफ्नो सुविधाका लागि कहाँ गएर के ल्याउन सकिन्छ भन्नेबारे बुझ्ने भएँ । एक प्रकारले आँखा नै खोलिदियो यसले मेरो । त्यतिमात्र हैन, प्रयासले नै त्यहाँ जान थालेपछि मलाई तरकारी खेतीका लागि सघायो । गएको सिजनमा मात्र मैले करिब ४० हजार रुपियाँको गोलभेँडा बेचेँ । यसरी राम्रो आम्दानी भएपछि अर्को ठाउँमा पनि गोलभेँडा रोपेकी छु । अब यसै खेतीलाई निरन्तरता दिएमात्र उभो लागिन्छ भन्ने लागेको छ ।

**चमेली माझी,** ठूलीटार, बोड्गाउँ, इन्द्रावती गापा-११

# मेहनत गरे हुँदोरहेछ

मैले प्रयास दोस्रोले उपलब्ध गराएको ३ दिनको तरकारी खेतीसम्बन्धी तालिम लिएपछि उसैले दिएको करेला, बोडी, गोलभेँडा, सिमी आदि रोपेकी छु । यी तरकारी करिब १ रोपनी जमिनमा रोपेकी छु । म अलि लाटी लाटी खालकी भएकीले पढ्न जान मन लागेन । हुन त भर्खर १८ वर्षकी भएँ तर पनि केही गर्न सकिन्छ जीवनमा भन्ने लागेको छ । त्यसैले मेहनत गर्न तम्सेकी हुँ ।

अहिले टनेल खेती गर्ने भनेर टनेल पनि गाडेकी छु । करेला र फर्सी गरेर करिब ५ हजार रुपियाँ जतिको बिक्री पनि गरेँ । ७ जनाको परिवार छौं । जग्गा भने मात्र २ रोपनी बारी छ । त्यसैले किनेर खानुपर्ने बाध्यता छ । केही जमिन अधिया कमाएका छौं । हामी सबै अर्काको मजदूरी पनि गर्छौं । यस्तो अवस्थामा तरकारी खेतीबाट आउने आम्दानीले थोरै भए पनि जीविकोपार्जनमा सघाएको छ । मैले तालिमबाट रोपरापमात्र हैन, मल, विषादी बनाउने तरिका पनि सिकेँ । अब फेरि पनि तरकारी लगाउने सोच बनाइसकेकी छु । यसका लागि बुबालाई बीउ ल्याइदिन भनेकी छु । बुबाले पनि हुन्छ भन्नुभएको छ ।

**सानुमैया दनुवार**

# फेरिँदै बोड गाउँ



इन्द्रावती गाउँपालिकाको १२ वटा वडामध्ये ११ नं. पृथक छ। पृथक हुनुको कारण यो हो कि यो ठाउँलाई सिन्धुपाल्चोक जिल्लाको तराई भनेर चिनिन्छ। अर्थात तुलनात्मकरूपमा सम्म छ र गर्मी पनि असाध्यै हुन्छ। त्यसैले गर्मी ठाउँमा हुने उत्पादनदेखि विशेषतासम्म सबै देख्न पाइन्छ यहाँ। बोड गाउँ भनिने यो ठाउँमा पूरैजसो माझी जातिको बसोबास छ।

सम्म परेका फराकिला फाँटमा फराकिला मन भएका मानिसको बसोबास देखिन्छ। तर पनि जनचेतना र शिक्षाको कमीले गर्दा यो बस्तीभित्रको जीवनचर्या र दैनिकी भने कष्टकर देखिन्छ। यहाँका माझी समुदायको मुख्य पेशा भनेको नजिकै बग्ने इन्द्रावती नदीमा बालुवा चाल्नु हो। यसरी बालुवा चाल्ने काम हिउँदमा मात्र हुन्छ। बर्साद्का बेला नदी ठूलो आउने भएकाले काम हुँदैन। त्यसैले हिउँदभर बालुवा चालेर कमाएको आम्दानीले वर्षभरि घरायसी खर्च धान्नुपर्ने अवस्थामा छन् माझी समुदाय। जुन निकै गाह्रो काम हो।

बस्तीमा भूकम्पपछि नयाँ घर त निर्माण भएका छन् तर ती व्यवस्थित छैनन्। त्यसैले पुनर्निर्माण कार्यपछि पनि यो बस्ती जति सुन्दर देखिनुपर्ने हो

देखिन सकेको छैन । शिक्षा र जनचेतनाको कमीकै कारण हो कि समुदायका मानिस अत्यधिकरूपमा मादक पदार्थ सेवन गर्छन् ।

घरबाट निस्किएको फोहोर र पानीलाई अव्यवस्थित तरिकाले सडकमै असरल्ल छाडेको देखिन्छ। बालुवा चालेर कमाएको आम्दानीको सही सदुपयोग गर्ने प्रवृत्ति नहुँदा समुदायमा दिनहुँ कलह र झगडा गरिनु परम्परा जस्तै बनेको छ। यसबाहेक कम उमेरमा विवाह गर्ने, बहुविवाह गर्ने, आत्महत्या गर्ने जस्ता प्रवृत्ति पनि चढ्दो अवस्थामा छ ।

जब बोड गाउँमा भूकम्प प्रभावितलाई सघाउनका लागि प्रयास दोस्रो नामक परियोजना सुरु भयो, त्यसपछि भने यी प्रवृत्तिमा केही सुधारका सङ्केत देखिन थालेका छन् । प्रयास दोस्रोकै सहजीकरणमा गाउँमै गठित छलफल केन्द्रमा यी समस्याबारे नियमित छलफल हुन थालेका छन् । यो त्यस्तो केन्द्र हो जहाँ माझी समुदायका एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलगायत २५ जना आबद्ध छन् । उनीहरू साताको एकपटक जम्मा हुन्छन् । समुदायका समस्या पहिचान गर्छन् र समाधानका उपाय पनि औंल्याउँछन् ।

छलफलका क्रममा बस्तीमा विद्यमान विकृति त उठ्ने नै भइहाले। साथै समुदायका अन्य मुख्य सवालमा पुनर्निर्माण, पिउने पानीको समस्या, फजुल खर्च, बाल विवाह, बचत गर्ने बानीको कमी र सरसफाइ जस्ता विषय पनि उठ्ने गरेका छन् । यही छलफल केन्द्रको छलफलको परिणाम हो- अहिले बोड गाउँमा पिउने पानीको समस्या समाधानका लागि वडा कार्यालयले आवश्यक प्रक्रिया अगाडि बढाइसकेको छ ।

छलफल कक्षाको प्रभाव स्थानीय समुदायमा बिस्तार देखिन थालेका छन् । सरसफाइलाई अभियानकै रूपमा सञ्चालन गर्ने निर्णय भएको छ । जसअन्तर्गत करेसाबारी सुधार गर्ने काम भइरहेको छ। भाँडा सुकाउने चाङ यत्रतत्र देखिन थालेका छन् । विपद्

> **अहिले बोड गाउँमा पिउने पानीको समस्या समाधानका लागि वडा कार्यालयले आवश्यक प्रक्रिया अगाडि बढाइसकेको छ।**

पूर्वतयारीका लागि झटपट झोला र आपत्कालीन कोष खडा गर्ने कामको सुरुवात भएको छ ।

त्यतिमात्र हैन, घरभित्रबाट निस्किएको फोहोर छुट्याइ कुहिने फोहोर जुठेल्नुमा र नकुहिने फोहोर जम्मा गरी जलाउने चलन सुरु भएको छ । घरबाट निस्किएको फोहोर पानीलाई त्यत्तिकै बाटोमा छाडिदिने गरिएकामा अहिले करेसाबारीमा प्रयोग गरी तरकारी उत्पादनमा लगाउने गरिएको छ ।

करेसाबारी नभएका परिवारले भने बाटा र बाल्टिन खरिद गरी त्यस्तो पानी व्यवस्थित गर्न थालेका छन् । विशेषगरी छलफल केन्द्रका सहभागीको अगुवाइमा सरसफाइलाई अभियानकै रूपमा अगाडि बढाउन थालिएपछि वडा कार्यालय पनि बस्तीको विभिन्न ठाउँमा फोहोर सङ्कलनका लागि रिङ/डस्टबिनको व्यवस्था गर्न अग्रसर भएको छ ।

छलफल केन्द्रका सहभागीले विपद् पूर्वतयारीका लागि आ-आफ्नो घरमा झटपट झोला निर्माण गरेका छन् । साथै प्रतिमहिना १०० रुपियाँका दरले आकस्मिक कोषमा जम्मा गर्छन् । जुन पैसा बैङ्कमा जम्मा गर्ने गरेका छन् । सबैभन्दा राम्रो पक्ष यो कक्षाका सहभागी र वडा कार्यालयबीच राम्रो सम्बन्ध स्थापना भएको छ ।

# अब म पनि नागरिक

मेरो नाम अनिता श्रेष्ठ । २५ वर्षकी भएँ । सानैमा आमा गुमाएकी म दाजु भाउजूसँगै काभ्रेमा बस्दै आएकी थिएँ । सोही समयमा इन्द्रावती गाउँपालिका वडा नं.-४ डाँडागाउँ निवासी सन्दीप श्रेष्ठसँग भेट भयो । सन्दीप पनि म जस्तै रहेछन् अर्थात सानैमा आमा बुबा गुमाएका । अनि दाजु भाउजूसँग बस्दै आएका ।

दुवैको पीडा मिलेकाले होला, कुराकानी पनि मिल्यो । त्यसपछि लाग्यो- यत्तिको मानिससँग बिहे गरियो भने जीवन निर्वाह सहज होला । नभन्दै २१ वर्षकै उमेरमा सन्दीपसँग भागी विवाह गरेँ । विवाह गरेको ४ महिनासम्म जीविका सहजतवरले नै चलेको थियो । तर दाजु भाउजूले भिन्नै राखिदिएपछि जीविका चलाउनै कठिन भयो । साथमा ३ वर्षकी १ छोरी छिन् ।

श्रीमान् निरक्षर भएकाले खासै कुरा बुझ्नुहुन्न । जीविका ज्याला मजदूरी गर्दै चलिरहेको छ । विवाहअगाडि नागरिकता बनाएको थिइन । विवाहपछि विवाह दर्ता गरौँ, अनि नागरिकता बनाउँ भनेँ । तर श्रीमान्ले मानेनन् । उल्टै मलाई कुटपिट गर्न थाल्नुभयो । त्यसपछि नागरिकता नबन्ने भयो भनेर निराश भएर बसेँ ।

एकदिनको कुरा हो- पाडामरुवा समुदायका विपन्न वर्गलाई समेटेर बनाइएको छलफल केन्द्रमा मलाई पनि सहभागी हुने इच्छा लाग्यो । र, जान थालेँ । जुन केन्द्र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले प्रयास दोस्रो परियोजनाअन्तर्गत सञ्चालन गरेको थियो । छलफलको सुरुवातमै आफूले भोगेका समस्या उठान गर्ने र समाधान पनि खोज्नेबारे कुरा भयो । मेरो मनमा धेरै कुरा गाँठो परेर बसेको थियो । कसैलाई भनौँ भने श्रीमान्ले कुट्लान् भन्ने डरले भन्न सकेकी



थिइन् । तर छलफल केन्द्रमा जान थालेपछि ममा आँट आयो । अरुले नागरिकता, विवाह दर्ता र जन्म दर्ताको आवश्यकता र महत्वका विषयमा बोल्न थालेपछि ममा पनि स्वतःस्फूर्त हौसला बढ्यो । त्यस क्रममा मैले पनि विवाह दर्ता नगरेको र नागरिकता पनि नबनाएको विषय उठाउन के लागेकी थिएँ, फेरि पनि श्रीमान्को डरले चूप लागेँ ।

जिन्दगी दुःखको अर्को रूप रहेछ । विवाह दर्ता नगर्ने र नागरिकता पनि बनाउन इन्कार गर्ने श्रीमान्को नियतमा नै खोट छ र यो सब आफ्नै भाग्यका कारणले रहेछ भनेर बसेकी थिएँ । यत्तिकैमा छलफल केन्द्रमा सङ्कलन भएको आपत्कालीन कोषको रकम संयोजक र कोषाध्यक्षको नाममा जम्मा गर्ने निर्णय भयो ।

म व्यवस्थापन समितिमा कोषाध्यक्ष थिएँ । त्यसैले यो विषय मसँग सोझै जोडिन आइपुग्यो । यो निर्णय भएलगत्तै मेरो आँखाबाट अनायासै आँसु झऱ्यो । त्यसपछि रुन थालेछु । पैसा राख्न खाता खोल्नुपर्ने र त्यसका लागि नागरिकता चाहिने, जुन आफूसँग नभएको बल्ल छलफल कक्षाका सबैले थाहा पाए । अनि म रोएको कारण पनि थाहा पाए । त्यसपछि छलफल केन्द्र सञ्चालन गर्ने परियोजनाका सर/मिसहरूले मेरो श्रीमान् लाई सम्झाए । विवाह दर्ता गर्दा र नागरिकता बनाउँदा हुने फाइदा पनि बताइदिए । त्यसपछि बल्ल उहाँ सकारात्मक हुनुभयो । अहिले मैले आफ्नो विवाह दर्ता गरेर नागरिकता बनाएकी मात्र हैन, छोरीको समेत जन्म दर्ता गराएकी छु ।

नागरिकता बने पनि श्रीमान्ले मप्रति गर्ने व्यवहार भने राम्रो छैन । अरुको अगाडि राम्रो व्यवहार गर्ने तर भित्रभित्र भने दुर्व्यवहार गर्नुहुन्छ । आम्दानीको बाटो नभएर पनि समस्या भएको हुन सक्छ । केही काम गर्ने भए परियोजनाबाट सहयोग गर्ने जानकारी त पाएकी छु तर के गर्ने भन्ने आँटचाहिँ आएको थिएन । तर अब भने नागरिकता बनेकाले भोलिका दिनमा आफ्नै नाममा कुनै व्यवसाय गरेर खान सक्ने आँट पलाएको छ ।

मलाई सहयोग गरी यो देशको नागरिक हो भन्ने प्रमाण (नागरिकताको प्रमाणपत्र) उपलब्ध गराउन सहयोग गर्नुहुने प्रयास परियोजनाका सबैप्रति आभार व्यक्त गर्न चाहन्छु ।



**लाभग्राहीसँग अन्तरक्रिया गर्दै सीएसआरसीका** ARPA



**सरस्वती खोला सिंचाइ योजनाको कुलो सफा गर्दै**



विपद्सम्बन्धी नमूना घटना अभ्यासको एक झलक



रिफ्लेक्ट समूह



इन्द्रावती–४ मा स्रोत नक्साङ्कन गरिँदै



सोममाया तामाङको निर्माणसम्पन्न घर



तरकारी खेतीसम्बन्धी प्रयोगात्मक अभ्यास गरिँदै

Funded by
European Union
Civil Protection
and Humanitarian Aid

WITH FUNDING FROM
AUSTRIAN
DEVELOPMENT
COOPERATION

care

COOPERATION